# अध्याय एक

# शोध परिचय

## १.१. शोध शीर्षक

यस शोधपत्रको शीर्षक **नेपाली नियात्रा परम्परामा नियात्राकार मोहन दुवाल** रहेको छ ।

## १.२. शोधपत्रको प्रयोजन

यस शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्ष, दसौँ पत्रका लागि निर्धारित पाठ्यक्रम अनुसार प्रायोगिक कार्योन्मुख ऐच्छिक पत्रको आवश्यकता परिपूर्तिको प्रयोजनार्थ तयार गरिएको छ ।

## १.३. विषय परिचय

यस शोधकार्यको अध्ययन क्षेत्र **कवि एवम् नियात्राकार मोहन दुवालको नियात्राकारिताको अध्ययन** रहेको छ । कवि मोहन दुवाललाई नेपाली साहित्यमा गद्य कवि, निबन्धकार, मुक्तककार, समालोचक, सम्पादक तथा नियात्राकारका रूपमा चिन्ने गरिन्छ । मोहन दुवालको जन्म वि. सं. २००६ साल ज्येष्ठ २१ गतेका दिन बागमती अञ्चल, काभ्रेपलाञ्चोक जिल्लाको ऐतिहासिक एवम् रमणीय सहर बनेपा नगरपालिका वडा नं. ७ स्थित भोलाखाटोलमा भएको हो । व्यापारी पिता गणेशबहादुर दुवाल तथा माता खिलकुमारी दुवालका सात छोरा र चार छोरी गरी एघार सन्तानमध्ये दसौँ सन्तानका रूपमा यी पुत्ररत्नको जन्म सात भाइमध्ये कान्छा छोराको रूपमा भएको हो । आफ्नो साहित्यिक प्रतिभालाई १५/१६ वर्षकै उमेरमा नेवारी भाषाको कविताबाट प्रस्फुटन गरे पनि २०२१ सालमा **नयाँ संसार** पत्रिकामा **मेरो सपना** नामक कविता छपाएर औपचारिक साहित्ययात्रारम्भ गरेका दुवाल वर्तमान नेपाली साहित्यको समसामयिक युगका एक सशक्त प्रतिभाका रूपमा प्रसिद्ध छन् ।

साहित्यकार दुवाल निरन्तर साहित्य सृजनामा रमाउने कारणले नै नेपाली साहित्यका विभिन्न विधामा आफ्नो परिचय दिन सफल भएका छन् । यस क्रममा खास गरी कविता, निबन्ध, समालोचना तथा सम्पादनका क्षेत्रमा महaवपूर्ण योगदान दिदै नियात्राका क्षेत्रमा पनि विशेष योगदान पुर्‍याएका छन् । वि. सं. २०२० को दशकबाट काव्ययात्रा आरम्भ गरेका

दुवालका विभिन्न कविता, निबन्ध, समालोचनाका साथै दुईवटा यात्रा संस्मरणात्मक कृतिहरू प्रकाशित भइसकेका छन् । २०६५ वैशाखमा प्रकाशित पहिलो यात्रा संस्मरण **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** लिएर नियात्राकारको रूपमा दरो पाइला टेकेका छन् । यसपछि २०६६ चैत्रमा **सिक्किम पुग्दाका कुराहरू** पाठकमाझ पस्केर अर्को खुड्किलो सफलताकासाथ चढ्न सफल भएका छन् । उनका नियात्रामा विभिन्न साहित्यिक कार्यक्रमका सिलसिलामा गरेका विभिन्न ठाउँका रमाइला यात्राहरूको वर्णन, त्यहाँको प्राकृतिक, सांस्कृतिक सुन्दरता, रहनसहन, भेषभूषा आदिका बारेमा सुन्दर अभिव्यक्ति रहेको पाइन्छ ।

## १.४. समस्याकथन

प्रस्तुत शोधकार्य नियात्राकार मोहन दुवालको नियात्राकार प्रतिभा र यस विधामा उनको कृतिTवको निरूपण गर्ने लक्ष्य अनुरूप तयार पारिएको छ । यस शोधपत्रका सन्दर्भमा मोहन दुवालका नियात्राहरू के कस्ता छन् भन्ने मुख्य शोध समस्या रहेको छ । यस मुख्य शोध समस्यालाई निम्न लिखित शोधप्रश्नबाट थप प्रस्ट पारिएको छ :

(क) कवि मोहन दुवालको जीवनी, व्यक्तित्व के कस्तो रहेको छ ?

(ख) नियात्रा सिद्धान्त र नेपाली नियात्रा परम्परा के कस्तो रहेको छ ?

(ग) **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू** के कस्ता नियात्रात्मक कृतिहरू हुन् ?

(घ) नियात्राकार मोहन दुवालका नियात्रात्मक प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

## १.५. शोधकार्यको उद्देश्य

यस शोधकार्यको मूल उद्देश्य शोधनायक मोहन दुवालका नियात्राकृतिहरू **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू** को विवेचना गर्नु हो । शोधकार्यलाई सामान्यीकरण गरी निष्कर्षमा पुऱ्याउन निम्नलिखित उद्देश्यहरू रहेका छन्:

(क) नियात्राकार मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु,

(ख) नियात्रा सिद्धान्त र नेपाली नियात्रा परम्पराको कालक्रमिक अध्ययन गर्नु,

(ग) **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू** नियात्राकृतिहरूको अध्ययन गर्नु,

(घ) नियात्राकार मोहन दुवालका नियात्रात्मक प्रवृत्तिहरूको निर्क्यौल गर्नु,

## १.६. पूर्वकार्यको समीक्षा

नियात्राकार मोहन दुवाल समकालीन नेपाली साहित्यमा स्थापित नाम हो । नेपाली भाषा र नेपाल भाषा साहित्यमा विभिन्न विधामा उनको सशक्त उपस्थिति रहेको पाइन्छ । दुवालका अन्य विधामा पनि शोध कार्यहरू गरिएको पाइन्छ तर नियात्रा क्षेत्रको अनुसन्धानात्मक कोणबाट मूल्याङ्कन भएको पाइएको छैन । केही पत्रिकाहरूमा उनका नियात्रा कृतिहरू **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू**को बारेमा सामान्य टिप्पणी र चर्चा मात्र भएको पाइन्छ । त्यसलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

सुविसुधा आचार्यले **राजधानी** दैनिक पत्रिका(२०६५ साउन २१)मा **किताब कुनो** स्तम्भ अन्तर्गत नियात्राकार मोहन दुवालको **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** शीर्षकमा विदेशी भूमिका रहनसहन, जीवनशैली, रेलयात्रा, हवाई यात्रा, पर्यटकीय स्थानहरूको सुन्दरता, स्वच्छता, देदोङ नदीको किनारमा रचिएका मनका भावनाहरू, पश्चिमी समुद्री बाँध हेरेपछिका प्रसङ्गहरू, विदेशी भूमिमा प्राप्त देश विकासमा लाग्न प्राप्त सन्देशहरू आदिलाई सहज, सरल र सम्प्रेष्य भाषाको प्रयोग गरेर पाठकमाझ प्रस्तुत गर्दा पुस्तक अध्ययन गर्दा सोही स्थानमा लेखकसँगै गएको आभास हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

अन्नपूर्ण समाचारदाताले २०६५ कात्तिक ३० मा दुवालको नवीन कृति **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** आकारमा सानो भए पनि सूचनामूलक छ । चीनको बाटो भएर उत्तर कोरिया जाने तयारी, सहयात्री मित्रका बारेमा जानकारी, आफूले सुनेको र देखेको कोरियाको बारेमा सरस शब्दमार्फत दुवालले कृतिलाई पठनीय बनाएका छन् । जनमत प्रकाशनले बजारमा ल्याएको सो कृति उत्तर कोरियाको बारेमा जान्न चाहने जो कोहीका लागि पनि उपयोगी हुने देखिन्छ भनी लेखेका छन् ।

रामसुन्दर देउजाले **सु-सन्देश**(२०६५ मंसिर १९)मा **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** नियात्रामा दुवालले चीन र उत्तर कोरियाका बारेमा विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश चीन र साङघाइ सहरमा हाम्रो देशमा जस्तो ट्राफिक जाम, ठेलमेल, अस्तव्यस्त, धुलोमैलो केही नभई चुस्त रहेको तथा राष्ट्रलाई गति दिन देश र जनतालाई मुक्ति दिन, सुख दिन असल नेताको कदर गरिएको उदाहरण उत्तर कोरियाका किम इल सुङको शवलाई सजाएर राखेको कुराबाट प्रस्ट पारेका छन् । अमेरिकी साम्राज्यवादले उत्तर कोरियालाई दुःख दिइरहेको

छ । उत्तर र दक्षिण कोरिया एउटै हुने मनलाई विभाजित तुल्याइदिएको छ । यस लेखले उक्त साम्राज्यवादलाई झापड हानेको छ भनेका छन् ।

मोदनाथ अधिकारीले २०६५ चैत्र १० गते **दुवाल सबल नियात्राकार पो रहेछन्** शीर्षकमा **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण**मा नियात्राकार दुवाल र कवि दुवाल समानान्तर रूपमा अघि बढी यो नियात्रालाई पृथक् र सशक्त बनाउन सफल भएका छन् । पठनीय यस नियात्रासङ्ग्रहभित्र दुवालको लेखनीले पाठकलाई दुवालसँगै यात्रा गरेको आभास गराउँछ । यो उनको चित्रात्मक वर्णन शैलीको वैशिष्ट्य उपज हो । आनन्दानुभूति दिन सक्ने नियात्रासङ्ग्रहको रचनाधर्मिता देखाउनु उनको सबल नियात्राकारिता पनि हो । फोहर नै सभ्यता बनेको हाम्रो पर्यावरणलाई फोहर बनाउने हाम्रो मन नै हो भन्ने ठम्याइ छ । अझ देशको प्रगति र उन्नति देखेर आफ्नो देशप्रति उनी चिन्तित भएका छन् । साम्राज्यवादीहरूको हस्तक्षेपमा परेर पनि स्वाभिमानी बनेका कोरियाली जनताको देशप्रेम, धैर्यता, साहस देखेर गौरवान्वित भएका छन् ।

आर. एम. डङ्गोलले २०६६ जेठमा **यात्रा अनुभूतिको इमान्दार प्रस्तुति** शीर्षकमा **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** एउटै कृतिभित्र समाजवादी राष्ट्र चीन र कोरियाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक पक्षहरूको एकसरो चित्र उतारिएको र दुई देशको प्राकृतिक मनोरम वातावरणको पनि मुक्तकण्ठले वर्णन गर्न भ्याएको कुरा बताएका छन् । चीनको उदार अर्थनीति र कोरियाको केन्द्रीकृत समाजवादी अर्थनीतिबीचको केही सकारात्मक र नकारात्मक पक्षलाई पनि लेखकले कोट्याएका छन् भन्ने कुरा प्रस्ट हुन्छ ।

प्रधानले **श्रमिक** पत्रिका(२०६७ जेठ ४)मा **पुस्तक परिचय** शीर्षकमा **सिक्किम पुग्दाका कुराहरू** हेर्दा **यसरी पुगें दार्जिलिङ, यसरी भोगें दार्जिलिङ**मा यात्राको क्रममा टुङ्गबस्तीका युवा मोर्चाको संघर्ष, बाटोमा देखेका प्राकृतिक सौन्दर्य, सेताम्य झरनाहरू, शीतल मौसम, त्यहाँका महिला पुरुषले लगाउने चौबन्दी चोली, पटुका, चुरा, दौरासुरूवाल र भादगाउँले टोपीले नेपालीपन झल्काएकोमा लेखक दङ्ग छन् । **दार्जिलिङ घुम्दै दार्जिलिङ बुझ्दाका कुराहरू** शीर्षकलाई क र ख मा विभाजन गरेर लेखकले घुमेका विभिन्न ठाउँहरू, व्यापार, व्यवसाय, स्मारक, पुल, दार्जिलिङमा गरिएको अभिनन्दन, दार्जिलिङका भारतीय नेपालीको माया, नेपाल र नेपालीप्रति गाढा र मैत्रीपूर्ण भएको अनुभव तथा **कालिङपोङसँग माया साट्न पाउँदा** शीर्षकमा प्राकृतिक सौन्दर्यको वर्णन गर्दै, बाटो छेउछाउमा गिट्टी कुटिरहेका युवती र डोको बोकेका

महिलाहरू आफ्नै दिदीबहिनी जस्तै लागेको अनुभव लेखकले पाठकलाई गराएका छन् भन्ने टिप्पणी गरेका छन् ।

सृजना सैंजू **मजदुर**(२०६७ जेठ ८ गते)मा प्रकाशित **सिक्किम पुग्दाका कुराहरू पढ्दा** शीर्षकमा पारिवारिक झमेलालाई वेवास्ता गर्दै वसुधा भारतीय नेपाली साहित्य नारी मञ्चको विशेष आमन्त्रणमा लेखक दुवाल सहित नेपालका अन्य ८ जना साहित्यिक स्रष्टाहरू पनि दार्जिलिङ पुग्नु भएको थियो । उहाँहरू विराटनगरबाट यात्रा शुरू गरेर दार्जिलिङ, सिक्किम, कालिम्पोङ जस्ता ठाउँहरूका प्राकृतिक दृश्यहरू, त्यहाँको रहनसहन, भेषभूषा, पाहुनालाई स्वागत गर्ने तरिका, चौरास्ताको भानुभक्तको ठूलो पूर्ण कदको सालिक, गोर्खालीहरूको कार्यक्रम, त्यहाँका मानिसहरूको सौम्य, शिष्ट, नम्र, सभ्य व्यवहार, गान्तोकको साहित्यिक कार्यक्रममा नेपालप्रतिको माया र मोहको अभिव्यक्ति, नेपाल भारतबीच भएका विभिन्न प्रश्नहरू हुँदा साहित्यबिनाको जीवन रसहीन हुन्छ भन्ने सार निस्किएको कुरालाई पुस्तक सानो भए पनि सिक्किम, दार्जिलिङ, कालिम्पोङमा रहेका प्राकृतिक परिदृश्यहरूको वर्णन, त्यहाँका मानिसहरूको साहित्यप्रेम, सौहार्द, आशा र शिष्टता, भद्रता, विनम्रता सबै समेटिएको यस पुस्तक दुवालका कविताहरू र फोटोहरूले विशेष पठनीय बनेको कुरा प्रस्ट देखिएको छ ।

सूर्यप्रसाद लाकोजूले **खबर चौतारी**(२०६७ जेठ ९)मा **सिक्किम पुग्दाका कुराहरू छोटो दृष्टि** शीर्षकमा नेपालको प्रसिद्ध व्यापारिक थलो विराटनगरमा रात बिताएको अविस्मरणीय क्षणबाट प्रारम्भ भएको यो यात्रा संस्मरण विराटनगरबाट फर्कदै गर्दाबाट टुङ्गिएको छ । प्रस्तुत यात्रा संस्मरणमा दार्जिलिङ, सिक्किम, कालिम्पोङका, भौगोलिक सुन्दरताको बयान र साहित्यिक माहोलले सिर्जित भावहरू पोखिएका छन् । सुन्दर चिया बगान, टाइगर हिल, सहिद स्मारक, धुम मोनास्टरी, पिस पागोडा, रेसकोट आदि पुस्तकमा अक्षर भएर उभिएका छन् । कालिम्पोङको यात्रा गर्दा नेपालकै इलाम र भोजपुर जस्तै देखिने विचार व्यक्त छन् । एक बसाइमा पढ्न सकिने पुस्तकको भाषा सरल भएर पनि सरस हुनु पुस्तकको विशेषता मान्न सकिन्छ । दार्जिलिङ नघुमेकालाई पनि घुम्न प्रेरणा दिन यो यात्रा संस्मरण सफल भएको देखिन्छ ।

रामसुन्दर देउजाले **सु-सन्देश** (२०६७ जेठ १३)मा **सिक्किम पुग्दाका कुराहरू**सँगै डुल्दा शीर्षकमा साहित्यिक सम्मेलनमा भाग लिन जाने सन्दर्भमा लेखेका कुराहरू यस पुस्तकमा समेटिएका छन् । दार्जिलिङ सिक्किमसँग नेपालीहरूको भावनात्मक सम्बन्ध गाँसिएको छ । उनीहरू भूगोलले भारतीय भए पनि भाषा, भेषभूषा, धर्म, संस्कृति र मानवीय सम्बन्धले

नेपालीहरूसँग एकदमै नजिक छन् । उनी नेपालको र दार्जिलिङको परिवेश तुलना गर्छन् र नेपाली परिवेश अव्यवस्थित भएकोमा दुःखी हुन्छन् । गान्तोकलाई डाँडामाथिको नगर नामकरण गरिएको छ । आवरण पनि आकर्षक छ र पछाडिको भागमा सिक्किम सहरको फोटो राखिएको छ । पुस्तक सङ्ग्रहणीय रहेको जानकारी गराएका छन् ।

रमण घिमिरेले **नेपाल**(२०६७ भदौ १३)मा उनी व्यस्त जीवनचर्याको पिंजडाबाट उम्केर जब चार भञ्ज्याङ नाघ्छन्, उनीभित्रको सिर्जनशील उर्जा जुर्मुराएर उठ्छ । उनी विराटनगरबाट काँकडभिट्टा काटेर नक्सलवादीहरू जन्माउने नक्सलवादी नाघ्दै दार्जिलिङको एउटा बस्ती जहाँ देवकुमारी थापाको जन्मथलो टुङ्गबस्ती पुग्छन् । कुनै वाधा व्यवधान नपरी उनी दार्जिलिङमा आयोजित भव्य समारोहमा सहभागी भई दार्जिलिङका बारेमा लेखेका दुईवटा कविता सुनाउँछन् । कालेबुङका शुभचिन्तकहरूको आत्मीयताका माझमा रमाएर पुलकित हुँदै आत्मविभोर हुन्छन् । घिमिरेले दुवाललाई आधुनिक कालका मोतीराम भन्दा अतिशयोक्ति नहुने बताएका छन् ।

भारद्वाज मित्रले **अविरल**(15th Dec 2008)मा **मोहन दुवालसँगै म पनि चीन, कोरिया गएँ** शीर्षक लेखको गातामै धेरै थान मोहन दुवाल भेटेको, उनको सरलता पाएको, सापट शीर्षक पाएको, उनले जनमुक्तिको अभियानलाई सार्थक सम्मान दिने आफ्नो अन्तर्मनलाई पोखेको कुरा लेखेका छन् । काभ्रे र काठमाडौँका २४ जनाको यात्रामा आफू थपिएर २५ जना भएको अनुभूति लेखकले गरेका छन् । यो पुस्तक यात्रा संस्मरणमा मात्र नरही नियात्राको तहमा पुगेको तथ्य प्रकट भएको छ । त्रिभुवन विमानस्थलबाट शुरू भएको यात्रा दुई दिनको साङघाइ बसाइमा टोलीले त्यो सहरको फेरो लगाई महàवपूर्ण व्यापारिक, औद्योगिक र पर्यटकीय महàवका स्थानहरूको भ्रमण गर्दा श्रम र सीपका अनुपम संयोजनको प्रभावबाट सिर्जित लोभलाग्दो आधुनिक चीन फेला पारे । व्यापारिक तथा औद्योगिक सहरका रूपमा विश्वविख्यात तथा एक करोड पचास लाख मान्छे बसोबास गर्ने अति व्यस्त साङ्घाई सहरमा एउटा चुरोटको ठुटोसम्म नदेखिनु, भिडभाड र अव्यवस्था कहीँ पनि नभेटिनुले उनका मनमा काठमाडौँ बिझाएको छ । त्यत्रो समृद्धिमा पनि कुनै मगन्ते नभेटिनु, लफङ्गा, गुण्डा पङ्सहरू नदेखिदा त्यस समाजमा अनुशासन र कुशल व्यवस्थापन रहेको यथार्थले दुवाललाई निक्कै प्रभावित पारेको छ । मान्छेहरू परल, फरासिला र सहयोगी पाइए पनि बजारमा मोलमोलाइको व्यवस्था भने अव्यवस्थित रहेकोमा दुवालले गुनासो पनि गरेका छन् । चीनमा सवारीचालक, कुल्ली, गाइड, पसले, दलाली लगायत यावत्क्षेत्रमा महिलाको सक्रियतालाई प्रसंशा गरेका छन्।

चीनबाट उत्तर कोरियाका लागि उडेको हवाइजहाजमा एकजना दक्षिण कोरियाली वरिष्ठ पत्रकारसँग दुवालको भेट हुन्छ । ती पत्रकारले दक्षिण कोरियामा सबै भौतिक विकास भए पनि मान्छेको आचरण बिग्रेको र हत्या, हिंसा, बलात्कार जस्ता विभत्स र डरलाग्दा पूँजीवादी कुरूपताहरू बढेको चर्चा गरे । दुवालले पनि ती व्यक्तित्वको भनाइमा सहमति जनाउँदै भौतिक सुख नै सबथोक होइन, आत्मीय शान्ति भएन भने मान्छेका स्वरूपभित्र दैत्यले बास लिन्छ भन्ने कुरामा ती पत्रकार पनि सहमत भए । नेपाललाई राम्ररी चिनेका, नेपाल बसेका र नेपाली भाषाका ज्ञाता मिस्टर किमसँगको भेटघाट यात्रा अत्यन्त सहज र सुगम बनेको अवस्थाले दुवाललाई हर्षित बनाएको छ । मिस्टर किमको ठूलाठूला राष्ट्रहरूको विरूद्ध सानो राष्ट्र भएर बाँच्न कति कठिन हुन्छ, भन्ने प्रसङ्गलाई पनि प्रस्तुत गरेका छन् । देदोङ नदी र जुच्छे स्तम्भ हेर्दै दुवालले कविता रचना गरेका छन् । उत्तर कोरियामा महँगी निकै अकासिएको, पत्रपत्रिकामा श्रमिक, प्योङयाङ टाइम्सहरू जस्ता केही सरकारी साप्ताहिकहरू मात्र पाइने र अन्तर्राष्ट्रिय फोन कल पनि साहै महँगो रहेकोमा दुवालले चिन्ता व्यक्त गरेका छन् । बजारमा डलर पाए खुसी हुने तर कोरियन रूपैयाँ लिन नमान्ने अवस्थाले दुवाललाई अझ दुःखित बनाएको र मनलाई बिथोलेको छ । बालबालिकाहरूलाई बहुमूल्य सम्पत्तिका रूपमा लिएर उनीहरूका समुन्नतिका लागि निकै प्रयत्न भएका यथार्थ पाइयो । भौतिक रूपले अझ विकसित पूँजीवादी देशहरूजस्तो सम्पन्न नदेखिए तापनि कोरियालाई देशप्रतिको सद्भाव, ऐक्यबद्धता, शान्ति, अनुशासन, प्रतिबद्धता र मैत्रीपूर्ण सुन्दर वातावरणले बचाइराखेकोमा दुवाल प्रसन्न देखिए । कवि मन हवाइजहाजमा पोख्दै नेपाल फर्किएको प्रसङ्ग प्रस्तुत लेखमा रहेको कुरा उल्लेख गरेका छन् ।

विजय सागरले **शब्दसिन्धु**(२०६७ वैशाख जेठ असार)मा मोहन दुवालको **चीनको बाटो हुँदै उत्तर कोरिया भ्रमण** सरसरती हेर्दा शीर्षकमा चीनको साङघाङ र बेइजिङमा करिब ५ दिन र उत्तर कोरियामा १० दिन गरेर जम्मा १५ दिनको यात्रा विवरण हो यो । नेपाल र चीनको समय २ घण्टा १५ मिनेटको फरक भएको कुरा, भाषाको समस्या, चीनको तीव्र विकास भएको विवरण, हाम्रै काठमाडौंमा झैं चीनमा पनि दलालहरू, ट्याक्सी ड्राइभरको बल प्रयोग, बजारमा निश्चित मूल्य नभएको तर आवारा केटाहरू नभेटिएको प्रसङ्ग प्रस्तुत छ । ४६५ मिटर अग्लो Forte Tower, ४२५ मिटर अग्लो साङघाइको सबभन्दा अग्लो घर र ८,४३० मिटरको विश्वको तेस्रो लामो नान्पु पुलको आसपास जहाजमा तैरेर गरिएको दृश्यावलोकनको वर्णन गरेका छन् । बेइजिङ र भोक, अप्ठ्यारी आइमाई व्यापारीसँग केराको मोलतोल र खरिद गरेको कुरा लेख्छन्

दुवाल । साम्राज्यवादी अतिक्रमणका विरूद्ध जुझारू शक्ति प्रदर्शन गरेका स्वाभिमानी योद्धा कमरेड किम इल सुङको समाधिनेर सबैले झुकेर, मुठ्ठी उठाएर शान्त ढंगले मनमा श्रद्धा फुलाएर अभिवादन गरे । हलुका, ठूला र मध्यम खालका उद्योग, जलविद्युत् केन्द्र, पत्थर कोइला उत्पादन हुने ठाउँ, बाटो नहरको निर्माणमा सेनाहरू सक्रिय भएका कुरा हेरियो । हाङसाङमा योमरी खाएको, उत्तर  दक्षिण कोरियाको सिमाना पानमानजोङमा जाँदा बाटोमा देखिने युद्धकालीन टेन्चरहरूको स्वरूपको २ वर्ष लगाएर १५० चोटी वार्ता भएको ठाउँमा प्रयोग भएका टेबुल, मेच, झण्डा, कपी जस्ताको तस्तै राखिएको कुराको वर्णन रोचक ढङ्गले गरेका छन् । होमबहादुर क्षेत्रीको घरमा गएर खाना खाएको प्रसङ्ग कोट्याउँदै नेपाली रगतको साइनोको अनुभूति गरेका छन् । रेलमा खसेको पर्स दिने केटीको इमान्दारिता, आफू पुगेका चीन र उत्तर कोरियाका, विभिन्न ऐतिहासिक स्थल, स्मारक, सहर, पार्क आदि ठाउँ र क्षेत्रको सूक्ष्म र सटिक रूपले मन छुने गरी विश्लेषण गरेका छन् । दुवालले कोरिया एक हुनै पर्ने पवित्र धारणा पोखेका छन् ।

विजय सापकोटाले **अभिव्यक्ति**(२०६७ कार्तिक मंसिर) मा भारतीय भूमिमा रहेका नेपालीहरूसँग मन साट्ने रहर मेटाउने क्रममा भएको यो यात्रामा दुवालले भारतीय नेपालीहरूको भूमि दार्जिलिङ, कालिम्पोङ, मिरिक जस्ता ठाउँहरूका साथै सिक्किमको छोटो यात्राको कतिपय प्रसङ्गलाई कृतिमा उनेका छन् । प्रवासी नेपालीहरूद्वारा नेपाली मन र जनहरूप्रति पोखिएको सद्भाव, उनीहरूको निस्वार्थी आत्मीयता एवम् उनीहरूद्वारा देखाइएको सम्मानबाट नियात्राकार निबन्धभरि पटक पटक अभिभूत हुन पुगेका छन् र उनीहरूप्रति सम्मान गर्छन् उनी । दार्जिलिङको संघर्षमय परिस्थितिबाट विदा लिएर सिक्किम टेक्दा त्यहाँको विकास, व्यवस्थाबाट उनी अत्यन्तै प्रभावित हुन्छन् । नेपाली जातिकै बाहुल्य भएको समाज पनि त्यति सुन्दर बन्दोरहेछ यदि इमान्दारिता र संकल्प भयो भने भन्ने पनि उनलाई लाग्दछ । यसरी कतै भावनात्मक, कतै वर्णनात्मक विवरण, कतै अनुभव अनुभूति, कतै आलोचना आदि सबै स्वादहरू मिसिएको यो कृति सङ्ग्रह छ । जसले प्रवासी नेपाली जीवनको भोगाइको पछिल्लो यथार्थको झलकलाई प्रस्तुत गर्न सफल भएका छन् ।

उल्लेखित पूर्वकार्य विवरण अनुसार विभिन्न विद्वान्, समालोचक, अन्वेषक आदिले मोहन दुवालका कृतिहरू विशेष, रचना विशेष, प्रवृत्ति विशेष, अनुसन्धान गरी पत्रपत्रिकामा मोहन दुवाललाई कविका रूपमा चिनाएका छन् । उनका नियात्राका कतै कतै मात्र चर्चा परिचर्चा भएको पाइन्छ । त्यसैले उनका नियात्राको विशेष अध्ययन र विवेचना गर्न यो शोधपत्र तयार गरिएको छ ।

## १.७. शोधकार्यको औचित्य

मोहन दुवालका साहित्यिक कृतिहरूमध्ये नियात्रापरक कृतिहरूका बारेमा समग्र अध्ययन नभएको स्थितिमा प्रस्तुत शोधकार्यमा उनीद्वारा रचित **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू**ले नेपाली साहित्यको क्षेत्रमा दिएको योगदानलाई एकीकृत रूपमा समेट्दै प्रस्ट गरिने हुनाले यो शोध आफैँमा औचित्यपूर्ण सावित हुने स्पष्ट छ । यो शोध कार्य दुवालका नियात्रा सङ्ग्रहको कृतिपरक अध्ययनमा केन्द्रित छ । नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि नियात्राका क्षेत्रमा गरेको योगदानबाट दुवाललाई चिनाउनु, उनको नियात्राकारिताको योगदानको मूल्याङ्कन गर्नु, उनको नियात्राकारिताको प्रवृत्ति केलाउनु नै यस शाोधकार्यको औचित्य रहेको छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विभिन्न विधाहरू कविता, निबन्ध, नियात्रा, समालोचना तथा सम्पादन क्षेत्रमा क्रियाशील रहेका दुवाल समसामयिक युगका विशिष्ट प्रतिभा हुन् । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए तापनि यो शोधकार्यको अध्ययन उनको **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू** नियात्राको अध्ययन विश्लेषणमा सीमित रहेको छ । **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू**मा प्रस्तुत विचारको विश्लेषण गरी समसामयिक नियात्रा लेखनमा मोहन दुवालको योगदानको मूल्याङ्कन गर्नमा यो शोधकार्य सीमित रहेको छ । नियात्राबाहेक अन्य विधाहरू तथा अन्य लेखरचनाहरू शोधकार्यको सीमा बाहिर परेका छन् ।

## १.९. शोधविधि

प्रस्तुत शोधकार्यलाई प्रभावकारी बनाई पूर्णता दिन निम्न विधि उपयोग गरिएका छन् :

(क) सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि ।

(ख) सामग्री विश्लेषणका लागि ऐतिहासिक, व्याख्यानात्मक र विश्लेषणात्मक विधि ।

## १.१०. शोधकार्यको रूपरेखा

मोहन दुवालको **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र **सिक्किम पुग्दाका कुराहरू** नियात्राकृतिको कृतिपरक अध्ययन शीर्षक अन्तर्गत प्रस्तुत शोधपत्रलाई निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको छः

(क) अध्याय एक : शोध परिचय

(ख) अध्याय दुई : नियात्राकार मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन

(ग) अध्याय तीन : नियात्रा सिद्धान्त र नेपाली नियात्राको कालक्रमिक अध्ययन

(घ) अध्याय चार : **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण**को अध्ययन

(ङ) अध्याय पाँच : **सिक्किम पुग्दाका कुराहरू**को अध्ययन

(च) अध्याय छ : नियात्राकार मोहन दुवालका नियात्रात्मक प्रवृत्तिहरूको मूल्याङ्कन

(छ) अध्याय सात : उपसंहार

# अध्याय दुई

## नियात्राकार मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन

### २.१. विषय प्रवेश

यस शोधपत्रको दोस्रो अध्यायमा नियात्राकार मोहन दुवालको जन्मदेखि हालसम्म उनले भोगेका तथा बिताएका जीवनीका पाटाहरू, उनका जीवनका विभिन्न आयामहरूको अध्ययन गरिएको छ ।

### २.२. जन्म र जन्मस्थानः

बाग्मती अञ्चल, काभ्रेपलाञ्चोक जिल्लाको ऐतिहासिक एवम् रमणीय सहर बनेपा न. पा. वडा नं. ७ स्थित भोलाखाटोलमा माता खिलकुमारी दुवाल तथा पिता गणेशबहादुर दुवालका एघार सन्तानमध्ये दसौं सन्तानका रूपमा वि. सं. २००६ साल जेठ २१ गतेका दिन मोहन दुवालको जन्म भएको हो ।[१]

### २.३. पारिवारिक पृष्ठभूमि र बाल्यकालः

सामान्य व्यापारिक पारिवारिक वातावरणमा जन्मेका मोहन दुवालको बाल्यकाल मातापिता तथा दाजुदिदीहरूको माया, ममता र लाडप्यारमा लुटपुटिदै सुखमय रूपमा बितेको देखिन्छ । आफूभन्दा पहिल्यै धेरै सन्तान हुर्काइसक्नु भएकी अनुभवी माता खिलकुमारीकै विशेष हेरचाहमा हुर्कने सुअवसर प्राप्त गर्दछन् ।

व्यापारिक पेशामा संलग्न आफ्ना पिताको आर्थिक अवस्था सुरूमा राम्रो रहे तापनि परिवारको सदस्य संख्यामा भएको क्रमिक वृद्धिले कमजोर हुँदै गए पनि जसोतसो आर्थिक स्थितिलाई आफ्नो नियन्त्रणभन्दा बाहिर जानबाट रोकेको कुरा बताउँछन् ।[२]

पिताको व्यापारिक पेशाले मोहन दुवाललाई खासै असर नपारेको देखिन्छ । उनका पिता गणेशबहादुर दुवालले तत्कालीन अवस्थाका विविध कारणले कुनै शैक्षिक संस्थाबाट शिक्षा हासिल गर्ने अवसर नपाएका भए पनि स्वाध्ययनबाटै नेपाली र अंग्रेजी भाषामा समेत लेखपढ गर्न सक्षम भएका थिए । त्यस्ता सक्षम व्यक्तित्वबाट र आफ्ना साहिँला दाजु कृष्णप्रसाद

---

१. नियात्राकारसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी अनुसार,

२. ऐजन,

दुवालको साहित्यप्रतिको अभिरूचिका कारण उनमा पनि बाल्यकालदेखि नै पढीलेखी केही गर्नुपर्छ भन्ने भावना जागृत भएको देखिन्छ ।

मोहन दुवाल केटाकेटीदेखि नै खेलकुद, साहित्य र समाजसेवामा विशेष अभिरूचि राख्ने गरेको पाइन्छ । आफ्ना रूचिहरूलाई निरन्तरता दिंदै वयस्क अवस्थामा पुग्दा राजनीतिमा समेत सक्रिय सहभागी देखिन्छन् । हरेक व्यक्तिलाई मातृ तथा पितृ वियोग असह्य हुन्छ । त्यस्तै मोहन दुवाल पनि आफ्ना जीवनको सबैभन्दा दुःखद् क्षण मातापिताको वियोगका समयमा भएको कुरा बताउँछन् ।[३]

## २.४. शिक्षादीक्षा

मोहन दुवाल आफ्नो शैशवावस्थाको पाँचौं वसन्त पार गर्दा नगर्दै आफ्ना माहिला दाजु हरिप्रसाद दुवालबाट घरमा नै नेपाली वर्णमालाबाट अक्षराम्भ गर्दछन् भने २०१३ सालमा ७ वर्षको उमेरमा बनेपास्थित आजाद उ. मा. विद्यालयबाट स्कुले जीवन सुरू गर्दछन् । वि. सं. २०२३ सालमा मोहन दुवालले एस. एल. सी. पास गरेको देखिन्छ । कुनै पनि व्यक्तिको चरित्र निर्माणमा साथी संगातीको महaवपूर्ण हात रहन्छ । त्यस्तो स्थिति मोहन दुवालको जीवनमा पनि देखा पर्दछ । कक्षा आठमा पढ्दा राम्रो अक्षर भएको कारण देखाई एक जना साथीले उसकै नामबाट एउटी केटीलाई प्रेमपत्र लेखिदिन अनुरोध गरेपछि त्यसलाई नकार्न नसकी प्रेमपत्र लेखिदिएको र पछि साथीले अस्वीकार गर्दा अक्षरका आधारमा दुवालले दोषी ठहरिई विद्यालयबाट निष्कासित हुनुपरेको थियो[४] भने कक्षा नौमा पढ्दै गर्दा कविता प्रतियोगितामा तेस्रो भए बापत रु. ३०० पुरस्कार प्राप्त गरेका थिए । पुरस्कारस्वरूप प्राप्त रकमका साथै एक जना साथीको सहयोगबाट यिनले वि. सं. २०२३ सालमा नेपाल भाषाको **चुलिजाःगु स्वाँ** नामक नेपाल भाषाको कवितासङ्ग्रह प्रकाशित गरेको पाइन्छ । यसलाई उनी जीवनको अविस्मरणीय सुखद् क्षण मान्दछन् ।

वि. सं. २०२३ सालमै एस. एल. सी. उतीर्ण गरिसकेका दुवालले विविध कारणले गर्दा उपर्युक्त समयमै उच्च शिक्षाका लागि क्याम्पस भर्ना भई नौ वर्षपछि अर्थात् वि. सं. २०३२ सालमा प्राइभेट परीक्षा दिएर आई. ए. द्वितीय श्रेणीमा र वि. सं. २०३५ सालमा 'विस्तार क्याम्पस' काठमाडौंबाट बि. एड. पास गर्दछन् । स्नातकोत्तर तह एम. एड. मा भर्ना भई

३. ऐजन,
४. ऐजन,

अध्ययन गर्दागर्दै घरायसी कारणले गर्दा उक्त तहको परीक्षा पास नगर्दै विद्यार्थी जीवनलाई तिलाञ्जलि दिन्छन् ।

## २.५. दाम्पत्य जीवन

मोहन दुवाल वि. सं. २०३४ साल असार ८ गते ठैवका दिलबहादुर श्रेष्ठकी छोरी भारती श्रेष्ठसँग विवाह बन्धनमा बाँधिन पुगेका हुन् । वर्तमान अवस्थामा सुमधुर रूपले दाम्पत्य जीवन चलाउँदै आएका दुवाल एक छोरा, दुई छोरीका पिता र तीन नातिनीका हजुरबुबा समेत भइसकेका छन् ।

आइ. ए. सम्मको अध्ययन गरी शिक्षण पेशामा संलग्न भारती श्रेष्ठले मोहन दुवालको पारिवारिक वातावरण अत्यन्त अनुकूल बनाई उनका हरेक राम्रा कार्यहरूमा हौसला प्रदान गरी सहयोग गर्ने गरेको पाइन्छ । भारती श्रेष्ठको उचित रेखदेख, व्यवहार र शालीन व्यक्तित्वका कारण स्वयं मोहन दुवाल मात्र नभएर घरमा आउने जाने सबै मानिसहरू प्रभावित देखिन्छन् । साहित्य लेखन र सामाजिक क्रियाकलापमा संलग्न हुनका लागि कुनै पनि पारिवारिक हस्तक्षेप भोग्नु नपरेका दुवाल स्वस्थ्य र सन्तुष्ट देखिन्छन् ।

## २.६. पेशा

कुरामा भन्दा कर्ममा विश्वास राख्ने मोहन दुवाल सानै उमेरदेखि कर्मशील व्यक्तित्वका रूपमा चिनिएका छन् । सुरूमा विभिन्न विद्यालयमा शिक्षण गर्दै, गोरखा क्याम्पस र काभ्रे क्याम्पसमा प्राध्यापन गरी जीविका चलाएका दुवाल हाल शिक्षण पेशाबाट अवकाश प्राप्त गरी साहित्यिक लेखन र साहित्य प्रधान पत्रिका **जनमत** संचालन गरिरहेका छन् । उनी आफ्नो जीविकाको आधार नै लेखनबाट प्राप्त पारिश्रमिक र पत्रकारिताबाट प्राप्त पारिश्रमिकलाई स्विकार्दछन् । दुवाल आफ्नो पेशाको अतिरिक्त आफ्नी श्रीमतीको शिक्षण पेशाबाट प्राप्त तलब रकमबाट सामान्य अवस्थामा आफ्नो परिवार चलिरहेको बताउँछन् ।

## २.७. रूचि र स्वभाव

मानिस सर्वश्रेष्ठ चेतनशील सामाजिक प्राणी भएकाले सामाजिक पृष्ठभूमिका आधारमा उसमा अनेक किसिमका इच्छाहरू जन्मिनुका साथै उसमा विविध किसिमका विचारहरूको विकास पनि समाजकै आधारमा भएको हुन्छ । मोहन दुवालका इच्छा वा रूचिका सम्बन्धमा भन्नुपर्दा सधैं नयाँनयाँ किसिमका रचनात्मक कार्यहरू गरेर देखाउने र समाजमा उल्लेख्य सेवा

पुऱ्याउने चाहना राख्नु नै उनको रूचिको विशेष क्षेत्र बनेको देखिन्छ । मोहन दुवाल आफ्नो अन्तरहृदयले निर्णय गरेका कुरालाई यथाशक्य छिटो कार्यान्वयनमा ल्याउने कुरामा जोड दिन्छन् ।[५]

साहित्य लेखन, स्वदेशी र विदेशी विद्वान् साहित्यकारहरूबाट सृजना गरिएका साहित्यको अध्ययन, साहित्य लेखनका साथै सामाजिक क्रियाकलापमा सरिक हुन रूचि राख्ने दुवाल एकान्त समयमा साहित्य सृजना गर्दछन् । साहित्य लेखनमा आफूले चाहेजति समय निकाल्न नसकेकोमा दुःखी छन् भने सृजित रचनाहरूमा परिष्कार र परिमार्जन गर्ने बानी नहुनु आफ्नो कमजोरी ठान्छन् ।

बोलक्कड स्वभावका दुवाल समाजपरक भावना भएका र साहित्य सिर्जनामा लागेका व्यक्तिहरूको संगत र सामीप्य रूचाउँछन् । दुवाल आफ्ना परिवारका सदस्यहरूलाई पनि समाजसेवी बन्न र सादा जीवन उच्च विचार अंगाल्न सल्लाह दिनुका साथै साहित्य सिर्जनामा लाग्न प्रेरित गर्दछन् । जसको उदाहरण उनकै छोरी सिर्जना दुवाललाई लिन सकिन्छ । जसले कविता सङ्ग्रह प्रकाशित गरिसकेकी छिन् ।[६]

नेवारी तथा मांसाहारी भोजनमा रूचि राख्ने दुवाल अन्य भोजनलाई पनि खुसीसाथ ग्रहण गर्दछन् । उनी साधारण सर्ट, पाइन्ट नै लगाउन मन पराउँछन् । मूर्तिपूजा, धर्म र ईश्वरका नाममा हुने ठगी र आडम्बरको विरोध गर्ने दुवाल मान्छेलाई नै ईश्वर सम्झेर र मानिसकै सेवामा रमाउन चाहन्छन् ।[७]

मोहन दुवाल आत्म-प्रशंसाभन्दा सही कामको सही मूल्याङ्कन हुनुपर्ने कुरामा बढी जोड दिन्छन् र सही मूल्याङ्कन भएको क्षणमा खुसी पनि हुन्छन् । साथै गल्ती पहिल्याइदिँदा उनी आत्मालोचना गर्न पनि अप्ठ्यारो मान्दैनन् । उनी आफूलाई घृणा गर्नेलाई घृणा र माया गर्नेलाई माया गर्छु भन्छन् ।

मोहन दुवाल कसैको ईर्ष्या र डाह गर्दैनन् बरू कुनै पनि प्रशंसनीय कृतिहरूको प्रशंसा गर्न पछि पर्दैनन् । दुवाल आत्मग्लानी पालिन भन्दै "मैले गरेका कार्यहरूमा म कहिल्यै पछुताइन मेरो यात्रा जारी छ । मैले देखेका र स्पर्श गरेका अनुभूतिहरू मेरो कलम मार्फत् अभिव्यक्तिको रूपमा पोख्ने गर्छु, त्यही मेरो साहित्य हो," भन्छन् ।

---

५. भारती श्रेष्ठसँगको कुराकानीबाट प्राप्त जानकारी अनुसार,
६. नियात्राकारसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी अनुसार,
७. ऐजन,

## २.८. सिर्जनाका निम्ति प्रेरणा र प्रभाव

हरेक मानिसको प्रथम प्रेरणाको स्रोत उसको परिवार र शिक्षालय नै हुन्छ भने झैं मोहन दुवालको साहित्य सृजनाको प्रेरणा र प्रभावमा उनको परिवारले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । उनलाई साहित्य लेखनमा उनका पिता गणेशबहादुर दुवाल लगायत दाजुहरू हरिप्रसाद दुवाल, कृष्णप्रसाद दुवाल र देवेन्द्र दुवालले प्रेरणा दिएको देखिन्छ भने वैवाहिक जीवन पछि उनकी श्रीमती र पछि छोरी सिर्जना दुवालबाट पनि मोहन दुवाललाई साहित्य सिर्जना लेखन र प्रकाशनमा सहयोग पुगेको देखिन्छ ।

मोहन दुवालका पिता गणेशबहादुर दुवाल सामाजिक र राजनीतिक सोच भएका व्यक्ति हुनाले उनको संगत प्रसिद्ध समाजसेवी तुलसीमेहरसँग थियो, जसको कारण मेहर उनका घरमा बारम्बार आइरहन्थे । त्यस्तै उनी सानै छँदादेखि उनका घरमा आइरहने साहित्यकार सिद्धिचरण श्रेष्ठ र दुर्गालाल श्रेष्ठबाट प्रभावित भएका देखिन्छन् । यसरी दुवाल आफ्ना प्रेरणाको आन्तरिक स्रोतका रूपमा आफ्ना पिता, दाजुहरू र बाह्य स्रोतका रूपमा साहित्यकार सिद्धिचरण श्रेष्ठ, दुर्गालाल श्रेष्ठ र पारिजातलाई स्वीकार गर्छन् भने सामाजिक कार्य गर्ने र साहित्यिक सिर्जनामा आफूलाई समर्पित तुल्याउने, अझ राम्रो बन्नुपर्छ भन्ने भावना आफ्नै घरबाट प्राप्त भएको बताउँछन् ।

नेपाल भाषा आफ्नै मातृभाषा भएकोले दुवालले प्रथम कविता सङ्ग्रह **चुलिजाःगु स्वाँ** (२०२३) मा प्रकाशित गरेका छन् भने उनले हिन्दी भाषामा पनि एक दुईवटा कविताहरू लेखेको जानकारी पाइन्छ । दुवाल स्वदेशी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, भूपि शेरचन, पारिजात, वाशु शशी, चित्तधर हृदय, गिरिजाप्रसाद जोशी आदि र विदेशी साहित्यकारहरूमा म्याक्सिम गोर्की, लुस्युन, रवीन्द्रनाथ टैगोर, अनिष्ट हेंमिग्वे, प्रेमचन्द्र, अन्तोवस्की, लियो टाल्सटाय आदिलाई विशेष मन पराउँछन् ।

## २.९. भ्रमण

कुनै पनि काम विशेषले अर्थात् अध्ययन, अनुसन्धान र अवलोकनका निम्ति स्वदेश तथा विदेशका कुनै पनि क्षेत्रको व्यक्तिगत तथा संस्थागत रूपमा घुमफिर गर्ने कामलाई भ्रमण भनिन्छ । मोहन दुवालले नेपालका झापा, इलाम, धरान, विराटनगर, नेपालगञ्ज, गौर, उदयपुर, चितवन, पोखरा, पाल्पा, बुटवल, भैरहवा लगायत र विदेशमा भारतका केही प्रान्त अनि चीन र कोरियाको समेत भ्रमण गरेका छन् ।

## २.१०. भाषा

राष्ट्रभाषा नेपाली भए पनि मोहन दुवालको मातृभाषा नेपालभाषा हो । दुवालले नेपाल भाषामा प्रथम कविता सङ्ग्रह **चुलिजाःगु स्वाँ** प्रकाशित गरेका छन् । यसका अतिरिक्त **जः=जीवन, जीवन=जः** भन्ने कविता सङ्ग्रह र अन्य फुटकर कविता, लेख, निबन्धहरू समेत लेख्दै आइरहेका छन् ।

मोहन दुवाल अंग्रेजीमा पनि सामान्य ढंगले बोल्न र लेखपढ गर्न सक्छन् भने हिन्दीमा पनि बोल्न र केही कविता लेख्न समेत सक्षम भएको जानकारी प्राप्त हुन्छ । यसरी दुवाल नेपाल भाषा, नेपाली, अङ्ग्रेजी तथा हिन्दी गरी चार भाषाका ज्ञाता देखिन्छन् ।

## २.११. पुरस्कार तथा सम्मान

नेपाली साहित्यको समसामयिक धारामा लामो समयदेखि साधनारत मोहन दुवालको साहित्यिक व्यक्तित्व विभिन्न पुरस्कार तथा सम्मानद्वारा सम्मानित भएको पाइन्छ । वि. सं. २०५२ मा सुनकोशी साहित्य प्रतिष्ठानबाट दानमाया प्रतिभा पुरस्कार, २०५२ मा नै पत्रकार संघ नेपालबाट व्यथित काव्य पुरस्कार, २०५३ मा ने.रा.प्र.प्र.बाट उत्कृष्ट सम्पादनको लागि नगद पुरस्कार, २०५३ मै प्रेस काउन्सिल नेपालबाट नगद पुरस्कार, २०५३ चैत्र २९ मा जि.वि.स. काभ्रेबाट नगद पुरस्कार, २०५५ मा साहित्य सन्ध्या नेपालबाट साहित्य सन्ध्या पुरस्कार, २०५६ मा चितवन साहित्य प्रतिष्ठानबाट मानवीय संवेदनाका लागि कृष्ण कुमारी गुरुङ स्मृति पुरस्कार, २०६१ भाद्र २३ मा प्रतिभा सम्मान प्रबन्ध गुठी बनेपाबाट बनेपा गौरव सम्मान जस्ता विभिन्न पुरस्कारहरूबाट सम्मानित भएकाले साहित्य साधनामा क्रियाशील दुवाललाई अझ प्रेरणा मिलेको पाइन्छ ।

यतिमात्र नभई दुवाललाई अन्य विभिन्न स्थानहरूबाट प्रशंसापत्र, कदरपत्र, सम्मानपत्र तथा पुरस्कार र स्वर्णपदकद्वारा सम्मान तथा अभिनन्दन गरिएको देखिन्छः[८]

– गण्डकी साहित्य सङ्गम पोखराबाट कदरपत्र – २०५१

– सुनकोशी साहित्य प्रतिष्ठान, काभ्रेबाट – २०५२

– स्रष्टा सम्मान समिति, काभ्रे/राष्ट्रिय जन सांस्कृतिक मञ्च, हेटौंडा/राष्ट्रिय जन सांस्कृतिक मञ्च, धरान/प्रेस काउन्सिल नेपाल, काठमाडौं/जिल्ला विकास समिति, काभ्रे । – २०५३

---

८. ऐजन,

– साहित्य सन्ध्या नेपाल, काठमाडौं/सयपत्री युवाक्लव, काभ्रे/काभ्रे टाइम्स साप्ताहिक, काभ्रे/महेन्द्र मा. वि. साँगाका २०४५ समूहका विद्यार्थी । – २०५५

– नेपाल राष्ट्रिय शिक्षक संगठन, काभ्रे/काभ्रे टाइम्स साप्ताहिक, काभ्रे/चितवन साहित्य परिषद्, चितवन/निष्ठास्तम्भ पन्नालाल श्रेष्ठ अभिनन्दन समिति, काठमाडौं/टोखा साहित्य समाज, टोखा, काठमाडौं । – २०५६

– नेपाल पब्लिक क्याम्पस, काठमाडौं/राजदास वादे श्रेष्ठ स्मृति प्रतिष्ठान, बनेपा । – २०५७

– नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं/साहित्यिक पत्रकार संघ, काठमाडौं/कुमारी प्रकाशन, ललितपुर । – २०५८

– सनातन कन्यापूजा प्रवन्ध समिति, बनेपा/सयपत्री युवा क्लव, जनागाल, काभ्रे/ काभ्रे बहुमुखी क्याम्पस, बनेपा/सरस्वती सङ्गीत पाठशाला, काभ्रे । – २०५९

– नेपाल बुद्धिजीवी परिषद्, केन्द्रीय समिति, काठमाडौं/बनेपा कला परिषद्, बनेपा/जूनकीरी साहित्यिक अभियान, काभ्रे/द रेयुकाई नेपाल, धुलिखेल, काभ्रे/ आजाद मा. वि., बनेपा । – २०६०

– प्रतिभा सम्मान प्रवन्ध गुठी, बनेपा/Democratic people's Republic of Korea (North Korea) – २०६१

– एकीकृत विकास केन्द्र नेपाल, बनेपा/काठमाडौं युनिभरसिटी हाइस्कुल, काभ्रे/ मौलिक साहित्यिक समाज, धुलिखेल/वीरगञ्ज साहित्य परिषद्, पर्सा/मैत्री केन्द्र, बनेपा/मध्यमार्ग साप्ताहिक, काभ्रे/काभ्रे बहुमुखी क्याम्पस, बनेपा/बाबा– ओमबीरसिंह बस्न्यात पुरस्कार, काठमाडौं/सामाजिक जागरण मञ्च, धुलिखेल । – २०६२

– चेतकी राज्यलक्ष्मी कार्की विज्ञान तथा प्रविधि प्रतिष्ठान, ललितपुर । – २०६३

– नेपाल साहित्यिक पत्रकार संघ, केन्द्रिय समिति, काठमाडौं/रोशी वाङ्मय प्रतिष्ठान, भकुण्डेबैंसी, काभ्रे/सिन्धुयात्रा मासिक सिन्धु–साहित्य अभिलेखालय परिवार, सिन्धुपाल्चोक/सयपत्री प्रतिष्ठान, जनागाल, काभ्रे । – २०६४

– व्यथित–सिन्धु प्रतिभा सम्मान कोष, पूर्व एक नम्बर/प्रेस काउन्सील नेपाल, काठमाडौं/रत्न श्रेष्ठ पुरस्कार गुठी, बाग्लुङ/रोटरी इन्टरनेशनल, रोटरी क्लब अफ धुलिखेल/हिमालज्योति सामुदायिक विद्यालय, धुलिखेल । – २०६५

– नेपाल साहित्यिक पत्रकार संघ, केन्द्रीय समिति, काठमाडौं/मातृभूमि साहित्य समाज, मकवानपुर/चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था, बनेपा/साहित्य सञ्जाल,

रौतहट/समर्पण नेपाल, नाला, काभ्रे/स्रष्टा मञ्च, दार्जिलिङ योङ्ग कम्युनिष्ट लिग, काभ्रे/काभ्रे बहुमुखी क्याम्पस, बनेपा/भद्रकुमारी घले सेवा सदन, काठमाडौँ/प्रेस काउन्सील नेपाल, काठमाडौँ । – २०६६

– भ्याली भ्यू ई. बो. स्कुल, बानेश्वर, काठमाडौँ/उग्रतारा बहुउद्देशीय सहकारी संस्था लिमिटेड, बनेपा/नेपाल पत्रकार महासंघ, काभ्रे । – २०६७

– रामचन्द्र घिनाजू समाज सेवा प्रतिष्ठान, धुलिखेल/ज्योति साहित्य प्रतिष्ठान, काठमाडौँ/अरनिको जागरण मञ्च, धुलिखेल, काभ्रे । – २०६८

## २.१२. व्यक्तित्वका पाटाहरू

नियात्राकार मोहन दुवालका व्यक्तित्वका पाटाहरूनिम्नलिखित छन्:

### २.१२.१. शारीरिक व्यक्तित्वः

गहुँगोरो केही होचो र मोटो कद र हँसिलो मुहार भएका मोहन दुवालको शारीरिक व्यक्तित्व फुर्तिलो देखिन्छ । परिश्रम र संघर्ष गरेर जीवन व्यतित गर्दै आएका दुवाल सहयोगी एवम् मिठो बोली वचन भएका व्यक्तित्वका रूपमा पाइन्छन् । सादा जीवन र उच्च विचारका दुवाल शान्त प्रकृतिका देखिन्छन् । बाल्यावस्थामा स्वस्थ्य भए पनि युवावस्थामा भने छाती दुख्ने रोगबाट पीडित भएकाले डाक्टरको सल्लाह बमोजिम क्षयरोग भनी नियमित रूपमा औषधोपचार गरी निको भएको जानकारी मिल्दछ । अनावश्यक रूपमा कसैको प्रशंसा र तारिफ मन नपराउने दुवाल खोक्रो प्रशंसाभन्दा सही कामको सही मूल्याङ्कन हुनुपर्ने कुरामा जोड दिन्छन् ।

### २.१२.२. साहित्यकार व्यक्तित्वः

मोहन दुवालको लेखकीय व्यक्तित्व मूलतः साहित्यिक रहेको छ । विविध पक्षमा कलम चलाउने चेष्टा गरेका मोहन दुवाल नेपाली साहित्याकाशका एक सशक्त प्रतिभाका रूपमा स्थापित भइसकेका देखिन्छन् । उनले साहित्यका विविध विधाहरूमध्ये कविता, निबन्ध, समालोचना, मुक्तक तथा नियात्रामा कलम चलाएका छन् । त्यति मात्र नभएर उनी सम्पादकका रूपमा पनि चर्चित छन् । यहाँ मोहन दुवालको कवि, निबन्धकार, समालोचक, सम्पादक, मुक्तक तथा नियात्राकार व्यक्तित्वको चर्चा गरिएको छ ।

**(क) कवि व्यक्तित्वः**

माध्यमिक विद्यालयमा अध्ययनको समयदेखि नै कविता रचनातर्फ उन्मुख दुवाल कविता लेखनबाट सर्वप्रथम साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । "नयाँ संसार" पत्रिका मार्फत २०२१ सालतिर "मेरो सपना" शीर्षकको कविता लिएर कविताको फाँटमा देखा परेका दुवालले हालसम्म निम्न कविता सङ्ग्रहहरू र थुप्रै फुटकर कविताहरू प्रकाशित गरेका छन् :

१. चुलिजाःगु स्वाँ (२०२३) नेपाल भाषा

२. सचेतका धुनहरू (२०४०)

३. मानवीय संवेदनाहरू (२०५५)

४. जः जीवन, जीवन जः (२०५९) नेपाल भाषा

५. क्रान्त कविताका अक्षरहरू (२०६२)

६. भारतीका उत्सर्गहरू (२०६२)

छन्दोबद्ध कवितामा भन्दा गद्य कवितामा नै आफ्ना अभिव्यक्तिहरू प्रस्तुत गर्न रूचाउने मोहन दुवाल कविताको सम्बन्धमा यस्तो धारणा व्यक्त गर्दछन् :

चेतनाको अनुभूति हो कविता
सम्प्रेषणको अनुकृति हो कविता
बेमेल सौन्दर्य कविता होइन
सिर्जनाको भावाभिव्यक्ति हो कविता

(मानवीय संवेदनाहरू)

सामाजिक विषयवस्तुलाई टपक्क टिपेर कविताका माध्यमबाट अभिव्यक्ति दिने कवि दुवाल सामाजिक स्वस्थताको चाहना राख्ने सामाजिक निरोगितामा रमाउने कवि हुन् । उनको "मोहन दुवालका समसामयिक कविताहरू" नामक कविता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।[९]

**(ख) निबन्धकार व्यक्तित्वः**

मोहन दुवाल नेपाली निबन्ध यात्रामा चालीसको दशकदेखि देखा परेका एक सशक्त निबन्धकारका रूपमा स्थापित देखिन्छन् । आधुनिक नेपाली निबन्ध विधाका समसामयिक युगमा वि. सं. २०३० सालदेखि निबन्ध लेख्न प्रारम्भ गरेका दुवालले वि. सं. २०३१ मा "राजनीतिको

९. ऐजन,

अभावमा के साहित्यको सिर्जना सम्भव छ ?" भन्ने निबन्ध मार्फत औपचारिक रूपमा निबन्ध लेखनको यात्रा थालनी गरेका हुन् ।

उनका निबन्धहरूका आधारमा दुवाल समसामयिकतामा आँखा लगाउने, समसामयिक घटना प्रसङ्गलाई नै आधार मानेर निबन्ध लेख्ने निबन्धकार हुन् । समाजका विविध विषय टिपेर वर्णनात्मक र विवेचनात्मक ढंगले सरल, सहज र स्वभाविक भाषा शैलीका माध्यमबाट भाव अभिव्यक्ति गर्ने वस्तुवादी, विचारप्रधान र प्रगतिवादी प्रवृत्ति भएका निबन्धकार हुन् । उनका हालसम्म प्रकाशित निबन्धहरू यसप्रकार छन् :

१. गर्भका रहस्यहरू (२०४८)
२. केदारनाथ प्रधान (२०५१) जीवनीपरक निबन्ध
३. क्रमशः सन्दर्भहरू (२०५२)
४. साहित्यिक चिन्तनहरू (२०५२)
५ प्रतिबिम्बित बिम्बहरू (२०५६)

यसै गरी "आदि इत्यादि प्रसङ्गहरू" र "परिचयका हरफहरू" दुवालका प्रकाशोन्मुख अवस्थामा रहेका निबन्धात्मक कृतिहरू हुन् ।

### (ग) समालोचक व्यक्तित्वः

कविता, निबन्ध, मुक्तक, नियात्रा लेखनका साथै सम्पादन र प्रकाशनमा व्यस्त रहँदा पनि मोहन दुवालले समालोचनाको क्षेत्रमा पनि कलम चलाएका छन् । "आलोचना र परिचय" (२०४४) उनको समालोचकीय लेखनको उदाहरण हो । तार्किकताको प्रयोग र सरल अभिव्यक्ति दुवालका समालोचनात्मक प्रवृत्तिहरू हुन् । दुवाल प्रगतिवादी नेपाली समालोचनाको दोस्रो चरणमा देखापर्ने उल्लेख्य प्रतिभा हुन् ।

### (घ) मुक्तककार व्यक्तित्वः

मुक्तक कविताको लघुरूप हो । कविता लेखनको यात्रा आरम्भ गरेको दुई दशकपछि मात्र मुक्तक लेखनको यात्रा आरम्भ गरेका दुवाल नेपाली साहित्यको मुक्तक कविताका क्षेत्रमा कलम चलाउने एक सशक्त प्रतिभाको रूपमा स्थापित भइसकेका छन् । उनका प्रकाशित मुक्तक सङ्ग्रहका आधारमा दुवाल सरल, स्पष्टवादी, जनपक्षीय कवि, सामाजिक तथा राजनैतिक विकृतिप्रति तीखा आलोचक, स्रष्टाहरूको सम्मान गर्ने, जिम्मेवार सेवक र निरन्तर लागिरहने प्रगतिशील साहित्यकारका रूपमा देखा पर्दछन् । उनका मुक्तकहरू यथार्थवादी छन्, मानवीय मूल्य प्रेरित छन्, देश प्रेमले भरिएका छन् र कलात्मक सन्तुलनले ओतप्रोत छन् । थोरै

शब्दमा धेरै राम्रा अनुभूतिहरू पोख्ने कलात्मक माध्यम मुक्तक हो भनी दुवाल भन्दछन् । उनका प्रकाशित मुक्तक सङ्ग्रहहरू निम्नलिखित छन्:

१. सिर्जनाका फूलहरू (२०४६)

२. संरचनाका मूलहरू (२०५२)

३. संभावनाका मनहरू (२०५९)

**(ङ) नियात्राकार व्यक्तित्वः**

मोहन दुवालले २०६५ सालतिर आएर साहित्यको अर्को महaवपूर्ण पाटो नियात्रा लेखनको थालनी गरे । कुनै पनि भ्रमणका क्रममा लेखकले देखेका भोगेका कुराहरू प्रत्यक्ष घटनाहरूलाई पुस्तकका रूपमा उतार्नु नियात्रा हो । दुवालले Social Science Association Korea को निमन्त्रणा Study Forum for Relience, Kavre लाई प्राप्त भएपछि प्रतिनिधि मण्डलका रूपमा दुवालसहित २४ जना सदस्यहरूले चीन हुदै उत्तर कोरिया भोग्दाका कुराहरू तथा भारतीय नेपाली लेखिकाहरूको साहित्यिक संगठनका अध्यक्ष वरिष्ठ लेखिका विन्द्या सुब्बाको आग्रहमा वरिष्ठ अतिथि भएर नेपाल स्रष्टा सामाजका मित्रहरूसँग दार्जिलिङ हुँदै सिक्किम पुग्दाका कुराहरू २ वटा नियात्रा सङ्ग्रहमा प्रकाशित छन् । उनका प्रकाशित नियात्रा सङ्ग्रहहरू निम्न छन्:

**१. चीनको बाटो हुदै उत्तर कोरियाको भ्रमण** (२०६५)

**२. सिक्किम पुग्दाका कुराहरू** (२०६६)

## २.१२.३ सम्पादक व्यक्तित्वः

बहुमुखी प्रतिभाका धनी मोहन दुवालका विविध व्यक्तित्वमध्ये सम्पादक व्यक्तित्व सबैभन्दा सशक्त देखिन्छ । उनले २०२६ सालदेखि शुरू गरेको सम्पादन कार्यलाई हालसम्म पनि निरन्तरता दिई नै रहेका छन् । उनी यसमा गर्व पनि गर्दछन् । मोहन दुवालद्वारा सम्पादित पत्रपत्रिकाहरू निम्न लिखित छन्:[१०]

**(क) विगुल (२०२७–२०२९)**

विगुल (प्रगतिशील सामयिक संकलन)को प्रथम अङ्क वि. सं. २०२७ सालदेखि सम्पादन कार्य थालनी गरेका मोहन दुवालले द्वितीय अङ्क वि. सं. २०२८ मा प्रकाशित गर्दछन् । तृतीय अङ्क २०२९ सालमा प्रेसबाटै तत्कालीन प्रशासनबाट जफत गरिएको जानकारी प्राप्त हुन्छ ।

१०. विष्णु प्रसाद पौडेल, पाइलै पाइला, जूनकीरी प्रकाशन,

**(ख) उत्साह** (२०४२–२०४३)

२०३५/२०३६ सालमा एउटा सम्पादक मण्डल नै गठन भएर "उत्साह साहित्यिक मासिक पत्रिका" सम्पादन भएको देखिन्छ । जुन पत्रिकाको सम्पादक मण्डलका सदस्यहरूमा मोहन दुवाल लगायत आनन्ददेव भट्ट, रमेश विकल, पारिजात, खगेन्द्र सङ्ग्रौला जस्ता प्रखर साहित्यकारहरू विधागत सम्पादकको रूपमा देखिन्छन् । यसमा मोहन दुवालले निबन्ध विधाको सम्पादन गर्ने जिम्मा सफलतापूर्वक निर्वाह गरेको जानकारी प्राप्त हुन्छ ।

**(ग) भञ्ज्याङ**

काठमाडौँ उपत्यका छिर्ने चार भञ्ज्याङहरू मध्ये साँगा भञ्ज्याङ उपत्यका छिर्ने पूर्वीद्वार हो । यही साँगा भञ्ज्याङमा अवस्थित महेन्द्र मा. वि. मा प्रधानाध्यापक रहँदा मोहन दुवालले विद्यालयको वार्षिक मुखपत्र भञ्ज्याङको प्रधान सम्पादकको रूपमा वि. सं. २०३९ सालदेखि वि. सं. २०४८ सालसम्म कार्य गरेको जानकारी प्राप्त हुन्छ ।

**(घ) अठोट** (२०४४)

उपत्यकामा हुने गरेका साहित्यिक कार्यक्रममा त्यहाँका कवि साहित्यकारहरूको सहभागिता हुने गरेको देखिन्छ । तिनै अवसरमा काठमाडौँका अग्रज कविहरूले काभ्रेली कविताहरूलाई कविता सङ्ग्रह प्रकाशित गर्न बारम्बार घचघच्याइरहेको परिवेशमा वि. सं. २०४४ सालमा साहित्यकार कृष्णप्रसाद पराजुली र मोहन दुवालको संयुक्त सम्पादकत्वमा "अठोट" नामक काभ्रेली कविहरूको कविता सङ्ग्रह प्रकाशित हुन्छ ।

**(ङ) संगम** (२०४८)

काभ्रेली कविहरूको कविता सङ्ग्रह "अठोट" मा संलग्न हुन नसकेका कविहरूका कविता समावेश गरेर वि. सं. २०४८ सालमा पुनः "संगम" नामक कविता सङ्ग्रह मोहन दुवाल र सत्येश्वर मकैको सम्पादकत्वमा प्रकाशित भएको जानकारी प्राप्त हुन्छ ।

**(च) भुजङ्ग**

विभिन्न क्याम्पसहरूले आ–आफ्नो क्याम्पससँग सम्बन्धित लेख रचनाहरू समावेश गरी प्रकाशित गर्ने प्रचलन अनुसार काभ्रे बहुमुखी क्याम्पस बनेपाले पनि मोहन दुवालको सम्पादकत्वमा "भुजङ्ग" नामक स्मारिका "केदारनाथ प्रधान स्मृति अङ्क" नाम दिएर २०५१

सालमा प्रकाशित गरेको थियो । दुवाल  हाल क्याम्पस स्मारिका प्रकाशन समितिका संरक्षक रहेका छन् ।

**(छ) जनमत (२०३९ – हालसम्म)**

वि. सं. २०२७ सालदेखि नै विभिन्न पुस्तक तथा पत्रपत्रिकाको सम्पादकको भूमिका निर्वाह गरिसकेका मोहन दुवाललाई तत्कालीन पञ्चायत शासकले व्यवस्था विरोधीको बिल्ला लगाइसकेको थियो । कुनै पनि व्यवस्थालाई टिकाउन र मिल्काउन पत्रपत्रिका र पत्रकार, सम्पादकको महaवपूर्ण भूमिका रहने हुनाले त्यस अवस्थामा पत्रिका दर्ता गराई प्रकाशित गर्ने कठिन र जोखिमपूर्ण कार्य हुन्थ्यो तर पनि निडर प्रतिभा मोहन दुवालले हालको साहित्यप्रधान जनमतलाई वि. सं. २०३९ सालमा विचार प्रधान पत्रिकाको रूपमा दर्ता गराई आफू व्यवस्थापक र प्रबन्ध सम्पादक भई प्रकाशित गरेको देखिन्छ ।

मोहन दुवालले विचार प्रधान पत्रिका "जनमत" लाई वि. सं. २०४५ माघदेखि साहित्यिक मासिकका रूपमा प्रकाशित गर्दै र आफू त्यसको प्रधान सम्पादक रही अगाडि बढाइरहेका छन् ।

मोहन दुवाल आफ्नो सम्पादकत्वमा प्रकाशित "जनमत" साहित्यिक मासिकलाई आफ्ना सन्तान सरह मायाँ गर्दछन्  र यसलाई अझ राम्रो तुल्याउन सबै साहित्य प्रेमीहरूसँग अध्ययन र सुझावका लागि हार्दिक अनुरोध गर्दछन् । जुन सुझावले उनी आफ्ना गल्ती कमी कमजोरीहरूलाई सुधार्न मौका पाउने अपेक्षा गर्दछन् । सबैको सहयोगमा नै "जनमत" प्रफुल्लित बन्ने कुरामा उनी आशावादी देखिन्छन् ।

"जनमत" प्रकाशनद्वारा विविध स्रष्टाहरूका स्मृति अङ्कहरू प्रकाशित भइसकेका छन् । भीमनिधि तिवारी, पारिजात, लैनसिंह वाङ्देल, केवलपुरे किसान जस्ता स्रष्टाको विशेषाङ्क समेत प्रकाशित भइसकेका छन् भने "जनमत" प्रकाशनद्वारा राष्ट्रिय रूपमा प्रदान गरिने पुरस्कारहरू "दीपा जनमत पुरस्कार", गणेशबहादुर खिलकुमारी दुवाल पुरस्कार, जनमत साधक पुरस्कार आदि प्रदान गरिने व्यवस्था गरिएको छ । यसै प्रकाशनबाट दुवालले नेपाली साहित्यका चर्चित स्रष्टाहरूका विचारहरू सङ्कलन र सम्पादन गर्ने क्रममा भाग १ देखि ३ सम्म तीन खण्डमा "मत अभियान" प्रकाशित गरिसकेका छन् । साहित्यमा नारी हस्ताक्षरको परिचय र मूल्याङ्कनका लागि दुवालद्वारा सम्पादित कृति मनोभावना लेखिकाहरू एउटा अर्को उल्लेखनीय सङ्कलन बनेर देखा परेको छ ।

### २.१२.४. शिक्षक तथा प्राध्यापक व्यक्तित्वः

मोहन दुवाल वि. सं. २०२५ सालदेखि २०४९ सालसम्म चौबीस वर्ष विभिन्न स्कुल तथा क्याम्पसहरूमा शिक्षण कार्यमा संलग्न रहेको पाइन्छ । वि. सं. २०२५ सालमा बनेपास्थित श्री सरस्वती प्रा. वि. बाट शिक्षण कार्य सुरूवात गरेका दुवालले शिक्षण पेशामा रहँदासम्म करिब एक दर्जनभन्दा बढी शिक्षण संस्थाहरूमा संलग्न भएर शिक्षण गरेको पाइन्छ । अन्य क्षेत्रमा भन्दा शैक्षिक क्षेत्रमा बढी रूचि राख्ने दुवाल दि टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड हेटौंडाका लागि सहायकस्तर तृतीय पदमा लोकसेवा आयोगबाट परीक्षा उत्तीर्ण गरी २०२५ साल भाद्र १३ मा छनौट भएका भए पनि उक्त जागिर नखाएर वि. सं. २०२५ कार्तिकमा सरस्वती प्रा. वि. मा प्रवेश गरी १ वर्ष सेवा गरे ।

यसपछि वि. सं. २०२६ फागुन १४ मा बनेपा सह शिक्षालयमा प्रधानाध्यापकको भूमिकामा १ वर्ष, वि. सं. २०२९ पस १९ देखि दुग्धेश्वर प्रा. वि. पाँचखालमा ३ वर्ष, २०२९ चैत्र २१ गतेदेखि पुण्य प्रा. वि. पनौतीको शिक्षक पदमा पदस्थापन गरी श्री जागृति प्रा. वि. भैंसेपाटीमा  काजमा कार्यरत रहे । वि. सं. २०३० मंसिर ५ मा पूर्ण सञ्जीवनी नि. मा. वि. धुलिखेल, २०३१ असारदेखि असोजसम्म सहिद स्मारक आवासीय अंग्रेजी स्कुल नक्साल, वि. सं. २०३१ फागुनदेखि २०३२ फागुनसम्म भानुभक्त मेमोरियल इ. बो. स्कुल पानीपोखरी, वि. सं. २०३२ चैत्रदेखि वि. सं. २०३४ सम्म गणेश नि. मा. वि. चपली, वि. सं. २०३४ देखि वि. सं. २०३५ सम्म प्रभात नि. मा. वि. थानकोट, वि. सं. २०३५ देखि २०३६ सम्म करिब १ वर्ष गोरखा क्याम्पस गोरखामा सहायक प्राध्यापक, शुभ चामुण्डा नि. मा. वि. टुसालका नि. प्र. अ., केही अवधि वि. सं. २०३६ पुसदेखि महेन्द्र मा. वि. साँगामा शिक्षकदेखि प्र. अ. सम्मको पदभार सम्हाली वि. सं. २०४९ सम्म कार्यरत र वि. सं. २०३७ देखि काभ्रे बहुमुखी क्याम्पस बनेपामा विभिन्न पदमा रहेर कार्य गरेका छन् ।

यसरी दुवालले आफ्नो शिक्षण सेवामा संलग्न रहेको अवस्थामा माथि उल्लिखित विद्यालय तथा क्याम्पसहरूमा शिक्षण सेवा पुऱ्याएका छन् ।

### २.१२.५. समाजसेवी र सांगठनिक व्यक्तित्वः

समाजबिना बाँच्न नसक्ने मानिस सर्वश्रेष्ठ सामाजिक प्राणी हो । उसको व्यक्तित्व निर्माण गर्ने आधारभूमि समाज नै हो । नङ र मासु अनि माछा र पानीको सम्बन्ध जस्तै मान्छेको समाजसँग प्रत्यक्ष सम्बन्ध गाँसिएको हुन्छ । सुरूमा मोहन दुवाल परिणामको ख्यालै नगरी सहयोग गर्दथे । यसरी अन्धो भएर असल र खराब मान्छेका कोटी नछुट्याई सहयोग गर्दा त्यस्तो सहयोग अर्थहीन हुन गएकोले अहिले उनी मान्छेको प्रवृत्ति र भावना हेरी, मान्छेको नियत र आचरण विचार गरी अनि पछिको परिणाम समेतको ख्याल गरी उचित स्थानमा उचित व्यक्तिलाई मात्र सहयोग गर्दछन् ।

मोहन दुवाल तथाकथित ढङ्गले विभाजन गरिएको जात पात, छुवाछुत, भेदभाव, थिचोमिचो, अन्याय, अत्याचार र दमन गर्ने परम्पराको तीव्र विरोध गर्दछन् भने गएगुज्रेको आर्थिक अवस्थासँग जुधिरहेका दीनहीन मान्छेहरूको, नारीहरूको, कोमल हृदय र भावना बोकेका अबोध शिशुहरूको माया र भावनालाई आत्मसात गर्न मन पराउँछन् । दुवाल वर्गीय भेदभावका कारण ठूलाले सानालाई, शासकले शासितलाई थिच्दै र दमन गर्दै आएको हाम्रो जस्तो सामन्ती परम्परा र सोचले हुर्केको सामाजिक परिवेशलाई मेटाउन प्रगतिवादी चेतका साथ अगाडि बढ्न रूचाउँछन् । सधैं मानव कल्याणमा लाग्ने मोहन दुवाल समाजकै लागि कहिले साहित्यिक पत्रिकाको प्रधान सम्पादक भएर, कहिले साहित्यिक संस्थानमा रहेर, कहिले शैक्षिक संस्थामा रहेर अविरल रूपमा खटिरहेका देखिन्छन् । उनी सामाजिक जमघटमा सधैं सधैं रम्न मन पराउँछन् । दुवाल करिब ५ दर्जन जति संघसंस्थाहरूमा आवद्ध देखिन्छन् ।

यसरी विभिन्न सामाजिक, शैक्षिक, साहित्यिक संघसंस्था मार्फत् नेपाली सामाजिक जीवनको समुत्थानको लागि मोहन दुवालले महȧवपूर्ण योगदान पु¥याइरहेका देखिन्छन् ।

उनले सेवा पु¥याइसकेका तथा हाल सेवारत संघसंस्थाहरू यसप्रकार रहेका छन्:[११]

- बनेपा सह-शिक्षालयका सदस्य -२०२६
- दश महिने पूर्वसेवाकालीन शिक्षक तालिममा गठित शिक्षक सङ्घका अध्यक्ष -२०२८
- राँको परिवार बनेपाका सल्लाहकार -२०३०
- प्रगतिशील लेखक कलाकार सङ्घका सदस्य -(२०३६-२०४०)
- काभ्रे जिल्ला शिक्षक सङ्गठनका तदर्थ अध्यक्ष -२०३६
- ने.रा.शि.सं. जिल्ला कार्यसमितिका अध्यक्ष -२०३७
- बालबाटिका विद्यामन्दिरका संस्थापक अध्यक्ष -२०३८

– बनेपा युवा क्लबका सल्लाहकार -२०३८

– काभ्रे बहुमुखी क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष -२०३९

११. नियात्राकारसँगको कुराकानीबाट प्राप्त जानकारी अनुसार,

– जनमत साहित्यिक प्रकाशनका अध्यक्ष -२०३९

– काभ्रे बुद्धिचाल सङ्घका संस्थापक सदस्य -२०४०

– कार्पोभ चेस क्लब काठमाडौँका सल्लाहकार -२०४२

– ने.रा.शि.सं. केन्द्रिय सङ्घर्ष समितिका सदस्य -२०४२

– चैतन्य मा. वि. सञ्चालक समितिका सदस्य -२०४३

– नेवाः गुठी बनेपाका अध्यक्ष र केन्द्रीय समितिका सदस्य -(२०४४-२०४५)

– आजाद मा. वि. सञ्चालक समितिका सदस्य -२०४५

– जनमत साहित्यिक मासिकका प्रधान सम्पादक -२०४५

– जिल्ला स्तरीय टेस्ट परीक्षा समितिका सदस्य -२०४६

– नेपाल भाषा मंकाः खलः जिल्ला कार्यसमितिका संरक्षक -२०४७

– काभ्रेली साहित्य सङ्गमका संस्थापक अध्यक्ष -२०४७

– संयुक्त जनमोर्चा दलको तर्फबाट बनेपा न.पा. प्रमुखमा उम्मेदवारी -२०४८

– नेपाल पत्रकार सङ्घ जिल्ला समिति काभ्रेका सदस्य र केन्द्रीय प्रतिनिधि -२०४९

– जि. वि. स. काभ्रेबाट गठित बेरूजू छानबिन समितिका सदस्य -२०५०

– सामाजिक संस्था नगर समन्वय समिति बनेपाका संरक्षक -२०५१

– बहिरा सङ्घ काभ्रेका सल्लाहकार -२०५२

– इम्माउस ई.बो. स्कुलका अध्यक्ष -२०५२

– जनमत साहित्यिक बाटिकाका संयोजक -२०५२

– काभ्रे बहुमुखी क्याम्पस शिक्षक छनौट समितिका संयोजक -२०५२

– चीन अध्ययन केन्द्र मध्यपूर्वी शाखाका संस्थापक अध्यक्ष -२०५३

– प्रगतिशील लेखक सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष -(२०५३-२०५४)

– प्रतिभा सम्मान प्रबन्ध गुठीका संस्थापक सचिव -२०५४

– काभ्रे बहुमुखी क्याम्पस **भुजुङ्ग** वार्षिक मुखपत्रका संरक्षक -२०५४

– साहित्यिक पत्रकार सङ्घका केन्द्रीय कार्यसमितिका सदस्य -२०५५

- नेपाल सहकारी शिक्षण अस्पताल-सञ्चालक समितिका उपाध्यक्ष -२०५६
- केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समितिका संस्थापक अध्यक्ष -२०५६
- जि.वि.स. काभ्रेबाट गठित साहित्यिक मूल्याङ्कन समितिका संयोजक र सदस्य -(२०५६-२०५८)
- निर्मल लामा जन-अभिनन्दन समारोह समितिका सचिव -२०५७
- बाबा-ओमवीरसिंह बस्न्यात पुरस्कार गुठीका सदस्य -२०५७
- प्राइभेट क्याम्पस राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य -२०५८
- रामभक्त कोख श्रेष्ठ स्मृति प्रतिष्ठानका आजीवन सदस्य -२०५८
- सरस्वती प्रा. वि. का सदस्य -२०५८
- हृदयचन्द्र स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष -२०५९
- नेपाल बालसाहित्य समाजको आजीवन सदस्य-२०६६
- सुनकोशी साहित्य प्रतिष्ठानका संस्थापक सचिव
- युद्धप्रसाद मिश्र प्रतिष्ठानका सदस्य
- व्यथित-सिन्धु प्रतिभा कोषका संस्थापक सचिव
- नवसङ्केत साप्ताहिकका सल्लाहकार
- नेपाल चीन मैत्री पुस्तकालय सञ्चालक समितिका संयोजक
- ने.रा.प्र.प्र. राष्ट्रभाषा तथा राष्ट्रिय भाषा अनुवाद उपसमितिका सदस्य
- साहित्यिक पत्रकार सङ्घका आजीवन सदस्य
- साहित्य सदन नेपालको आजीवन सदस्य
- जीवन स्मृति प्रतिष्ठान दमकका आजीवन सदस्य
- दायित्व प्रकाशनका आजीवन सदस्य
- नेपाल हृदयरोग निवारण प्रतिष्ठान, काभ्रे शाखाका आजीवन सदस्य
- सुस्तमनस्थिति कल्याण संस्था, काभ्रे शाखाको आजीवन सदस्य
- साझा प्रकाशनको सेयर अंशियार
- गोकुल साहित्य पुरस्कार, गण्डकी पुरस्कार पोखराका संस्थापक
- जनकल्याण सामुदायिक सङ्घ, दाप्चाका सल्लाहकार

### २.१२.६. राजनीतिक व्यक्तित्वः

साहित्य सिर्जना लगायत विभिन्न क्षेत्रमा सक्रियतापूर्वक लागि परेका मोहन दुवाल राजनीतिक क्षेत्रमा पनि उत्तिकै क्रियाशील देखिन्छन् । युवाअवस्थादेखि नै कम्युनिष्ट सिद्धान्त र विचारप्रति झुकाव राखेर सर्वजन हिताय, सर्वजन सुखायको नारा बोकी अगाडि बढेका दुवालले वि. सं. २०२७ सालमा विगुल पत्रिका प्रकाशन गरेको पाइन्छ । वि. सं. २०२९ सालमा तत्कालीन राज्यव्यवस्थाका विरूद्धमा असहमती प्रकट गर्ने क्रान्तिकारी विद्रोही पत्रिका भनेर बिगुल तेस्रो अंक तत्कालीन सरकारले जफत गरेको थियो । वि. सं. २०३० सालमा बनेपाका ३०/४० जना उत्साही र जोसिला युवकहरू तातोपानी पिकनिक गई फर्कदै गर्दा युवाहरूको जमात देखेर दोलालघाट प्रहरीकार्यालयले जिल्ला प्रशासन कार्यालय धुलिखेलमा चीनबाट हातहतियार सहितका कम्युनिष्टहरूको प्रवेश भएको र त्यसको नाइके मोहन दुवाल भएको भनी गलत खबर पठाएपछि जिल्ला प्रशासन कार्यालयले मोहन दुवालको खोजी गर्न थाल्यो । त्यसपछि सबै साथीहरूको सल्लाह बमोजिम दुवाल एक वर्षसम्म भूमिगत जीवन बिताउन बाध्य भएको देखिन्छ । नयाँ संगठन खोल्दा राष्ट्रिय रूपमा पुऱ्याई जीवित राख्न कठिन हुने निष्कर्ष निकाली दुवाल लगायत ५ जना काभ्रेली कम्युनिष्टहरू ने.क.पा.चौंथो महाधिवेशनमा आवद्ध भई दुवाल काभ्रे जिल्ला सेक्रेटरी समेत भएको पाइन्छ ।

यसरी लामो समयदेखि राजनीतिक मोहका कारण २०४६ सालमा प्रजातन्त्रको पुनस्थापना भएपश्चात् भएको स्थानीय निकायको निर्वाचनमा दुवालले संयुक्त जनमोर्चाका तर्फबाट बनेपा नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएको पाइन्छ । उक्त निर्वाचनमा प्रतिस्पर्धाको नजिकै पुगी पराजय भोग्नु परेपछि दुवालले राजनीतिक सक्रियता देखाएनन् । हाल राजनीतिक सोच मात्र बाँकी रहेको तर क्रियाशीलता भने नरहेको स्वतन्त्र बामपन्थीका रूपमा चिनिन्छन् ।

## २.१२.७. धार्मिक तथा सांस्कृतिक व्यक्तित्वः

ईश्वर एउटै हो भन्ने धारणा राख्नुहुने मोहन दुवाल मान्छेलाई नै ईश्वरको प्रतीक मान्छन् र मान्छेले गर्ने क्रियाकलाप नै धर्म र पापको रूपमा व्याख्या गर्दछन् । राम्रो काम गरे धर्म र नराम्रो काम गरे पाप ठान्छन् ।

मोहन दुवाल परम्पराबाट चलिआएको भन्दैमा अन्धविश्वास र रूढिवादी सांस्कृतिक गतिविधिलाई परिवर्तन वा सुधार गर्नुपर्छ भन्ने मान्यता राख्दछन् । आफ्नो संस्कृतिलाई जोगाइराख्नु पर्ने मान्यता पनि उनमा भएको पाइन्छ ।[१२]

## २.१२.८. निष्कर्ष:

यस अध्यायमा नियात्राकार मोहन दुवालको जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि र बाल्यकाल, शिक्षादीक्षा, दाम्पत्य जीवन, आर्थिक अवस्था, रूचि र स्वभाव, लेखनका निम्ति प्रेरणा, भ्रमण, भाषा, पुरस्कार तथा सम्मान, शारीरिक, समाजसेवी र सांगठनीक, राजनीतिक, शैक्षिक, साहित्यिक, कवि, निबन्धकार, मुक्तककार, समालोचक, सम्पादक, नियात्राकार जस्ता व्यक्तित्वका बारेमा स्पष्ट पारिएको छ । समग्रमा उनी बहुमुखी व्यक्तित्व देखिन्छन् । उनी शान्त र मायालु वातावरणमा हुर्केका संघर्षशील व्यक्तित्वका रूपमा चिनिन्छन् । उनको कलम विविध विधामा महaवपूर्ण रूपमा चलेको पाइन्छ । हाल उनी लेखनका साथै सम्पादन कार्यमा बढी चर्चित देखिन्छन् ।

१२. ऐजन,

# अध्याय तीन

## नियात्रा सिद्धान्त र नेपाली नियात्राको कालक्रमिक अध्ययन

### ३.१ विषय प्रवेश

यात्रा साहित्य सृजनात्मक गद्य लेखनको एक महaवपूर्ण भेद हो । यसमा यात्राकार स्वयंले यात्राका क्रममा देखेभोगेका विविध परिदृश्य, घटना–प्रसङ्ग तथा सङ्गालेका अनुभवलाई आत्मपरक शैलीमा लिपिबद्ध गरेको हुन्छ । त्यसो हुँदा यो नितान्त यथार्थपरक, अनुभवात्मक र यात्राकारको निजात्मक रागले समन्वित लेखन हो । यात्रासाहित्य विश्वसाहित्यमा लामो समयदेखि प्रचलित हुँदै प्रतिष्ठित भएर नेपाली साहित्यमा पनि लामै समयदेखि लेखिदै आएको पाइन्छ । यस लेखनले विश्वसाहित्य र नेपालीसाहित्य दुवैमा नामिक स्थिरता भने पाइसकेको छैन ।

यस लेखनलाई बुझाउन अङ्ग्रेजी साहित्यमा सामान्यतया ट्र्याभल लिटरेचर, ट्र्याभल एकाउन्ट, ट्र्याभल मेम्वायर आदि शब्दका साथै 'ट्र्याभल' र 'मोनोलोग' यी दुई शब्दको योगबाट बीसौं शताब्दीमा नवनिर्माण गरिएको "ट्र्याभलौग" शब्द पनि प्रचलित देखिन्छ । हिन्दी साहित्यमा यात्रासाहित्य, यात्रावृत्त, यात्रावृत्तान्त, भ्रमणवृत्तान्त आदि अनेक शब्दहरूको प्रयोग हुने गरेको पाइन्छ भने नेपाली साहित्यमा सामान्यतया यसका यात्रावृत्तान्त, यात्रावृत्त, यात्रासंस्मरण, यात्राविवरण, यात्रानिबन्ध, भ्रमणवृत्तान्त, यात्रासाहित्य, यात्रा–भ्रमण–साहित्य, नियात्रा आदि अनेक नाम प्रचलित छन् ।

यसो भए तापनि 'यात्रासाहित्य' शब्दको निर्माण नै 'यात्रा' र 'साहित्य' यी दुई शब्दको योगबाट भएको हुँदा यात्रासाहित्य भनेको यात्रावाङ्मय वा यात्रासम्बन्धी जस्तोसुकै किसिमको लेखन अथवा यात्राको सोझो वस्तुपरक वर्णन नभएर साहित्यिक मूल्ययुक्त यात्रा–लेखन हो भन्ने स्वतः स्पष्ट छ र साहित्यिक मूल्ययुक्त यात्रा–लेखन भन्नाले सर्जक यात्रीको निजात्मक

राग र अनुभूतिको समेत सुन्दर समन्वय रहेको तथा नितान्त रूपले आत्मपरक ढङ्गबाट प्रस्तुत गरिएको यात्रावर्णन भन्ने बुझिन्छ । नेपाली साहित्यमा विशेष निजात्मक र कलात्मक कोटिको यात्रा–लेखनलाई यता साढे तीन दशकदेखि नियात्रा संज्ञाले चिन्न थालिएको छ । नाम र सृजनाका दृष्टिले नियात्रा लेखन दिनानुदिन लोकप्रिय हुँदै गएको छ ।

नेपाली यात्रासाहित्यको प्रारम्भिक अवस्थामा नाम नखुलेका लेखकहरूद्वारा "राजा गगनीराजको यात्रा (वि. सं. १५५० तिर मानिएको)", "जङ्गबहादुरको बेलायत यात्रा (वि. सं. १९१० तिर)" तथा "बत्तीस सालको रोजनाम्चा (वि. सं. १९३२–३३ तिर) जस्ता यात्रा वर्णनका कृतिहरू पनि लेखिएको पाइन्छ । यात्रासाहित्य पूर्णतः गद्य लेखन भए पनि नेपालीमा फाटफुट रूपमा पद्यमा पनि प्रस्तुत गरिदै आएको पाइन्छ । लालबहादुर आउँमासीद्वारा आत्मपरक शैलीमा लेखिएको "भोटको लडाईंको सवाई (वि. सं. १९१२)", चिरञ्जीवी शर्मा पौड्यालको कृति "श्री युरोप भ्रमण (वि. सं.१९६७)" वस्तुपरक शैलीमा लेखिएको, गद्यात्मक र पद्यात्मक मिश्रित शैलीमा लेखिएको शिखरनाथ सुवेदीको "शिखरनाथ भाष्य (वि. सं. १९५७)" तथा लेखक स्वयंका यात्रानुभवको अङ्कन गरिएको योगी नरहरिनाथको "ऐतिहासिक शिखरिणीयात्रा (२०३७)" आदि कृतिलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

अन्य साहित्यिक लेखनका तुलनामा यो नव्य लेखन हुनाकै कारणले होला यसले अहिलेसम्म नेपाली साहित्य र विश्वसाहित्य मै पनि नामिक स्थिरता पाइसकेको देखिदैन । अंग्रेजी, हिन्दी तथा नेपालीसाहित्यमा विभिन्न नामले परिचित भएपनि तुलनात्मक रूपमा यात्रासाहित्य र नियात्रा अचेल बढी प्रचलित छ भने नियात्रा चाहिँ यात्रा–लेखनको केही फराकिलो अर्थमा प्रयोग गरिदै आएको यात्रासाहित्यको पर्यायवाची मानिनुका साथै यसको अनुभूतिप्रधान र रसात्मक एक विशिष्ट शैलीभेदका रूपमा समेत मानिएको पाइन्छ ।

## ३.२ व्युत्पत्ति र अर्थ

यात्रासाहित्य संस्कृत भाषाको 'यात्रा' र 'साहित्य' शब्दको योगबाट बनेको छ ।[1] यात्रा संस्कृतको गति अर्थबोधक 'या' धातुमा ष्ट्रन+टाप् प्रत्यय लागेर बनेको छ र यसको मूल अर्थ एक ठाउँबाट अर्को ठाउँमा जानु हो । त्यस्तै यात्राको अर्थ भ्रमण पनि हो । भ्रमण संस्कृतको चलनार्थक 'भ्रमु' धातुमा 'ल्युट' प्रत्यय लागेर बनेको हो । यात्राको पर्यायवाची शब्दका रूपमा भ्रमण शब्दको उल्लेख विविध शब्दकोश र साहित्यिक ग्रन्थहरूमा भएको पाइन्छ र समाजमा पनि त्यो त्यसै अर्थमा प्रयुक्त र प्रचलित रहेको पाइन्छ । शब्दगत रूपले दुवैको प्रयोग समानार्थमा हुने गरेको भए पनि धातुगत अर्थमा 'या' धातुको अर्थ सामान्य रूपमा जानु वा हिँड्नु हो भने 'भ्रमु' धातुको अर्थ सामान्य रूपमा हिँड्नु नभएर मण्डलाकार वा घुमाउरो

किसिमले हिड्नु हो ।[२] साहित्य हितले सहित भन्ने अर्थ बोकेको 'सहित' शब्दमा 'धम्' प्रत्यय लागेर व्युत्पन्न भएको शब्द हो । यात्रा र भ्रमण शब्द प्रायः पर्यायवाची भएका हुँदा यात्रासाहित्यलाई भ्रमण साहित्य पनि भन्ने गरिएको छ ।

---

१. निर्मोही व्यास, "नेपाली यात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन, (२०६६), पृ. ४६ ।
२. ऐजन,

नेपाली साहित्यमा यात्रासाहित्यलाई सीमित अर्थमा नियात्रा नाम पनि दिइएको छ । 'यात्रा' शब्द 'या' मा 'नि' उपसर्ग लागेर बनेको हो र यसले खास प्रकारको यात्रासाहित्यको अर्थ वहन गरेको छ । यात्रासाहित्यका लागि यो शब्द संस्कृत वा हिन्दी भाषामा प्रचलित छैन र नेपालीमा पनि पहिले प्रचलित थिएन । यो नेपालीमा बीसौं शताब्दीमा बालकृष्ण पोखरेलद्वारा नवनिर्माण गरिएको शब्द हो । नियात्रा शब्दमा प्रयुक्त 'नि' उपसर्गमा 'निबन्धात्मकता' र 'निजात्मकता' अर्थ सन्निहित छ ।

यस नियात्रा शब्दको निर्माण र प्रथम प्रयोग पोखरेलले तारानाथ शर्माको यात्रासाहित्यिक कृति 'बेलाइततिर बरालिँदा (२०२६)' को 'यी नियात्राबारे' शीर्षक भूमिकात्मक लेखमा गरेका हुन् ।[३]

## ३.३. नियात्राको परिभाषाः

तारानाथ शर्माको यात्रा साहित्यिक ग्रन्थ 'बेलाइततिर बरालिँदा (२०२६)' को भूमिका लेख्ने क्रममा बालकृष्ण पोखरेलले शर्माको उक्त ग्रन्थमा सङ्ग्रहीत निबन्धात्मक शैलीमा प्रस्तुत लेखकीय निजात्मक रागले पर्याप्त मात्रामा रञ्जित एवम् हार्दिकताले ओतप्रोत, कल्पनासिक्त र अनुभूतिप्रबल रचनाहरूलाई नेपाली यात्रासाहित्यको नवीनतम मानकका रूपमा लिएर उपर्युक्त विशेषताले सम्पन्न यात्रा–कृतिका अर्थमा शर्माका ती रचनाहरूलाई 'नियात्रा' संज्ञा दिई उनले आफ्नो उक्त भूमिकात्मक लेखबाट २०२५ सालमा नेपाली साहित्यमा नियात्राको नवनिर्माण र प्रथम प्रयोग समेत गरेको पाइन्छ । त्यसैगरी तारानाथ र उनका उत्तरवर्ती केही स्रष्टाहरूले नेपालीमा नियात्रात्मक कोटीको यात्रा लेखनलाई निरन्तरता दिएर लोकप्रियता र प्रतिष्ठा प्रदान गरेको पाइन्छ ।

नियात्रा शब्द नेपाली साहित्यमा नवनिर्मित र मौलिक शब्द हुनाले यसको प्रयोग नेपालीबाहेक अन्य भाषा साहित्यमा नभएको हुँदा यसको परिभाषा पनि हालसम्म नेपाली विद्वानहरूबाट भात्र गरिएको पाइन्छ । तीमध्ये केही महaवपूर्ण परिभाषाहरूलाई यहाँ प्रस्तुत गरिन्छः

अ) नियात्रा शब्दका निर्माता र प्रथम प्रयोक्ता बालकृष्ण पोखरेलले नेपाली यात्रासाहित्यको मुख्य शैलीभेद देखाउँदै "सत्यको निस्तो वर्णन छ भने यात्रा विवरण र रमरमको आनन्द पनि मुछिएको छ भने नियात्रा कहलाउँछ ।" भनेका छन् ।[४]

३. ऐजन, पृ. ४६ ।
४. बालकृष्ण पोखरेल, "यि नियात्राबारे", बेलाइत तिर बरालिंदा, तारानाथ शर्मा, तेस्रो सं.(काठमाडौँ: साझा प्रकाशन, २०३४), पृ. ख ।

आ) नेपाली बृहत् शब्दकोशमा "यात्रानिबन्धको औपन्यासिक रूप" र "यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध" भनी अथ्याईएको छ ।[५]

इ) यस सम्बन्धमा नरेन्द्र चापागाईंको अभिमत निम्नानुसार पाइन्छ, "नियात्रा आत्मपरक निबन्धको उपयोगी उपविधाका रूपमा लिन सकिने त्यस्तो लेखन हो, जसमा वस्तुतथ्यको रेखाङ्कनलाई व्यक्तितथ्यको रङ्गले रंगाएर सजीव कला सिर्जनाका रूपमा प्रस्तुत गरिन्छ र सन्तुलित भावतथ्य एवम् यथार्थ वस्तुतथ्यको सबल समन्वयका कारणबाट सामाजिक जीवनको ऐतिहासिक साध्यका दृष्टिले जुन सर्वाधिक महàवपूर्ण हुन्छ ।"[६]

ई) तारानाथ शर्माले "नियात्रा भन्नाले यात्रावर्णनमा निजात्मक अनुभूतिको सफल समावेश भएको निबन्ध भन्ने बुझिन्छ ।" भनेका छन् । तारानाथ शर्माले निम्नानुसार पनि परिभाषित गरेको पाइन्छ । "म' लाई प्रधानता दिएर यात्राका भौतिकतासँगै संस्मरण, ज्ञान, विवेक र कल्पनासँग तरङ्गित हुनु नै नियात्रा लेखन हो ।"[७]

उ) गङ्गाप्रसाद उप्रेतीका विचारमा "नवीन भूगोलप्रति यात्राकारको निजात्मकताले निकालेको निचोड नै नियात्रा हो ।"[८]

ऊ) राजेन्द्र सुवेदीका अनुसार "यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखेका, भोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तथ्यलाई निबन्धको रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा भनिन्छ ।"[९]

ए) रामलाल अधिकारीले "सोझो यात्राविवरणलाई लेखकले निजी रङ्गमा रंगाएर साहित्यिक अभिव्यक्ति दिंदा नियात्राको जन्म हुन्छ ।" भनी लेखकीय आत्मरागले रञ्जित र साहित्यिक उष्णयुक्त यात्रा लेखनका रूपमा परिभाषित गरेको पाइन्छ ।[१०]

५. बालकृष्ण पोखरेल र अन्य (सम्पा.), नेपाली बृहद शब्दकोश, पूर्ववत्, पृ. ७३४ ।

६. नरेन्द्र चापागाईं, "प्रकाशकीय", **देशदर्शन**, सूर्यबहादुर सेन ओली, (विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान वि. सं. २०४२), पृ. ख-ग ।

७. तारानाथ शर्मा, "नियात्रा", **नेपाल**, वर्ष २, अङ्क २०,(काठमाडौँः कान्तिपुर पब्लिकेशन्, २०५९ जेठ १६-३१) ।

८. गङ्गाप्रसाद उप्रेती, **दृष्टिकोणका विविध बिसाउनी**, (काठमाडौँः प्रतिभा प्रकाशनका लागि माया उप्रेती, २०४६), पृ. १०७ ।

९. राजेन्द्र सुवेदी, स्रष्टा सृष्टिः द्रष्टा दृष्टि, दो. सं.(काठमाडौँः साझा प्रकाशन, २०४९) पृ. ४२ ।

१०. रामलाल अधिकारी, **नेपाली निबन्धयात्रा**, दो.सं.(तादोङ, पूर्व सिक्किमः मेसर्स प्रिन्टेड, ई. १९९९), पृ. २२।

ऐ) निर्मोही व्यासका अनुसार "नियात्रा एक स्वच्छन्द प्रकृतिको अनुभूतिप्रधान र रससिक्त सिर्जनात्मक गद्य लेखन हो, यसमा सृजनशील यात्रीद्वारा आफ्नो यात्रानुभवलाई प्रगाढ निजात्मक रङ्गले रङ्गाएर उन्मुक्त, आकर्षक र आल्हादक शैलीमा आत्मपरक ढंगबाट निबन्धात्मक रूपमा जीवन्त पाराले प्रस्तुत गरिएको हुन्छ ।"[११]

उपर्युक्त विद्वान्हरूका दृष्टिकोणहरूका आधारमा अन्ततः के भन्न सकिन्छ भने कुनै सृजनशील यात्रीले यात्राका क्रममा देखे-भोगेका विविध परिदृश्य, घटना प्रसङ्ग र सँगालेका अनुभवलाई निजात्मक रङ्गले रङ्गाएर भावना र कल्पनाको यथोचित समन्वयका साथ मनोहारी शैलीमा आत्मपरक ढङ्गबाट लिपिबद्ध गरेको यथार्थपरक गद्य कृति नै यात्रासाहित्य हो र नियात्रा चाहिँ यात्राकारको प्रगाढ आत्मरागरञ्जित र अनुभूतिप्रबल यात्रावर्णन हो, जसमा यात्रागत वस्तुतथ्य लेखकीय आत्मपरकतासित एकाकार भएको हुन्छ । यो निजात्मक अनुभूतिको प्रवाहले भरिएको उत्कृष्ट यात्रा लेखनका तात्पर्यमा नव यात्रासाहित्यकारका बीच तथा पाठकहरूकाबीच पनि लोकप्रिय छ ।

## ३.४. नियात्रा साहित्यका तaेव

साहित्य वाङ्मयको एक सुललित र स्वच्छन्द प्रकृतिको सृजनशील विधा हो । अग्निपुराणमा साहित्यसर्जकलाई ब्रम्हा मानिएको छ र "भौतिक संसारका सृष्टिकर्ता ब्रम्हाले आफूलाई जसरी मन लाग्यो त्यसरी नै संसारको रचना गरेझैं काव्य (साहित्य) रूपी अपार संसारका कवि (साहित्यकार) रूपी ब्रम्हाले पनि आफ्नो इच्छा अनुसार नै साहित्यसंसारको सृष्टि गर्दछ ।" भनिएको छ । त्यसो हुँदा साहित्यका विधाउपविधाहरूलाई शास्त्रीय सिद्धान्तमा बाँध्नु, तिनलाई कठोर सैद्धान्तिक कसीका आधारमा हेरिनु र तदनुसार मूल्याङ्कन गरिनु निश्चय नै उचित कुरा होइन । त्यसो गर्दा त्यस विधा विशेषमा हुने नव नव प्रयोगको पक्ष र त्यसले प्राप्त गर्ने बहुआयामिक विकास-विस्तारमा प्रशस्त अवरोध आउन सक्छ । तर पनि प्रत्येक विधाको मौलिक स्वरूपसित राम्ररी परिचित हुनका लागि त्यस विधालाई पृथक्ता प्रदान गर्ने साहित्यका अरू विधाहरूबाट अलग्याएर हेरिनु नितान्त आवश्यक हुने भएकोले त्यसका

विधायक तàवहरूको निरूपण त्यसै दृष्टिले गर्नु उचित हुन्छ । यात्रासाहित्यका तàवहरूको निरूपण पनि तदनुसार नै गरिनुपर्दछ । यस सन्दर्भमा उपलब्ध पाश्चात्य, भारतीय र नेपाली विद्वान्हरूका केही अभिमत निम्नानुसार प्रस्तुत गरिन्छ ।

११. निर्मोही व्यास, "नियात्रा साहित्यको सिर्जनात्मक स्वरूप", **मधुपर्क**, वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ४२३, नियात्रा अङ्क), पूर्ववत्, पृ. ५९ ।

## ३.४.१. पाश्चात्य विद्वान्का दृष्टिमा नियात्राका तàव

(क) साइक्लोपीडिया ब्रिटानिकामा यात्रासाहित्यलाई आख्यानेतर गद्य अन्तर्गत राखिएको छ र यात्रासाहित्यका तàवहरूको छुट्टै चर्चा नगरी समष्टिगत रूपमा आख्यानेतर गद्यका तàवहरूको चर्चा गरिएको छ र त्यस्ता तàवका रूपमा यथार्थ र कल्पना, शैली र निजात्मकता यी कुराको उल्लेख गरिएको छ ।

(ख) इलिमेन्ट अफ लिटरेचर्मा यात्रासाहित्य (यात्रानिबन्ध) को महàवपूर्ण तàवका रूपमा प्रत्यायन अर्थात् विश्वासोत्पादनको उल्लेख गरिएको छ ।[१२]

## ३.४.२. भारतीय विद्वान्का दृष्टिमा नियात्राका तàव

(क) हिन्दी साहित्यका विद्वान्  रमेश कुन्तल मेघले यात्रासाहित्यको सफलताको प्रमाण विवरणहरूसित पाठकहरूको तादात्म्यलाई मान्दै यात्राप्रदेशप्रति यात्रीलेखक सजग र सहानुभूतिशील हुनै पर्ने तथा चित्रात्मकता यस विधाको अभिव्यक्तिमा सर्वाधिक अपेक्षित रहने विचार व्यक्त गरेबाट उनले चित्रात्मकता र विवरणात्मकता (तत् स्थानिकता+तथ्यात्मकता) लाई यात्रा साहित्यका मुख्य तत्व मानेको ज्ञात हुन्छ ।[१३]

(ख) ओमप्रकाश सिंहलले यात्रासाहित्यका विधायक उपकरण भनेर निम्न लिखित कुराहरूलाई अघि सारेको पाइन्छः स्थानीयता, तथ्यात्मकता, आत्मीयता, वैयक्तिकता (निजात्मकता) कल्पनाप्रवणता, रोचकता र चित्रोपमता र उनले यीमध्ये चित्रोपमतालाई सर्वोपरि मान्दै यसको अभावमा यात्रासाहित्य यात्रासाहित्य नभएर पर्यटन-पुस्तिका हुन जाने विचार व्यक्त गरेका छन् ।[१४]

(ग) रघुवंशले निबन्धशैलीका स्वच्छन्दता, व्यक्तिपरकता (निजात्मकता) र आत्मीयता जस्ता गुण यात्रासाहित्यमा पनि पाइने उल्लेख गरेर उपर्युक्त तीन कुरालाई निबन्धसित मिल्ने यात्रासाहित्यका तàवका रूपमा उल्लेख गरेका छन् । यसका अन्य तàवहरूका सम्बन्धमा भने उनी मौन रहेका छन् ।[१५]

१२. शोल्ज रवर्ट र अन्य, सम्पा., **इलिमेन्ट अफ लिटरेचर**, (लण्डनः अक्सफोर्ड युनिभर्सिटी प्रेस, इ. २०००) ।

१३. रमेश कुन्तल मेघ, **अन्य गद्य विधाएँ**, पूर्ववत्, पृ. २८५ ।

१४. ओमप्रकाश सिंहल, **गद्यकी नई दिशाएँ**, पूर्ववत्, पृ. ५०-५३ ।

१५. रघुवंश, **यात्रा साहित्य**, पूर्ववत्, पृ. ५११-५१३ ।

(घ) माजदा असदले स्थानीयतालाई महàवपूर्ण मानेर आत्मीयता, कल्पनाशीलता र रोचकतालाई समेत यात्रासाहित्यका विधायक तàवका रूपमा लिएको पाइन्छ र रोचक बनाउने प्रयासमा कल्पनाको पनि सहयोगी भूमिका रहने कुराको उल्लेखका साथै वैयक्तिकता (निजात्मकता)लाई पनि अनिवार्य उपकरण स्वीकार गरेको पाइन्छ ।[१६]

## ३.४.३.नेपाली विद्वान्का दृष्टिमा नियात्राका तàव

(क) नेपाली साहित्यका विद्वान् वासुदेव त्रिपाठीले स्पष्टतः तàव नै भनेर उल्लेख गरेको नपाइए पनि यात्रासाहित्यको उत्तमताको चर्चा प्रसङ्गमा वस्तुत यात्रावृत्तान्त निजी जीवनभोगको अभिव्यक्ति भएर पनि वस्तुविषयप्रति बढी उन्मुख रहन्छ अनि यत्तिको वस्तुपरक हुँदा हुँदै पनि निजत्वमय जीवनभोगका पृष्ठभूमिले गर्दा आत्मपरक निबन्धका आत्मीयभावधाराद्वारा अभिषिक्त भएको उत्तम मानिन्छ भनि यात्रासाहित्यका प्रमुख तàवका रूपमा वर्ण्य विषयको निजी भोगको अनुभव र आत्मीयता यी दुई कुरालाई इङ्गित गरेको प्रतीत हुन्छ । [१७]

(ख) ईश्वर बरालले "साहित्य अभिधेय हुनाकन भ्रमणवृत्तान्तका निम्ति रमणीयता, सौन्दर्यविभा, नन्दनतàव र रसात्मकताका परिपाकले सिद्धै नभै नहुने कुरो हो ।" भनी रोचकता र रसमयतालाई यसको अपरिहार्य तàव मानेको पाइन्छ ।[१८]

(ग) गङ्गाप्रसाद उप्रेतीले नियात्राको साहित्यिक मूल्य र नेपाली नियात्राको विकासक्रमको चर्चा गर्ने क्रममा सूचनात्मकता, निजात्मकता र चिन्तनशीलता यी तीन तàवको समुचित समायोजनबाट यात्राविवरणले साहित्यिक सार्थकता प्राप्त गर्ने कुराको उल्लेख गरेबाट उनले उपर्युक्त तीन कुरालाई यात्रासाहित्यका तàव मानेको देखिन्छ ।[१९]

उपर्युक्त विभिन्न विद्वान्हरूका अभिमतका आधारमा निष्कर्षतः के भन्न सकिन्छ भने यात्रासाहित्य मूलतः निजात्मक निबन्धबाट विकसित लेखन भएको हुँदा निबन्धका

अनेक तaव यसका पनि तaवका रूपमा रहेका देखिन्छन् । निबन्धका निम्ति आवश्यकता नपर्ने र यात्रासाहित्यका निम्ति नभई नहुने तaव यात्रामयता वा गतिशीलता हो, जुन कुनै एक निश्चित स्थल वा प्रदेशदेखि अर्को एक वा अनेक निश्चित स्थल वा प्रदेशसम्म अखण्डित

१६. माजदा असद, **गद्यकी नई विधाओंका विकास**, पूर्ववत्, पृ. ९-१० ।
१७. बासुदेव त्रिपाठी, **सैद्धान्तिक तथा ऐतिहासिक परिप्रेक्ष्यमा नेपाली यात्रासाहित्यको रूपरेखा**, पूर्ववत्, पृ. २४ ।
१८. ईश्वर बराल, पूर्ववत्, पृ. १६ ।
१९. गङ्गाप्रसाद उप्रेती, **दृष्टिकोणका विविध बिसाउनी**, पूर्ववत्, पृ. १०७ ।

हुन्छ । यी अभिमतहरूका आधारमा नियात्रासाहित्यका तaवहरू निम्न लिखित रूपमा निर्धारण गरिएको छः[२०]

**अ) प्राथमिक तaवः**

(क) गतिशीलता (ख) स्थानीयता (ग) तथ्यात्मकता

**(क) गतिशीलता**

गतिशीलता यात्रासाहित्यको प्रथम आधारभूत तaव हो । यात्रा पैदलै वा अन्य कतिपय सवारीसाधनद्वारा गरिएको हुनसक्छ र नजिक वा सुदूर स्थानसम्मको हुन सक्छ । तदनुसार केही घण्टा या केही दिनको अर्थात् लामो छोटो समयावधिको हुनसक्छ तर यात्रा नै नगरीकन भने यात्रासाहित्यको सिर्जना सर्वथा असम्भव छ । त्यसो हुँदा नै यात्रामयता वा गतिशीलतालाई प्रथम आधारभूत तaव मान्नैपर्छ । गतिशीलताले पाठकलाई स्वयं लेखकसँगसँगै तत् तत् स्थानको यात्रा गरिरहेको जीवन्त अनुभूति प्रदान गर्दछ ।

**(ख) स्थानीयता**

स्थानीयता यात्रासाहित्यको अर्को आधारभूत तaव हो, किनभने कुनै पनि यात्रा कुनै न कुनै स्थानसित नै सम्बद्ध हुन्छ । जुन स्थान वा स्थानहरूको यात्रा गरिएको हुन्छ, त्यहाँको परिवेश एवम् त्यहाँ साक्षात् हुन आउने प्राकृतिक, भौगोलिक, सामाजिक, भाषिक, सांस्कृतिक विशेषता तथा विविध घटना र परिदृश्ययुक्त स्थानीय रङ्गले यात्रासाहित्यमा आधारशिलाको स्थान लिएको हुन्छ । जसको अभावमा यात्रासाहित्य सिर्जनाको कल्पनासम्म पनि गर्न सकिदैन ।

**(ग) तथ्यात्मकता**

यात्राकृत स्थलहरूमा पाइने विविध विषयगत तथ्यहरूको औचित्यपूर्ण उल्लेख पनि यात्रासाहित्यका निम्ति अपरिहार्य हुन्छ । यसबाट लेखक, पाठक दुवैलाई यथातथ्य सूचना र ज्ञान प्राप्त हुन्छ । तर आवश्यक मात्रामा बाहेक तथ्यहरूको लामो विवरण प्रस्तुत गरियो भने

त्यसबाट यात्राकृतिको साहित्यिक पक्षमा आघात पुग्छ र त्यस्तो कृति यात्रासाहित्य नभएर यात्राविवरण वा पर्यटन सम्बन्धी पथप्रदर्शिका (गाइडबुक) मात्र बन्न पुग्दछ ।

## आ) द्वितीयक तàव

(क) निजात्मकता (ख) अनुभूतिमयता (ग) चिन्तन (घ) आत्मीयता (ङ) कल्पनाप्रवणता (च) स्वच्छन्दता (छ) रसात्मकता (ज) रोचकता (झ) चित्रात्मकता (ञ) कौतुहल ।

---

२०. निर्मोही व्यास, **नेपाली नियात्राहरुको अध्ययन**, पृ. ५९ ।

### (क) निजात्मकता

यात्रासाहित्य निजात्मकताप्रधान लेखन भएको हुँदा यसमा निजात्मकताको स्थान अत्यन्त महàवपूर्ण हुन्छ र लेखकको आनिबानी एवं रूचिलगाएत सम्पूर्ण निजी व्यक्तित्व प्रत्यक्ष रूपमा प्रस्तुत हुन्छ । यसै निजात्मकतामा नै उसको यात्रा कृतिको संरचना निहित हुन्छ । आफ्नै रूचि र दृष्टि अनुसार नै यात्राकारले यात्रास्थलको चयन गर्दछ । यात्रामा देखिएका भोगिएका दृश्य, घटना र प्रसङ्गहरूलाई कृतिमा यात्राकारले अङ्कन गर्दछ ।

### (ख) अनुभूतिमयता

यात्रासाहित्यमा यात्राका क्रममा सम्बद्ध भू–परिवेश, प्रकृति, समाजसंस्कृति, जनजीवन, अनेक व्यक्तिपात्र र घटना–प्रसङ्ग आदिसितको साक्षात्कारबाट यात्राकारलाई प्राप्त हुने विविध अनुभूतिले यात्रासाहित्यलाई प्राण प्रदान गर्दछ । अनुभूतिको समन्वितिका अभावमा यात्रासाहित्य यात्रासाहित्य नभएर यात्राको वस्तुवर्णन वा यात्राविवरण मात्र बन्दछ । त्यसैले अनुभूतिमयता यात्रासाहित्यको अत्यावश्यक तàव हो ।

### (ग) चिन्तन

चिन्तन यात्रासाहित्यको अर्को महàवपूर्ण तàव हो । यस तत्वको समावेशबाट सम्बन्धित यात्रास्थलको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महàव प्रदर्शित हुनुका अतिरिक्त स्थानीय जनताको बौद्धिकता एवम् दार्शनिक धरातलको परिचय प्राप्त हुन्छ र कृतिको बौद्धिक पक्ष, संवेदना पक्ष एवम् सौन्दर्य पक्षको अभिवृद्धि हुन्छ । चिन्तनको अभावमा यात्रा लेखन साहित्य नभएर यात्राविवरण मात्र बन्न पुग्दछ ।

### (घ) आत्मीयता

सामान्य यात्रीका निम्ति नौलो ठाउँको यात्रामा देखिन भेटिन आउने प्रकृति र व्यक्तिहरू प्रकृति र व्यक्ति मात्र हुन्छन् । तीसित उनीहरूको कुनै भावनात्मक सम्बन्ध स्थापित

हुँदैन । उनीहरू नितान्त तटस्थ र औपचारिक बनी तीसित एकदमै असंलग्न रहेर आफ्ना यात्रा सम्पन्न गर्दछन् । तर भावनाशील सर्जक यात्रीहरूको भने अनेक वन, उपवन, खोलानाला, फाँट–नगर, पहाड–समथर, गाउँ–नगर, बाटा–घाटा, झुप्रा–महल, मठ–मन्दिर, ताल, तलाउ, मानिस, पशुपन्छी, बोटबिरूवा र ढुङ्गा माटो लगायत सम्पूर्णसित आत्मीय सम्बन्ध स्थापना हुन्छ । जसका कारण यात्रासाहित्य सजीव र सुन्दर बन्दछ ।

### (ङ) कल्पनाप्रवणता

कल्पनाप्रवणतामा अपूर्व आकर्षण हुन्छ जसले यात्रासाहित्यिक कृतिलाई जीवन्त र पाठकलाई सम्मोहित तुल्याइदिन्छ । यात्रासाहित्य काव्य, आख्यान र नाटक जस्तो कल्पनामूलक नभएर आत्मभोगमूलक लेखन हो । यसमा यात्रीले यात्राका क्रममा स्वयंले देखे भोगेका विविध दृश्य, घटना–प्रसङ्ग र अनुभव–अनुभूतिहरूको अङ्कन गरेको हुन्छ । त्यसले कल्पनाको लालित्य भरिएपछि मात्र साहित्यिकता प्राप्त गर्दछ । कल्पनाप्रवणताबाट प्रकृतिको मानवीकरण र मानवको प्रकृतिकरण समेत हुन्छ ।

### (च) स्वच्छन्दता

स्वच्छन्दताले यात्रासाहित्यलाई निर्जीव हुनबाट जोगाउँछ । लेखकले यात्रागत वस्तुतथ्यको यथार्थपरक प्रस्तुतिमा बाधा नपर्ने किसिमबाट यात्रा लेखनको मर्यादालाई सम्पूर्णतः आत्मसात् गरी एक निश्चित सीमाभित्र रहेर आफूखुशी लहडबाजीका साथ खोला झैं नागबेली पर्दै वा चरा झैं आकासिएर कावा खाँदै मनमोजी पारामा आफ्ना यात्राकालीन अनुभव र अनुभूतिहरूलाई स्वच्छन्द भावले अभिव्यक्त गर्दछ ।

### (छ) रसात्मकता

नीरस रचना साहित्यको कोटीमा पर्दैन । रसका परिपाकले पुष्ट साहित्यिक कृति नै संवेद्य, आस्वाद्य र आनन्दप्रद हुने भएको हुँदा साहित्यका अरू विधामा जस्तै यात्रासाहित्यमा पनि रसको समन्विति अपरिहार्य हुन्छ । त्यसैले रसात्मकता पनि यात्रासाहित्यको एक अनिवार्य र महaवपूर्ण तaव हो भन्न सकिन्छ ।

### (ज) रोचकता

कुनै यात्राकृतिमा अन्य सबै तàवको उपस्थिति रहेपनि रोचकताको अभावमा त्यो कृति अरूचिकर, अनाकर्षक र अनास्वाद्य बन्दछ, त्यसैले रोचकता पनि यात्रासाहित्यको एक अपरिहार्य तàव हो ।

**(झ) चित्रात्मकता**

यात्रामा क्रमशः अघि बढ्दै जाँदा प्रतिक्षण नौला नौला बहुरङ्गी दृश्य र घटनाहरूसित यात्रीको आँखाले साक्षात्कार गरिरहेको हुन्छ । तीनको सजीव चित्राङ्कन यात्रासाहित्यमा गरिएको हुनुपर्छ । जसका कारण त्यो कृति चित्ताकर्षक बन्दछ ।

**(ञ) कौतूहल**

यात्राका निम्ति सम्बद्ध यात्रास्थलको चयन पूर्वदेखि नै यात्राकारका मनमा त्यस स्थलप्रति प्रबल कौतूहल उत्पन्न भएको हुन्छ । यात्राका क्रममा एकपछि अर्को साक्षात्कृत हुँदै जाने स्थान, दृश्य, समाज, संस्कृति, जनजीवन एवं घटना–प्रसङ्गप्रति यात्राकारको कौतूहल यात्राको गतिसँगै क्रमिक रूपले बढ्दै जान्छ तथा यात्रा अवधिभरि त्यो क्रम जारी रहन्छ र यात्राको अन्त्यसँगै त्यसको अन्त्य हुन्छ । यस प्रकार कृतिमा सजीव रूपले अङ्कित भएर पाठकका निम्ति उत्प्रेरकका रूपमा समेत सम्प्रेषित हुने हुँदा यसलाई यात्रासाहित्यको आवश्यक तàवको रूपमा लिनसकिन्छ ।

**(इ) अन्य तàव**

आख्यानात्मकता, पात्र, अवधि, समय परिस्थिति र वातावरण, उद्देश्य, भाषाशैली ।[२१]

**(क) आख्यानात्मकता**

लेखक यात्रीको यात्रारम्भसँगै वा अझ यात्राको तयारीदेखि नै आख्यान प्रारम्भ हुन्छ र यात्रान्तमा पुगेर समाप्त हुन्छ । यसको आख्यानात्मकता देशाटनमै केन्द्रित हुन्छ । यात्रा–अवधिभर यात्राकारसित एकपछि एक साक्षात् हुन आउने नयाँ नयाँ परिवेश प्रकृति, समाज, घटना–प्रसङ्ग आदिको सन्निवेश लेखक यात्री, उसका सहयात्री लगायत यात्राकालमा सम्पृक्त हुन आउने सामान्य वा विशिष्ट, स्थानीय वा परदेशी अनेक व्यक्तिपात्रहरूको क्षणिक वा यात्रावधिक उपस्थिति र पूर्णकालीन गतिशीलता वा यात्राशीलता आदिको ½ृङ्खलाविहीन ½ृङ्खलाबद्धताले यात्रासाहित्यलाई आफ्नै प्रकारको आख्यानात्मकता प्रदान गरेको हुन्छ ।

**(ख) पात्र**

यात्राकार, उसका सहयात्री र यात्रामा प्रत्यक्ष वा परोक्ष रूपले सम्पृक्त हुन आउने सामान्य वा विशिष्ट अनेक व्यक्ति, मानववेतर प्राणी वा वस्तु यात्रासाहित्यका पात्र हुन् । यात्राकार स्वयं चाहिँ यसको नायक वा प्रमुख पात्र पनि हुन्छ । लेखक–यात्रीका सहयात्री र अन्य व्यक्ति पनि त्यसका पात्र भए पनि यस सन्दर्भमा तीनको भूमिका अत्यन्त गौण रहन्छ ।

**(ग) अवधि**

आरोह–अवरोहमा जीवनचक्रमा एकरसताबाट केही समयका लागि मुक्त भएर आनन्द मनाउन, मनोरञ्जन गर्न, ज्ञानार्जन, धनार्जन, पुण्यार्जन र अनुभवार्जन गर्न मानिस निकटवर्ती प्रदेश वा दूरदेशको सावधिक यात्रामा निस्कन्छन् । तिनका यात्राको अवधि सामान्यतया दुई–चार घण्टादेखि लिएर दुई–चार वर्षसम्म पनि हुनसक्छ । पहिले पहिले महिनौं र वर्षौंसम्म लाग्ने यात्रा हाल विविध वैज्ञानिक आविष्कारले केही दिन र केही घण्टामा नै सम्पन्न हुन सक्ने भएको छ । त्यसो हुनाले यात्राको अवधि यति नै हुन्छ भन्ने किटान गर्न गाऱ्हो भए पनि नेपालीमा उपलब्ध यात्रासाहित्यिक कृतिहरूका आधारमा यात्राको अधिकतम र न्यूनतम अवधि दुई चार घण्टादेखि एक–दुई वर्षसम्म पनि हुन सक्ने देखिन्छ ।

२१. ऐजन, पृ. ६२ ।

**(घ) समय–परिस्थिति र वातावरण**

यात्राकार आफ्नो यात्रासाहित्यिक कृतिमा यात्राका स्थानका अतिरिक्त यात्राको समय परिस्थिति र तत्कालीन वातावरण सम्बन्धी यथार्थको अङ्कन गरेर सम्बद्ध स्थानको यात्राकालीन भूगोल, प्रकृति, समाज, इतिहास, भाषा–धर्म–संस्कृति, कला, शिक्षा, अर्थ, राजनीति, उद्योग, सञ्चार, यातायात आदि विभिन्न पक्ष तथा विविध घटना–प्रसङ्ग एवं अनेक व्यक्ति–पात्रको समेत चिरकालपर्यन्त ऐतिहासिक प्रस्तुत गर्दछ । त्यसैले यो पनि यात्रासाहित्यको एक उल्लेख्य तaव हो भन्न सकिन्छ ।

**(ङ) उद्देश्य**

सम्बद्ध यात्रास्थलको बहुपक्षीय वस्तुगत यथार्थको प्रकटीकरणका साथै अनुभूति र कल्पनाको प्रगाढ रङ्ग एवं यात्राकारको निजात्मकताको संवेदनाद्वारा त्यसलाई पाठकवर्गको मनमस्तिष्कको चित्रपटमा चित्रित गरी सत्यम्, शिवम्, सुन्दरम्को भावनालाई अभिव्याञ्जित तुल्याउनु नै यात्रासाहित्यको मूल उद्देश्य हो भन्न सकिन्छ ।

**(च) भाषाशैली**

साहित्य पनि भाषाका माध्यमबाट नै प्रकाशनमा आउने हुँदा तथा प्रभावकारी भाषा–शैलीको प्रयोगबाट भावाभिव्यक्ति प्रभावकारी रूपमा प्रकट हुने हुँदा भाषाशैली साहित्यका अरू विधा–उपविधाको जस्तै यात्रासाहित्यको पनि एक महàवपूर्ण तàव हो । व्यक्तिपरक भाषाशैली फरक फरक भए पनि सरल, प्राञ्जल, प्रवाहमय, सहज सम्प्रेष्य एवं काव्यात्मक भाषाशैलीमा लेखिएको यात्रासाहित्य विशेष आस्वाद्य र प्रभावकारी भएका उदाहरण विश्वसाहित्य र नेपालीसाहित्यमै पनि पाइन्छ ।

## ३.५. नियात्रा साहित्यको वर्गीकरण

नियात्रा साहित्य लेखक विश्वसाहित्यमा नै एक नव्य गद्य लेखन भैकन पनि समृद्ध र लोकप्रिय भइसकेको छ । हालसम्म स्थलयात्रा, जलयात्रादेखि अन्तरिक्षयात्रासम्मका अनेक सरलता, जटिलता, सुगमता, दुर्गमता, सुन्दरता, भयावहता तथा रहस्य–रोमाञ्च आदि यात्राका भौतिक पक्षसँगै यात्रीको संवेग, संवेदना, अनुभूति आदि व्यापक कुरालाई यसले आफ्नो विषयवस्तु बनाइसकेको छ । यस क्रममा यसले विषय वा क्षेत्रविस्तार र उद्देश्यविस्तारका साथै नाना शैली–शिल्पको आविष्कार, विकास र विस्तारसमेत गरिसकेको छ । अनेक शाखा, उपशाखा, र प्रशाखा हालिसकेको छ । यसकारण यसको वर्गीकरण गर्ने काम त्यति सहज देखिदैन । यसको वर्गीकरणका बारेमा पाश्चात्य, भारतीय तथा नेपाली विद्वान्हरूले आ–आफ्ना विभिन्न मत, अभिमतहरू अगाडि सारेका छन् । यिनै विद्वान्हरूका विभिन्न अभिमतहरूलाई आधार मानेर यहाँ वर्गीकरणका लागि निम्नलिखित आधार स्वीकार गरिएको छः[२२]

**(अ) विषयका आधारमा**

१) भौगोलिक–प्राकृतिक

२) ऐतिहासिक

३) सांस्कृतिक

४) धार्मिक

५) शैक्षिक

६) साहित्यिक

७) साहसिक

**आ) उद्देश्यका आधारमा**

१) अनुसन्धानप्रधान

२) शिक्षाप्रधान

३) विशुद्ध भ्रमणमूलक वा मनोरञ्जनप्रधान

४) मिश्रित

**(इ) शैली शिल्पका आधारमा**

१) वर्णनात्मक–विवरणात्मक

२) आख्यानात्मक

---

२२. ऐजन, पृ. ६९ ।

३) संस्मरणात्मक

४) पत्रात्मक

५) दैनिक्यात्मक

६) निबन्धात्मक

**(ई) आयतनका आधारमा**

१) स्फुटरूप

२) ग्रन्थरूप

## ३.६. अन्य विधासँग नियात्रासाहित्यको तुलना

साहित्य जीवन र जगत्को ललित शाब्दिक अभिव्यक्ति हो र विधा विस्तार कुनै पनि साहित्यको समृद्धि र समुन्नतितर्फको अग्रसरताको द्योतक हो । जुन साहित्यमा जीवन र जगत्का विविध क्षेत्र विविध विषय र विविध अनुभव–अनुभूति नव नव शैली शिल्पका साथ कलात्मक र जीवन्त रूपले अधिकाधिक मात्रामा समाविष्ट हुदै जान्छन् । त्यो साहित्य त्यति नै समृद्ध, समुन्नत एवम् बहुशाखायित समेत हुदै जान्छ । साहित्य मार्फत् अभिव्यक्ति दिने क्रममा विभिन्न विधाको एक अर्कामा निकटतम सम्बन्ध स्थापित भएको हुन्छ । नियात्रा साहित्य पनि यसबाट अछुतो रहन सक्तैन । यो संस्मरण, निबन्ध, पत्रसाहित्य, दैनिकी, जीवनी, शब्दचित्र या रेखाचित्र, अन्तर्वार्ता, आत्मकथा, रिपोतार्ज, जस्ता नव गद्य विधासँग धेरथोर सजातीयता राख्छ । अतः यहाँ क्रमशः संस्मरण, निबन्ध, पत्रसाहित्य, दैनिकी, जीवनीसँगको सम्बन्ध प्रस्तुत गरिन्छ ।[२३]

### ३.६.१. यात्रासाहित्य र निबन्ध

यात्रासाहित्यलाई निबन्धको निजात्मक भेदबाट विकसित लेखन मान्न सकिने हुँदा निबन्धसित यात्रासाहित्यको सम्बन्ध पनि पूर्वज र वंशजका रूपमा रहेको मान्न सकिन्छ । निबन्धमा पाइने आत्मीयता, भावुकता र हार्दिकता जस्ता निश्छल अनुभूतिका साथै स्वच्छन्दता, रसात्मकता, सजीवता, कल्पनाप्रवणता, आत्मपरकता र चिन्तन जस्ता गुणहरू यात्रासाहित्यमा पनि न्यूनाधिक मात्रामा पाइन्छन् । त्यसो भए तापनि निबन्धमा र यात्रासाहित्यमा आधारभूत रूपमै अनेक भिन्नता पाइन्छ । निबन्ध मूलतः स्थितिशील लेखन यात्रासाहित्य पूर्णतः गतिशील लेखन, निबन्धमा संस्मरण तaव अनुभूतिका रूपमा मात्र रहन सक्छ परन्तु यात्रासाहित्यमा संस्मरणात्मकता अत्यन्त महaवपूर्ण हुन्छ । त्यस्तै निबन्ध पूर्णतः स्वकेन्द्री लेखन हो भने यात्रासाहित्य मूलतः वस्तुकेन्द्री लेखन हो ।

२३. ऐजन, पृ. ७२ ।

## ३.६.२. यात्रासाहित्य र संस्मरण

संस्मरणमा कुनै लेखकद्वारा जीवन क्रममा साक्षात्कृत र स्मृतिमा सञ्चित कुनै विशेष स्मरणीय स्थान, प्रकृति, समाज, संस्कृति, व्यक्ति, वस्तु, घटना आदिसित सम्बद्ध वैयक्तिक जीवनानुभवका व्यापक प्रसङ्गहरूलाई खण्ड खण्ड रूपले आत्मपरक ढङ्गबाट प्रस्तुत गरिन्छ भने यात्रासाहित्यमा पनि यात्राका क्रममा साक्षात्कृत र स्मृतिपटलमा अङ्कित अनेक स्थान, प्रकृति, जनजीवन, व्यक्तिहरू र घटना प्रसङ्ग आदिसित सम्बन्धित यात्राकारको अनुभवलाई आत्मपरक ढङ्गबाटै अभिव्यक्त गरिन्छ । यसरी संस्मरण र यात्रासाहित्य यी दुवै प्रकारका लेखनमा स्मृति तaवको भूमिका रहने भएको हुँदा यात्रासाहित्यलाई संस्मरणको विस्तृत क्षेत्र अन्तर्गतको लेखन पनि मानेको पाइन्छ । यति हुँदा हुँदै पनि संस्मरण र यात्रासाहित्यमा भिन्नता पाइन्छ । यात्रासाहित्य पूर्णतः गतिशील लेखन हो भने संस्मरण स्थितिशील लेखन, यात्रासाहित्यमा यात्रामयता अनिवार्य हुन्छ भने संस्मरणमा आवश्यक हुँदैन, यात्रासाहित्य यात्रान्तपछि लगत्तै झण्डै यात्राप्त रूपमै सिर्जना हुन्छ तर संस्मरण चाहिँ लेखक आफ्नो स्मृतिमा सञ्चित दूर अतीतकालीन विषय–प्रसङ्गलाई प्रायः तत्काल नभएर कालान्तरमा लिपिबद्ध गर्दछ, यात्रासाहित्यमा लेखकले यात्राकालमा देखे–भोगेका विविध विषय–प्रसङ्गलाई व्यापक रूपले समावेश गरेको हुन्छ भने संस्मरणमा अतीतकालीन अनेक सम्झनाहरूमध्ये स्मृतिपटलमा अङ्कित र बढी प्रभावोत्पादक कुनै विशिष्ट सम्झनाको आलेखन गरिएको हुन्छ ।

## ३.६.३. यात्रासाहित्य र पत्रसाहित्य

जीवन भोगाइका क्रममा कुनै निश्चित व्यक्तिद्वारा अर्को कुनै निश्चित व्यक्तिलाई प्रेषक स्वयम्का, प्रापकका वा कुनै तृतीय पुरुषका बारेमा एक वा अनेक कुरा हालेर प्रापकलाई सम्बोधन गरी आत्मपरक शैलीमा लेखिएको लेख नै पत्र हो र साहित्यिक मूल्य र महàव प्राप्त गरेको पत्र नै पत्रसाहित्य हो । विषयका दृष्टिले पत्रसाहित्यले उस्तै विस्तृत आयाम प्राप्त गरेको हुन्छ । यसो भए तापनि यात्रासाहित्य र पत्रसाहित्यबीच आधारभूत रूपमै ठूलो अन्तर पाइन्छ । पत्रसाहित्यमा यात्रामयता आवश्यक हुदैन, यो स्थितिशील लेखन हो । कुनै पत्रसाहित्यमा लेखकविशेषका यात्रात्मक अनुभवले थोरै स्थान पाएको देखिन्छ भने कुनै कुनै यात्रासाहित्यकारले आफ्नो सिर्जना विशेषमा पत्रात्मक शैलीको प्रयोग गरेको पाइन्छ ।

### ३.६.४. यात्रासाहित्य र दैनिकी

दैनिकी नितान्त वैयक्तिक लेखन हो । यसमा दैनिकी लेखकको व्यक्तित्व प्रतिबिम्बित हुन्छ । यो स्थान र तिथिमितिको अङ्कनका साथ प्रतिदिन वा दिन बिराएर पनि लेखिन्छ । दैनिकी र यात्रासाहित्य दुवै आत्मपरक शैलीमा लेखिने नव गद्य लेखन हुन् तर यिनमा पनि भिन्नता पाइन्छ । दैनिकी दैनिक कार्यव्यापारको अभिरेखाङ्कनका माध्यमबाट आत्मोद्घाटन गर्नु तथा यात्राका माध्यमबाट साक्षात्कृत कुनै भू–खण्डको बहुआयामिक परिचय पर्याप्त निजात्मक रागबाट दिनु यात्रासाहित्य हो । यात्रासाहित्य यात्रात्मक लेखन र दैनिकीसाहित्य अयात्रात्मक लेखन हो ।

### ३.६.५. यात्रासाहित्य र जीवनी

यात्रासाहित्य र जीवनी दुवै यथार्थपरक साहित्यिक नव गद्य लेखन हुन् तथा दुवै नै भोगमुक्त जीवनका अभिव्यक्ति हुन्, परन्तु यसो भए तापनि जीवनी वस्तुतः परकीय जीवनभोगको वर्णनात्मक आलेखन हो भने यात्रासाहित्य चाहिँ नितान्त रूपमा आत्मभोगजन्य वा अनुभवात्मक लेखन हो । त्यस्तै जीवनी व्यक्तिकेन्द्री र एकोन्मुखी लेखन हो भने यात्रासाहित्य यात्राकेन्द्री र बहुआयामिक वा अनेकोमुखी लेखन हो । यसैगरी जीवनीमा यात्रा तàव अपरिहार्य हुदैन परन्तु यात्रासाहित्यमा यात्रामयता प्रथम आधारभूत तàव हो । यसप्रकार यात्रामयता र यात्राकेन्द्रिता, पर्याप्तमात्रामा स्थानीय रङ्गको सम्मिश्रण र विषयवस्तुगत

बहुआयामिकता तथा शैलीगत निजात्मकता, अनुभूति र चिन्तनमयता, भावात्मकता, कल्पनाप्रवणता एवम् स्वच्छन्दता जस्ता आफ्ना मौलिक गुणहरूले गर्दा यात्रासाहित्य जीवनीभन्दा भिन्न छ ।

## ३.७. नेपाली नियात्राको कालक्रमिक अध्ययन

नेपाली साहित्यमा यात्रासाहित्य लेखनको प्रारम्भविन्दुका रूपमा हालसम्म विद्वान्हरूद्वारा पूर्णप्रकाश नेपाल यात्रीद्वारा अन्वेषित सम्पादित राजा गगनिराजको यात्रा (बेनामी) लाई मानिदै आएको पाइन्छ । उक्त कृति तत्सम्बन्धी अन्य सामग्रीहरूका साथ सर्वप्रथम ग्रन्थकारमा नै वि. सं. २०३९ सालमा काठमाडौं स्थित नेसनल रिसर्च एसोसिएट्स नामक संस्थाबाट प्रकाशित छ । यात्रीले यसको लेखोट आदि र अन्त्य भाग खण्डित रूपमा उपलब्ध भएको तथ्य **सन्दर्भ आमुख** शीर्षक सम्पादकीय भूमिकामा उल्लेख गरेका छन् ।[२४] आदि र अन्त्य भाग खण्डित

२४. पूर्ण प्रकाश नेपाली यात्री, राजा गगनिराजको यात्रा, (काठमाडौँः नेसनल रिसर्च एसोसिएट्स, २०३९), पृ. ५१ ।

रूपमा उपलब्ध तथा कृतिकार र रचनाकाल अज्ञात रहेको उक्त कृतिको लेखनवर्ष विषयक निर्णयका निम्ति यात्रीले गगनीराजसित सम्बन्धित तर तिथिमिति अस्पष्ट र अपुष्ट रहेको अन्य कुनै उपलब्ध लेखोटमा आधारित भएको चर्चा गरेका छन् ।[२५] लेखोटलाई मनोगत रूपले आधार तुल्याएर राजा गगनिराजको यात्राको लेखनवर्षका रूपमा उक्त ग्रन्थको मूलपाठको शब्द प्रतिलिपि, चित्र प्रतिलिपि लगायत यत्रतत्र शाके १४४५ वि. सं. १५५० को उल्लेख गरेका छन् । परन्तु उक्त ग्रन्थमा लेखनवर्षको उल्लेख गरिएको पृष्ठ सङ्ख्या ५९ को मूलपाठको पहिलो पृष्ठका रूपमा रहेको चित्रसङ्ख्या २ को संलग्न फोटो प्रतिलिपिमा बिम्बित हस्तलिपि तथा मूलपाठको अन्तिम पृष्ठका रूपमा रहेको चित्रसङ्ख्या ६९ को प्रतिच्छविको हस्तलिपि समेत ग्रन्थमा संलग्न अन्य १४ वटा पृष्ठमा भन्दा स्पष्ट र नितान्त रूपले भिन्नै रहेको हुँदा यात्रीले ग्रन्थमा उल्लेख गरेको उक्त लेखोटको रचनाकाल विचारणीय देखिन्छ । यस सन्दर्भमा योगी नरहरिनाथद्वारा अन्वेषित र वि.सं.२०१३ मा प्रकाशित राजा गगनीराजसित सम्बद्ध तथा पूर्णप्रकाश नेपाल यात्रीले प्रकाशित गरेको भन्दा भिन्न लेखोट स्मरणीय छ । योगी नरहरिनाथद्वारा अन्वेषित, सुर्खेत गोठीकाँडा जि. हरिलाल पन्थको घरमा उपलब्ध र इतिहास प्रकाश भाग १ अङ्क २, मा प्रकाशित गोरखा लमजुङ रागिनीसटारबाट सुर्खेत आएका पन्थहरूको वंशावलीसँगै गगनिराजद्वारा कनौजिगढ–ल्हासा च्यार्बनु गुम्बा, सार्पु गङ्गा, भट्याचौर कर्णाली हुँदै गरिएको छिनाछिमसम्मको यात्राका क्रममा धन, जस र बम महत्र आदि अनेक व्यक्तिलाई

गरिएको भूमिदान, जनै दान आदि दान–दातव्यसित सम्बन्धित लेखोटसमेत प्रस्तुत गरेका छन् ।[२६] गगनिराजको वृत्तान्तको उक्त लेखोटको शिरोभागमा श्री साके १५१६ श्री सम्वत् १६१७ भनी लेखनवर्षको उल्लेख गरिएको छ । उक्त लेखोटमा शकसंवत् र श्री सम्वत् (विक्रम संवत्)को गणना उक्त दुई संवत् बीचको वर्षान्तरका दृष्टिले त्रुटिपूर्ण भए पनि प्राचीन कालीन नेपाली वाङ्मय–ग्रन्थहरूमा शक संवत्कै अधिक प्रचलन पाइने भएको हुँदा उक्त वृत्तान्तको लेखोटमा उल्लेखित शक संवत् नै प्रमाणिक हुने र शक संवत्भन्दा विक्रम संवत् १३५ वर्ष अगाडि हुने हुँदा शक संवत् १५१७ का अनुसार उक्त लेखोट वि. सं. १६५१ को सिद्ध हुने देखिन्छ ।

---

२५. ऐजन,

२६. योगी नरहरिनाथ, **गोरखा लमजुङ रागिनासटारबाट सुरषेत आयेका पन्थहरूको वंशावली**, इतिहास-प्रकाश, अङ्क २ भाग १ (काठमाडौँ: इतिहास-प्रकाश संघ मृगस्थली गोरक्षपीठ, २०१३), पृ. ३५३-३५७ ।

त्यस्तै नेपाली यात्रासाहित्यको आरम्भविन्दुकै चर्चाका क्रममा राजा गगनिराजको यात्राका साथै राजाराम सुवेदीद्वारा अन्वेषित र भारद्वाज पत्रिकामा वि. सं. २०५९ मा प्रकाशित गदाधर पाध्या सुवेदीको अर्जीपत्र को चर्चा पनि अपरिहार्य देखिन्छ ।

अन्वेषक सुवेदीद्वारा सुवेदीहरूका मूलको खोज शीर्षक लेखको परिशिष्ट अन्तर्गत प्रस्तुत उक्त गदाधर पाध्या सुवेदीको अर्जीपत्र आयतनका दृष्टिले मुद्रित रूपमा जम्माजम्मी चार पृष्ठमा विस्तारित लघुकाय भए पनि पूर्णतया यात्राकेन्द्री निजात्मकता अन्वित र साहित्यिक मूल्ययुक्त छ । कास्की राज्यका राजगुरु रहेका गदाधर पाध्या सुवेदीले कास्कीका राजा राजशाहीको आज्ञाअनुसार राजकुमार नारायण शाहीको विवाहको निमित्त योग्य राजकन्याको खोजीका उद्देश्यले कास्कीबाट तीर्थयात्रीका रूपमा मानसरोवर कैलाश गएर फर्कने क्रममा क्रमशः डोटी, बझाङ, बाजुरा, जुम्ला, दुल्लु, दैलेख, जाजरकोट, सल्यान, प्यूठान, अर्घाखाँची, गुल्मी, धुर्कोट, इस्मा, गल्कोट, बेनी र पर्वत गरी १६–१७ वटा राज्यको यात्रा गरेर ती–ती राज्यका राजकन्याहरूको निरीक्षणपश्चात आफूलाई सुम्पिएको उक्त कार्यको सम्पादन प्रतिवेदनका रूपमा आत्मपरक शैलीमा राजालाई उक्त अर्जीपत्र लेखेको देखिन्छ । कृतिमा लेखनकालको उल्लेख कतै पाइदैन ।

यस प्रकार उक्त अर्जीपत्रको लेखनवर्ष अज्ञात र अस्पष्ट भए पनि यसका कृतिकार गदाधर पाध्या सुवेदीलाई यात्राका निम्ति आज्ञा दिने र गदाधरद्वारा आज्ञानुसारको कार्यसम्पादन

गरी त्यसको प्रतिवेदनका रूपमा उक्त अर्जीपत्र पठाइने कास्कीका राजा राजशाहीको शासनकालको आरम्भ वर्ष वि. सं. १५८४ र अन्तिम वर्ष १६३४ भएको हुँदा तथा उक्त कृति त्यसै अवधिबीचको भएको हुँदा १६३४ भन्दा पछिको त हुनै नसक्ने तथ्य चाहिँ निश्चित र सुस्पष्ट छ । यदि राजा गगनिराजको यात्रा वि. सं. १६५१ को कृति प्रमाणित हुने हो भने यसका आधारमा गदाधर पाध्या सुवेदीको उक्त अर्जीपत्र समयगत दृष्टिले राजा गगनिराजको यात्राभन्दा कम्तीमा पनि सत्र वर्ष अघिको सिद्ध हुन आउँछ र नेपाली यात्रासाहित्यको आरम्भविन्दु यसैलाई मान्नुपर्ने देखिन्छ । परन्तु राजा गगनिराजको यात्राको प्रामाणिक लेखनवर्ष सुनिश्चित भइनसकेको र त्यससम्बन्धी ठोस र सर्वमान्य अभिमत प्राप्त भइनसकेको कारणले यस अध्ययनमा सामान्यतया पूर्णप्रकाशद्वारा प्रस्तुत वि. सं. १५५० लाई नै राजा गगनिराजको यात्राको लेखनवर्षका रूपमा लिनु उचित हुने हुँदा यस शोध प्रबन्धमा उक्त वर्षलाई नै नेपाली यात्रासाहित्यको उद्भवबिन्दु मानेर त्यसकै आधारमा नेपाली यात्रासाहित्यको ऐतिहासिक अध्ययन गरिदैछ ।

## ३.८. विकास–क्रम

राजा गगनिराजको यात्रालाई प्रारम्भविन्दु मानेर हेर्दा नेपाली यात्रासाहित्यको विकासक्रमलाई कालक्रमिक रूपमा पृष्ठभूमिकाल, आरम्भकाल र आधुनिक काल गरी मूलतः तीन कालमा विभाजित गरेर विभाजन गरी अध्ययन गरिदै आइएको पाइन्छ ।

(क) पृष्ठभूमिकाल (वि. सं. १५५० देखि १९६९ सम्म)

(ख) आरम्भकाल (वि. सं. १९७० देखि १९९८ सम्म)

(ग) आधुनिककाल (वि. सं. १९९९ देखि हालसम्म)

### ३.८.१. नेपाली यात्रासाहित्यको पृष्ठभूमिकाल(वि. सं. १५५० देखि १९६९ सम्म)

यस कालका मुख्य कृतिहरूमध्ये **राजा गगनिराजको यात्रा** पूर्णप्रकाश यात्रीद्वारा अन्वेषित–सम्पादित तथा काठमाडौं स्थित नेसनल रिसर्च एसोसिएट्स नामक संस्थाबाट वि. सं. २०३९ सालमा ग्रन्थकारूपमा प्रकाशित आदि र अन्त्य भाग अनुपलब्ध अपूर्ण वा खण्डित कृति हो । यसको लेखोट कर्णाली अञ्चल मुगु जिल्लाको कार्कीबाडा गाउँका कालाखुरी रावलको घरमा उपलब्ध भएको हो । यसका लेखक को हुन् भन्ने बारेमा अझै पनि अन्यौल नै रहेको पाइन्छ । राजा गगनिराजको यात्रा कर्णाली प्रदेश(वर्तमान कर्णाली अञ्चल) अन्तर्गत मुगु, शिवपुरी(वर्तमान शिरकोट वा श्रीकोट)का राजा गगनिभुमको मूलतः भूमिदान, साँधसिमानाको

अङ्कन, न्यायनिसाफ एवं अधिनस्थ राज्यबाट कर असुली सम्बन्धी स्रेस्तेदार शासनिक अभिलेख हो । यसमा गगनिराजका पूर्ण र अपूर्ण गरी दुईवटा यात्राप्रसङ्ग उल्लिखित छन् ।

तीमध्ये मुस्ताङका राजाबाट प्राप्त हुन बाँकी रहेको बाऱ्ह वर्षदेखिको निर्धारित कर असुल–उपर गर्ने उद्देश्यले गगनिराजले शिवपुरीस्थित आफ्नो दरबारबाट प्रस्थान गरेर गाउँगाउँमा बास बस्तै, स्थानीयजनहरूबाट ल्याइएका विविध उपहार स्वीकार गर्दै र कतै कर छुटसमेत गर्दै मुस्ताङको च्यावर्नु गुम्बासम्मको यात्रा. गरेको र कार्यसम्पादनपश्चात् त्यहाँबाट आफ्नो दरबारसम्म फिर्ती यात्रा गरेको प्रसङ्ग नै उक्त कृतिमा पाइने गगनिराजको मूल यात्रा–प्रसङ्ग हो । यस अतिरिक्त चारवटा घोर्ले खसी एकै छप्कामा छिनालेर बाजी जिती करको रकम उठाएको प्रसङ्ग पनि बडो रमाइलो छ । अर्को उक्त कृतिमा नौखुवा अछामको यात्रा–प्रसङ्गको पनि वर्णन पाइन्छ । तर त्यो पूर्वोक्त यात्रा–प्रसङ्ग झैं यात्रात्मकताका दृष्टिले परिपुष्ट र सबल देखिँदैन । राजा गगनिराजको यात्रा प्रथम यात्रात्मक अभिलेख हुनाका कारणले नेपाली वाङ्मयको प्राचीन कालीन एक महaवपूर्ण सामग्रीका रूपमा यो उल्लेख्य देखिन्छ र यसलाई नेपाली यात्रासाहित्यको बीजारोपण गर्ने कृतिका रूपमा समेत लिन सकिन्छ ।

यसकालको अर्को महaवपूर्ण कृति गदाधर पाध्या सुवेदीको **अर्जीपत्र** हो । रचनाकाल उल्लेख नभए पनि यो नेपाली यात्रासाहित्यको पृष्ठभूमिकालीन उल्लेखनीय सामग्रीका रूपमा प्रस्तुत छ । राजाराम सुवेदीद्वारा सुवेदीहरूको वंशावलीको खोजीका क्रममा कास्की जिल्लाको ढिकुरपानी गा. वि. स. को सुवेदी गाउँमा मूल लेखोटका रूपमा नभएर प्रतिलिपिका रूपमा प्राप्त उक्त कृति सुवेदीहरूका मूलको खोज शीर्षक लेखको परिशिष्ट २ का रूपमा दधिराज सुवेदी सम्पादक र सुवेदी सेवा समाज, विराटनगर प्रकाशक रहेको भारद्वाज पत्रिकाको प्रवेशाङ्क (२०५९) मा आद्योपान्त प्रकाशित छ ।[२७] यसको विषय पूर्णतया यात्राकेन्द्री छ र त्यो यात्रा लोककथामा पाइने एकादेशका राजकुमारको विवाहका निम्ति सुयोग्य कन्याको खोजी गर्न कुनै दरबारिया जन देश–देशावरको यात्रामा निस्केजस्तै राजकुमारको विवाहका लागि उपयुक्त कन्याको खोजीका उद्देश्यले नै गरिएको छ भने लोककथामा पाइने जस्तो कल्पनाकायी नभएर यथार्थपरक र अझ नितान्त अनुभवाश्रयी छ ।

कास्की राज्यका राजगुरु गदाधर पाध्या सुवेदीले तत्कालीन राजा राजशाहीसित कैलाश–मानसरोवरको तीर्थयात्रा गर्नका लागि अनुमति लिन जाँदा राजाले अनुमति दिनुका साथै राजकुमार नारायण शाही विवाहयोग्य भइसकेका हुँदा उनको विवाहका निम्ति डोलाजी झिकाउनका लागि सुयोग्य राजकन्याको चयन गर्ने उद्देश्यले तीर्थयात्राबाट फर्कदा केही

राज्यहरूमा गएर त्यहाँका राजकन्याहरू हेरी–बुझी उपयुक्त कन्याका बारेमा जानकारी गराउन आदेश दिएको र आज्ञाबमोजिम सुवेदीले मानसरोवरबाट फर्की आउँदा एकपछि एक गर्दै क्रमशः डोटी, बझाङ, बाजुरा, जुम्ला, दुल्लु, दैलेख, जाजरकोट, सल्यान, प्यूठान, अर्घा, खाँची, गुल्मी, धुर्कोट, इस्मा, गल्कोट, बेनी र पर्वत गरी १६।१७ वटा राज्यका सदरमुकामको यात्रा गरेर तत् तत् स्थानहरूमा आवश्यकताअनुसार केही दिन निवास समेत गरी तीन महिना लगाएर १८/२० वटी राजकन्याहरूको निरीक्षणपूर्वक प्रायः प्रत्येकको नाम, उमेर, गुण, रूप, सीप, शील–स्वभाव, बोली–बचन, आनीबानी र कुल घरान आदि सम्पूर्ण कुराको नालिबेली, सविस्तार हेर्नु–बुझ्नुका साथै ती कन्यासित वैवाहिक सम्बन्ध स्थापना गर्दा भविष्यमा कास्की राज्यलाई हुने–हित अहित समेत सम्पूर्ण कुराहरूबारे गम्भीर चिन्तन मनन गरी आफूले दैलेख, प्यूठान, खाँची, गुल्मी र इस्माका राजकन्याहरू तथा पर्वतका राजा प्रतापीनारायाणको दरबारमा देखिएकी उनकी साली वा पाल्पाली राजा मुकुन्द सेनकी कान्छी मैंयालाई आफूले सबै दृष्टिले योग्य ठानेका उल्लेख गरेका छन् । साथै उनले आफूले योग्य ठहऱ्याएका ती राजकन्याहरूमध्ये

२७. राजाराम सुवेदी, **सुवेदीहरूका मूलको खोज**, पूर्ववत्, पृ. १०५-१८८ ।

दैलेखका राजा पिताका वार्षिक आशौचमा रहेका हुँदा उनकी कन्यासित तत्काल विवाह हुन नसक्ने, बाँकी अरू कन्याहरूमध्ये जुनसुकै कन्याका लागि र पाएसम्म मुकुन्द सेनकी छोरीका लागि डोलाजी लैजाने हो भने बेलैमा ज्योतिषी लगाएर चिना–टिपन हेर्न र मानिस पठाउन आफ्नो राय बिन्ती गर्दै आफूलाई सुम्पिएको कार्यसम्पादनको प्रतिवेदनका रूपमा नै सुवेदीले राजालाई यो अर्जीपत्र लेखिपठाएको पाइन्छ । त्यस क्रममा सुवेदीले आफ्नो अर्जीपत्रमा आफूले हेरे–बुझेका अरू कन्याहरूका बारेमा पनि जानकारी गराएको पाइन्छ ।

पृष्ठभूमिकालको अर्को महaवपूर्ण कृति बेनामी पृथ्वीनारायण शाहको जीवनी स्वतन्त्र यात्रा–कृतिका रूपमा नभएर मूलतः जीवनी ग्रन्थको एक अंशका रूपमा रहेको भए पनि **श्री ५ पृथ्वीनारायण शाहको काशीयात्रा–प्रसङ्ग** नेपाली यात्रासाहित्यको ऐतिहासिक अध्ययनका सन्दर्भमा एक उल्लेख्य सामग्रीका रूपमा रहेको हुँदा नेपाली यात्रासाहित्यको कृतिहरूको चर्चाका क्रममा उक्त जीवनी ग्रन्थअन्तर्गतको काशीयात्रा–प्रसङ्गको पनि चर्चा गरिनु अत्यावश्यक देखिन्छ । मुद्रित रूपमा जम्माजम्मी ४८ पृष्ठमा सीमित यो अपूर्ण जीवनी–ग्रन्थ आरम्भदेखि पृष्ठ २१ सम्म अर्थात् झण्डै आधा भागसम्म पृथ्वीनारायण शाहको काशीयात्रा–प्रसङ्गको उठानदेखि लिएर यात्राबाट फर्केर आई गोरखादरबारमा प्रवेश गरेसम्मको सन्दर्भसित सम्बद्ध छ ।

यस कृतिको पहिलो र दोस्रो पृष्ठमा यात्रा-अवधिभरि उनको अनुपस्थितिमा राजकाज सुव्यवस्थित रूपमा सञ्चालन गरिराख्न उनबाट बन्दोबस्त मिलाइएको तथा ज्योतिषीद्वारा यात्राको साइत निकालिएको चर्चा पाइन्छ भने दोस्रो पृष्ठको आधा भागमा यात्राका निम्ति आवश्यक धन-जनको प्रबन्ध मिलाइएको चर्चा छ र तेस्रो पृष्ठमा पृथ्वीनारायण शाहले आफ्ना आमाहरूसित विदा भएर दलबलसहित काशीतर्फ प्रस्थान गरेको बयान पाइन्छ । त्यसपछिका पृष्ठहरूमा क्रमशः यात्राकालमा चतुर्भुज पन्तको घरमा बास बसेको प्रसङ्गदेखि मधेसतर्फ लागेपछि त्यो थाहा पाएर मकवानी राजा हेमकर्णले आई खर्चबर्चले उनलाई सहायता गर्न खाज्दा उनले अस्वीकार गरेको, बाटामा भेटिएका पश्चिमका अन्य पर्वतीय राज्यका जनहरूसित एकात्मकभाव राख्दै उनी अघि बढेको, काशीमा पुगेपछि बनारसी गुण्डाहरूसित नडराउने विषयमा सङ्गठन गरेको, एक सिद्ध अवस्थीसित साक्षात्कार गरी खड्ग-सिद्धि गरेको, तीर्थस्नान, दान-धर्म र गोत्रपरिवर्तन गरी भारद्वाजगोत्रीबाट काश्यपगोत्री बनेको, विश्वनाथको दर्शन गरेको श्रीमोरका राजालाई र डोटीका राजालाई सहायता गरेको, संयोगवश त्यसताका तीर्थ यात्रीकै रूपमा आएर केही दिन काशीमा रहेका कवि रघुनाथ भाटले पृथ्वीनारायण शाहको नाम, यश सुनेर भेट गर्न जाँदा पृथ्वीले उनलाई भेट दिनुका साथै कविताका माध्यमबाट आफ्नो गुणगान गराउने आशयले आफ्ना साथमै राखेको आदि प्रसङ्गहरू वर्णित छन् । त्यस्तै त्यसपछिका मुख्य प्रसङ्गमा काशीबाट पृथ्वीनारायणको फिर्ती सवारी र वरुणा चौकीको खडाजङ्गी प्रसङ्ग, हेमकर्ण सेनले तरबार चढाएको, जमीनदार, राजा, रजौटा र महन्तहरूद्वारा पृथ्वीलाई सम्मान गरिएको, भोटदेखि तीर्थ गर्न आएर बिरामी परेका एकजना लामाको पृथ्वीले गोरखादेखि आफ्ना साथमा ल्याएका वैद्य महेश्वर जोशीद्वारा औषधोपचार गराएको, त्यसपछि गोरखपुरमा आएर गोरखनाथको स्थानमा गई विधिविधानपूर्वक गोरखनाथको पूजा गरेको , त्यहाँबाट बुटवल आएको, बुटवलमा पाल्पाली सिपाहीसित खटपट परेको र पाल्पाली राजाले सान्त्वना दिएको, पाल्पाली राजा र पृथ्वीनारायण शाहको साक्षात्कार तथा ब्राम्हणभोजनको प्रसङ्ग छ ।

त्यसपछि काशीयात्राका क्रममा भेटिएका सम्पूर्ण यात्रा-अवधिभरि आफ्ना साथमा रहेका पर्वतका सर्दार बलीभञ्जन लगायत पाल्पा र प्यूठानका समेत सबैजनालाई बुटवलबाट बिदा गरी पृथ्वी आफ्ना दलबल सहित गोरखा फर्की आएर दरबारमा प्रवेश गरेसम्मका यावत् घटना प्रसङ्गका साथ अन्य राजनैतिक र पारिवारिक प्रसङ्गहरू वर्णित छन् ।

त्यस्तै बेनामी सिद्धिमानसिंह राज भण्डारीले लेखेको भन्ने अनुमान गरिएको तर हालसम्म प्रमाणित भइनसकेको **जङ्गबहादुरको बेलायत यात्रा** वि. सं. १९१० तिरको कृति

मानिएको उक्त पुस्तकको प्रथम प्रकाशन कमल दीक्षितका सम्पादनमा मदन पुरस्कार पुस्तकालयबाट वि. सं. २०१४ सालमा भएको हो ।

अङ्ग्रेज शासक र नेपालको सीमा जोडिएको हुँदा अङ्ग्रेजी शासनप्रणाली, सेना, कोष, अस्त्रशस्त्र र मुलुकको आर्थिक स्थितिबारे बुझ्ने, बेलायत र त्यसको राजधानी लण्डन हेर्ने र फर्कदा चारधामको दर्शन पनि गर्ने जस्ता जङ्गबहादुरको बेलायत यात्राको उद्देश्यबारे प्रकाश पार्दै आरम्भ भएको उक्त कृतिमा काठमाडौंबाट यात्रादलको प्रस्थान-प्रसङ्गदेखि पाटनको बाटो गरी कलकत्ता पुगेको, त्यहाँ पानी जहाजमा चढी क्रमशः लङ्का र एडेन तथा इजिप्ट र माल्टा हुँदै बेलायत गएर लण्डन प्रवेश गरेको, त्यहाँ भव्य रूपले जङ्गबहादुरको स्वागत सत्कार गरिएको आदि प्रसङ्गको वर्णनका साथै बेलायतको शासनव्यवस्था र पार्लियामेन्टको वर्णन, महारानी भिक्टोरियासँगको भेट, सबैतिर धुमधामको स्वागत, लन्डनदेखि टाढाका केही बेलायती सहरहरूको  भ्रमण, लन्डनमा देखिएका मनोरञ्जनका साधनहरू, व्यापार-वाणिज्य र शिक्षा सम्बन्धी व्यवस्था बारे जानकारी, बेलायतबाट जङ्गबहादुरको बिदाइ र फ्रान्स तर्फको यात्रा, प्यारिसमा भव्य स्वागत, प्यारिसको सेरोफेरोको भ्रमणका साथै भर्साई समेतको भ्रमण पूरा गरी फिर्ती यात्राका क्रममा भारतको बम्बईतर्फ प्रस्थान, बम्बईबाट तीर्थस्थलहरूको भ्रमणका उद्देश्यले पहिले  द्वारकापुरी र त्यहाँबाट कर्लबु टापु हुँदै क्रमशः रामनाथ, कलकत्ता र बनारस पुगेर त्यहाँ विवाह समेत गरी नेपालतर्फ प्रस्थान गरेसम्मका जङ्गबहादुरका बेलायत यात्रासित सम्बद्ध यावत् विषय र घटना-प्रसङ्ग उक्त कृतिमा वर्णित छन्

त्यस्तै बेनामी **बत्तीस सालको रोजनाम्चा** (वि. सं.१९३३) पनि जङ्गबहादुरकै पश्चिम नेपालको यात्रा सम्बन्धी दैनिकी हो । उनको त्यस यात्राको उद्देश्य वि. सं. १९३२ साल फागुन १० गते शनिबारका दिन महाकालीको सीमावर्ती नेपाली भूमिमा सिकार खेल्नका लागि पत्नी र दलबलका साथ आउन लागेका तत्कालीन बेलायती राजकुमारको यथोचित स्वागत गर्नु थियो ।

त्यस्तै राममणि आ. दी. को **लर्ड किचनरलाई कोसेली** वि. सं. १९६२ मा लेखिएको हो । यसमा प्रधानमन्त्री चन्द्र शमशेरद्वारा किचनरलाई कोसेलीस्वरूप दिन खोजिएका फ्रेमबद्ध दुईवटा ठूल्ठूला तस्विर उनका आदेशानुसार लिएर काठमाडौँबाट काशी हुँदै सिमलासम्म गएर किचनरलाई उक्त कोसेली सुम्पेको प्रसङ्ग विषयवस्तुका रूपमा प्रस्तुत छ ।

त्यस्तै अर्को **गन्धमादन यात्रा** मा वि. सं. १९६१ सालमा भारत भूमि काशीबाट आफ्ना एक पितृत्य लगायत केही परिवारजन र तीर्थयात्रीका रूपमा गरिएको क्रमशः गङ्गोत्तरी, केदारनाथ र बद्रीनाथ यी तीन भारतीय तीर्थस्थलका यात्राको अति लघुवर्णन प्रस्तुत छ ।

**रामेश्वरमा फिर्ती सवारी** र **मेरो पैदल काशी यात्रा** पनि राममणि आ. दी. का महaवपूर्ण यात्रा कृति हुन् । यस कालको प्रमुख कृतिमा प्रतीमन थापाको **श्री ३ महाराजा सर जङ्गबहादुर राणाजीको जीवन चरित्र** (१९६५) पनि उल्लेखनीय छ ।

त्यस्तै लालबहादुर आउँमासीको **भोटको लडाईंको सवाइ**, तुलाचन आलेको **धावाको सवाइ**, धनवीर भण्डारीको **अब्बर पहाडको सवाइ**, शिखरनाथ सुवेदीको **शिखरनाथ भाष्य**, उदयनारायण काफ्लेको **बद्रीवर्णन**, राजीवलोचन जोशीको **शङ्खमूल यात्रा**, बेनामी **वासिङ्गटन शहर** जस्ता यात्रा कृतिहरू पृष्ठभूमिका कालका उल्लेखनीय कृतिहरू रहेका छन् ।

### ३.७.२. नेपाली यात्रासाहित्यको आरम्भकाल (वि. सं. १९७० देखि १९९८ सम्म)

नेपाली यात्रासाहित्यको आरम्भकालका प्रमुख यात्राकृतिहरूमा शेरसिंह रानाको **मेरो लन्डन राजतिलक यात्रा** अंग्रेजी सेनाको गोर्खाली पल्टनमा मेजर सुवेदार पदमा सेवारत हुँदा लेखेको र पुरोहित रामप्रसाद सत्यालद्वारा इ.१९१३ तदनुसार वि. सं. १९७० मा बनारसबाट प्रकाशित भएको हो ।[२८] उक्त कृति नेपालीमा गद्यात्मक प्रस्तुतिमा लेखिएका

२८. शेरसिंह राना, **मेरो लन्दन राजतिलक यात्रा**, (बनारस सिटीः पुरोहित राम प्रसाद सत्याल, इ. १९१३)

युरोपयात्राका वृत्तान्तहरूमध्ये जङ्गबहादुरको बेलायत यात्रापछिको दोस्रो महaवपूर्ण कृतिका रूपमा देखिन्छ । यो बेलायतका तत्कालीन राजा जार्ज पञ्चमको राज्याभिषेक समारोहमा सम्मिलित हुने अवसर पाएर भारतको बकलौ स्थित छाउनीबाट इ. १९११ को जून महिनामा लन्डनको यात्रा गरेका रानाबाट आफ्नो त्यस दुई महिने अवधिको लन्डन यात्राको वृत्तान्त दैनिकी शैलीमा लेखिएको छ र ग्रन्थकारमा प्रस्तुत छ ।

रानाले उक्त कृतिमा आफ्नो लन्डन यात्राको प्रमुख आकर्षणका रूपमा रहेको राजकुमार जार्ज पञ्चमको चिरप्रतीक्षित राजतिलक महोत्सवका झाँकीको अङ्ग बनेका राजकीय शोभायात्रा, शाही सेनाद्वारा प्रस्तुत सम्मान गारद, तोपको सलामी र आतसबाजी प्रदर्शनको कौशलपूर्ण शब्द-चित्राङ्कनका साथ क्याम्पजीवनको सजीव चित्र प्रस्तुत गर्दै त्यहाँको बसाइको अवधिभरि आफूले हेर्न-देख्न र घुम्न-डुल्न पाएका टेम्स नदीका तट र पुल, सागरतट, चिडियाखाना, नौकाद्वारा जलविहार आदिका साथै भूमिगत रेल्वेस्टेसनहरू लगायतका, घोडा, मोटरसाइकल र मोटरको दौड प्रदर्शनी तथा हवाइजहाज र पानी जहाज-कारखाना, शस्त्रास्त्र बनाइने कारखाना, बन्दरगाह, पार्लियामेन्ट भवन आदि यावत् स्थान र दृश्यहरूको मनमोहक वर्णनसँगै राजकीय भोजमा सम्मिलित हुँदाको आफ्नो अपूर्व अनुभव, बेलायतको भूगोल,

प्रकृति, नदीनाला, जलवायु, इतिहास, समाज, संस्कृति, जनजीवन, खानपान, परिधान, मनोरञ्जनका उपायहरू, उद्योग, शिक्षा व्यवस्था, कृषि व्यवस्था र राज्य व्यवस्था, सैन्य जीवन, यातायात आदि सम्पूर्ण विषय र पक्षको चर्चाको साथै उनले फिर्ती यात्राका क्रममा देख्न पाएका तत्कालीन समुद्रमार्गमा पर्ने जिवराल्टर, माल्टा, सईद, अदन आदि बेलायत इतर देशहरूका बारेमा र भारतको महानगर बम्बईका बारेमा पनि संक्षिप्त वर्णन गरेको पाइन्छ ।

चिरञ्जीवी शर्मा पौड्यालको **काश्मीरयात्रा** कुनै स्वतन्त्र यात्रासाहित्यिक कृति नभएर उनको अपूर्ण आत्मवृत्तान्त **आफ्नु कथा** (इ. १९७४, प्र. २०१४) अन्तर्गतको यात्रावृत्तान्त हो ।[२९] बाल्यकालदेखि विविध समस्या जीवनमा भोग्दै आएका चिरञ्जीवीको यस **आफ्नु कथा** अन्तर्गत आरम्भदेखि प्रायः अन्त्यसम्म नै उनले नेपाल र भारतका विभिन्न भू-भागहरूमा बाध्यात्मक र स्वैच्छिक दुवै रूपले गरेका साना ठूला अनेक यात्राहरूको उल्लेख गरिएको छ । तीमध्ये धेरै यात्राको प्रसङ्ग र मिति मात्र उल्लिखित पाइन्छ, कुनै कुनै यात्राको लघु चर्चा समेत गरिएको पाइन्छ भने काश्मीरयात्रा प्रसङ्ग चाहिं लामो वृत्तान्तका रूपमा नै प्रस्तुत छ।

---

२९. चिरञ्जीवी शर्मा पौड्याल, **आफ्नु कथा**, कमल दीक्षित, सम्पा., दो.सं.(ललितपुरः जगदम्बा प्रकाशन, श्री दरबार टोल, २०११), पृ. २९-५७ ।

यसमा काश्मीरका राजपुत्र रामसिंहको आमन्त्रणमा तान्त्रिक अनुष्ठानका लागि कर्मकाण्डी ब्राम्हणमण्डलीको एक सदस्यका रूपमा वि. सं. १९५० को जेठमा काशीबाट त्यससर्फ प्रस्थान गरेदेखि लिएर भदौमा काशी फर्की आएसम्मको तीनमहिने अवधिको यात्रा प्रसङ्गमा पथवर्ती स्थानहरूको यात्रागत सौन्दर्य-वर्णनका साथै यात्राको केन्द्रस्थलका रूपमा रहेको काश्मीरको भूगोल, प्रकृति, समाज, संस्कृति, इतिहास, व्यापार-व्यावसाय, राजकीय स्थिति एवं स्थानीय जनजीवन आदि यावत् पक्षको चित्रण गरिएको छ । समग्रमा यस यात्रावृत्तान्तलाई नेपाली यात्रासाहित्यको आरम्भकालको एक विशिष्ट प्राप्तिका रूपमा लिन सकिन्छ ।

हरिनाथ प्याकुर्‍यालद्वारा वि. सं. १९७४ सालतिर लिखित **तीर्थ जाँदाको वृत्तान्त** प्याकुर्‍याल प्रकाशन, काठमाडौंबाट वि. सं. २०२५ सालमा प्रकाशित उक्त कृति तीर्थयात्राको वृत्तान्त भए पनि धार्मिक विषय-प्रसङ्गको वर्णनमा मात्र केन्द्रित नभई बेला बेलामा विशुद्ध यात्रासाहित्यको निकटतम विशेषता समेत बोकेको कृतिका रूपमा देखिन्छ ।

गुरुप्रसाद मैनालीद्वारा ग्रन्थरूपमा लिखित **श्री ५ मुमाबडामहारानीका तीन धाम सवारीको दैनिक विवरण** (र वि. सं. १९८१, प्र. उन्नयन पूर्णाङ्क १५, वि. सं. २०५१ असोज-पुस) तत्कालीन मुमा बडामहारानी लक्ष्मी हित्येश्वरी शाह (श्री ५ त्रिभुवनकी माता) को तीन

धाम यात्रामा साथै गएका मैनालीको उक्त यात्रा-कृति स्वतःस्फूर्त रूपमा नभएर कृतिमा नाम नखुलाइएका उनका कुनै सामान्य व्यक्तिद्वारा उनलाई यात्रापूर्व दिइएको यात्रारम्भदेखि यात्रान्तसम्मको पूरै अवधिको संक्षिप्त दैनिकी लेखी ल्याउने निर्देशनअनुसार उक्त यात्राविवरण तयार पारी आफ्ना उनै प्रेरक र सामान्य व्यक्तिलाई बुझाएको तथ्य उक्त कृति लेखनको प्रेरणा र पृष्ठभूमिबारे प्रकाश पार्दै प्रभो । सम्बोधनबाट प्रारम्भ गरिएको र अति दीन भृत्य गुरुप्रसाद मैनाली भन्ने उल्लेखका साथ अन्त्य गरिएको लेखकको संक्षिप्त आत्मकथ्यबाट स्पष्ट हुन्छ ।[३०]

काशीनाथ आचार्य दीक्षितद्वारा लिखित **भएका कुरा** (र.वि.सं. १९८८ प्र.वि.सं. २०३१ ) मूलतः यात्रावर्णन नभएर संस्मरणात्मक र आत्मकथात्मक कृति हो तापनि उक्त कृतिमा विभिन्न स्थानसित सम्बद्ध लेखकका स्वकीय भ्रमणवृत्तान्त पनि पाइन्छन् । तीनमा नेपालका कतिपय स्थानका साथै भारतका बम्बई, कलकत्ता आदि महानगरहरूका भ्रमणमा प्राप्त कटुमधु अनुभवहरू आकलित छन् ।

३०. गुरु प्रसाद मैनाली, **श्री ५ मुमा बडामहारानीका तीन धाम सवारीको दैनिक, विवरण**, उन्नयन त्रैमासिक पूर्णाङ्क १५, (काठमाडौँः उन्नयन प्रकाशन, २०५१ असोज-पुस), पृ. ३ ।

बालकृष्ण समको **बर्दहामा सिकार**(शारदा वर्ष १, अङ्क १, वि.सं.१९९१ फागुन)को पनि उल्लेख गर्न सकिन्छ । जुद्ध सम्सेरको सिकार यात्रासित सम्बद्ध उक्त कृति मूलतः सिकारकेन्द्री कृति हो र यात्राको प्रकृति र उद्देश्यअनुसार सिकार-वर्णन र मनोरञ्जनको चर्चामा विशेष केन्द्रित पनि छ ।

शम्सेरबहादुर मल्लद्वारा लिखित **छ मैन्हाको भ्रमण** शारदा वर्ष १ सङ्ख्या ८ वि. सं. १९९२ असोजमा प्रकाशित छ । यसमा सरकारी आदेशमा र सुनखानी पत्ता लगाउन कालीगण्डकीको जलमार्गबाट जङ्गलैजङ्गलको छ  महिने अवधिको यात्राका क्रममा देवघाट भन्दा तीस माइल जति माथि पुगेपछि यात्राको साधनका रूपमा रहेको नौका घोप्टिएको त्रासद र रोमाञ्चक घटना-प्रसङ्ग सङ्क्षिप्त रूपमा वर्णित छ ।

सुवर्णमान सिंह कटुवालद्वारा लिखित **बराहक्षेत्र दर्शन** शारदा वर्ष ४ सङ्ख्या १२ (ख) १९९५ चैतमा प्रकाशित छ । नेपालको पूर्वी पहाडी क्षेत्रमा अवस्थित तीर्थस्थल बराहक्षेत्रको यात्रामा केन्द्रित यस कृतिमा यात्राको वस्तुतथ्यका साथै आत्मपरकता, अनुभूति, कल्पनाप्रवणता एवम् रोचकता आदि गुणको न्यूनाधिक मात्रामा मिश्रण पाइन्छ ।

रणशूर लिम्बूद्वारा लिखित **बर्माको सम्झना** जगदम्बा प्रकाशनबाट २०१८ मा प्रकाशित कृतिमा बर्माको भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक आदि अवस्थाहरूको वर्णन, स्थानीय नेपाली जनजीवनको समेत यथातथ्य वर्णन तथा दोस्रो विश्वयुद्ध आरम्भ भएपछि बर्मामा जापानी आक्रमणको तयारी र त्यसबाट त्यहाँ बसोबास गर्नेहरूको विशेषतः भारतीय र नेपाली जनताको किंकर्तव्यविमूढताग्रस्त र व्यग्र मनोदशाको चित्रणका साथै जापानी आक्रमणबाट त्रस्त र अस्तव्यस्त भएर सम्पूर्ण धन-सम्पत्ति त्यही छाडी भारत र नेपालतर्फ पलायन गरेका जनसमूहको अत्यन्त मार्मिक र त्रासदीपूर्ण लामो यात्रा-प्रसङ्गको समेत सजीव वर्णन गरिएको छ ।

श्री रत्न शर्माद्वारा लिखित बदरी-केदार पथप्रदर्शिनी काठमाडौँको जोरगणेश प्रेसबाट वि. सं. १९८० मा प्रकाशित भएको हो । यस कृतिको प्रकाशन स्वतन्त्र नभएर बदरी-केदार-महात्म्य भाषा शीर्षकमा आबद्ध भएर स्कन्द पुराण केदारखण्ड अन्तर्गतको केदार महात्म्य र बदरी महात्म्यका साथ अनुवाद गरिएको पाइन्छ । बदरी-केदार तीर्थको यात्रामा जाने यात्रीहरूले दुःख नपाऊन् भन्ने उद्देश्यले कृतिको आरम्भमा यात्रामा जाँदा शरीरलाई बढी पीडा, बाधा नपुऱ्याउन उचित आहारविहार गर्ने, केही स्थान ठन्डी भएको हुँदा त्यहाँ न्याना लुगा लगाउने, खानपानका लागि सामान र औषधी साथै लिएर हिड्ने, चोर र लुटेराहरूदेखि जोगिएर रहने तथा औषधोपचारको सुविधा, भरियाको व्यवस्था आदि यावत् कुराहरूबारेको निर्देशनदेखि लिएर बदरी जाने बाटोघाटो एक स्थानदेखि अर्को स्थानसम्मको नाम र तिनका विशेषता पाटी, धारा, एवम्, नदी एवम् विभिन्न मन्दिर तथा पुलिसचौकी आदि बारे सङ्क्षेपमा वर्णन गरेर बदरी केदार र यमुनोत्तरी, गङ्गोत्तरीसम्मको पथप्रदर्शनसमेत गरिएको पाइन्छ ।

त्यस्तै गरी आरम्भकालका अन्य प्रमुख यात्राकृतिहरूमा भारत र नेपालका अनेक प्रसिद्ध तीर्थस्थलहरूको वर्णन साथै त्यहाँ जाने मार्ग निर्देशन गरेको राधानाथ उपाध्याय लोहनीको **मूक सहचर**, युरोपका विभिन्न देशहरूको भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सामाजिक, शैक्षिक एवम् सांस्कृतिक परिचय प्रस्तुत गरिएको केशरबहादुर के. सी. को **देशदेशावरको कथा**, युद्धवर्णन गरिएका गजवीर रानाको **नागाहिलको सवाइ**, जमादार नवलसिंह घर्तीको **जर्मन लडाईंको सवाइ**, योगविक्रम राणाको **श्री बजरिस्थान युद्ध**, तीर्थस्थलको वर्णन गरिएको श्री धीरादेश पातञ्जल **तीर्थावली श्री ३ युद्ध प्रकाश** देखिन्छ । त्यस्तै अनूदित कृतिका रूपमा लेखक र अनुवादकको नाम उल्लिखित नभएका **अफ्रिका भ्रमण वृत्तान्त** (गोरखापत्र १९७१ भदौ २ गते, पृ. ३ र ४ मा प्रकाशित) **मानसरोवरको सैर** (गोरखापत्र, १९७३ भदौ १३ गते, पृ. ६),

**काश्मीरको यात्रा** (गोरखापत्र क्रमशः १९७३ भदौः २७ गते पृ. ६-७, १९७३ आश्विन ३ गते, पृ. ४-५) मा प्रकाशित छन् ।

### ३.८.३ नेपाली यात्रासाहित्यको आधुनिककाल (वि. सं. १९९९ देखि हालसम्म)

युगीन आवश्यकता वा पाश्चात्य साहित्यसितको बढ्दो सम्पर्कका कारणले होस् नेपाली यात्रासाहित्यका सन्दर्भमा पनि आधुनिक कालको प्रारम्भ मोटामोटी रूपमा शारदा युगमै भएको मान्नु उचित देखिन्छ । शारदाका आरम्भकालीन अङ्कहरूमा त्यो स्पष्ट रूपमा देखिन्छ भने क्रमिक रूपमा अग्रसर भएर भवानी भिक्षुको **सिमलासम्म** (शारदा, वर्ष ८, अङ्क १, १९९९ वैशाख), लक्ष्मीप्रसाद देवकोटाको **पहाडी जीवन** (लक्ष्मी निबन्ध सङ्ग्रह, २००२) र लैनसिंह वाङ्देलको **युरोपको चिठी** (२०१४) मा नेपाली यात्रासाहित्यले आधुनिक स्वरूप ग्रहण गरेको तथा तारानाथ शर्माको **बेलाइततिर बरालिंदा** (वि. सं. २०२६)मा पुगेर यसले आफ्नो मानक रूप प्रस्तुत गरेको पाइन्छ । त्यस्तैगरी शर्मा स्वयं र उत्तरवर्ती अनेक यात्राकारहरूले नयाँ नयाँ धारा र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै असङ्ख्य ग्रन्थकार कृतिहरूको प्रकाशनका माध्यमबाट नेपाली यात्रा साहित्यलाई अग्रगति प्रदान गरेको देखिन्छ । नेपाली यात्रासाहित्यलाई आधुनिक युगसम्म ल्याइ पुऱ्याउन विभिन्न पत्र-पत्रिका तथा विभिन्न संघ-संस्थाहरूको महaवपूर्ण योगदान उल्लेख्य छन् । आधुनिक यात्रा-साहित्यलाई निम्नानुसार तीनवटा चरणमा विभाजन गर्न सकिन्छः[३१]

प्रथम चरण : वि. सं. १९९९ देखि वि. सं. २००९ सम्म

द्वितीय चरण : वि. सं. २०१० देखि वि. सं. २०२० सम्म

तृतीय चरण : वि. सं. २०२३ देखि हालसम्म

#### ३.८.३.१. प्रथम चरण :

यस चरणमा थोरै मात्र यात्रासाहित्यिक कृतिको लेखन-प्रकाशन भएको पाइन्छ । यस चरणका मुख्य कृतिहरू निम्नानुसार छन्:[३२]

| | |
|---|---|
| भवानी भिक्षु | : सिमलासम्म, मेरो काठमाडौं यात्रा, दार्जिलिङ्ग भ्रमणमा प्राप्त साहित्यिक अनुभव । |
| रुद्रराज पाण्डे | : गँडरवार यात्रा । |
| उपेन्द्रपुरुष शर्मा | : मानसरोवर तथा कैलाशको वर्णन । |
| केशवराज पिंडाली | : त्रिशुलीको बाटो । |

| | |
|---|---|
| फलेन्द्रविक्रम राणा | : भेडावारी यात्राको एक झलक, मेरो सर्लाही यात्रा । |
| हरिप्रसाद गोर्खा राई | : मेरो डायरीको कैयौं पृष्ठ । |
| लक्ष्मीप्रसाद देवकोटा | : पहाडी जीवन, मेरो पाल्पा तानसेनतर्फको यात्रा । |
| भीमनिधि तिवारी | : यात्राका तीन सम्झना । |
| धर्मराज थापा | : यात्रीको यात्रा । |
| मुक्तिनाथ | : पोखराको बजार । |
| बाबुराम आचार्य | : भगवान पारसनाथ । |
| तेजबहादुर प्रसाईं | : रमाइलो यात्रा । |
| समुद्रदत्त कोइराला | : यताउतिबाट, मेरो भ्रमण यताउता । |
| कुन्ता (कान्ता) ठाकुर | : मेरो नेपाल भ्रमण । |
| लैनसिंह वाङ्‌देल | : डायरीको एक पृष्ठ । |

३१. ऐजन, पृ. १२८ ।

३२. ऐजन, पृ. १२८, १२९ ।

उल्लिखित कृतिहरूमा विभिन्न ठाउँमा गरेका रेलयात्राका प्रसङ्ग, विभिन्न ठाउँका यात्राका प्रसङ्गहरू पहाड र अप्ठेरा ठाउँका यात्राका सुखद, दुखद तथा मनोरञ्जनात्मक प्रसङ्गहरू, वायुयान चढेर गरेका यात्रा प्रसङ्ग तथा सरकारी दायित्व निर्वाहका क्रममा गरिएका नेपालका विभिन्न ठाउँका प्रसङ्गहरूलाई, रोचक, रोमाञ्चक, अनुभवहरूलाई सरल भाषामा प्रस्तुत गरिएको पाइन्छ । नेपाली यात्रासाहित्यको आधुनिक कालको प्रथम चरणका उपलब्ध उपर्युक्त कृतिहरूमध्ये भिक्षुको **सिमलासम्म**, देवकोटाको **पहाडी जीवन**, तिवारीको यात्राका **तीन सम्झना** विशेष उल्लेख्य छन् । यीमध्ये पनि भिक्षुको **सिमलासम्म** सर्वाधिक सफल भएको पाइन्छ ।

### **३.८.३.२. द्वितीय चरण :**

नेपाली यात्रासाहित्यको आधुनिक कालको द्वितीय चरणको आरम्भ वि. सं. २०१० देखि नारायण बास्कोटाको सम्पादनमा काठमाडौंबाट प्रकाशित प्रगति द्वैमासिक पत्रिकाको वर्ष १ अङ्क ४(कात्तिक-मंसिर) देखि क्रमशः चारवटा अङ्कमा धारावाहिक रूपले प्रकाशित एवम् पछि २०१४ मा उही शीर्षकमा ग्रन्थरूपले प्रकाशित लैनसिंह वाङ्‌देलको पत्रशैलीको यात्रा

साहित्यिक कृति **युरोपको चिठी**बाट भएको देखिन्छ । यस चरणका स्रष्टाहरूमध्ये लैनसिंह वाङ्देल, मित्रदेव साहित्यभूषण, धर्मराज थापा, सत्यमोहन जोशी, पूर्णप्रसाद शर्मा ढुङ्गेल, देवरत्न धाख्वा तथा केदारमणि आ. दी. का कृति ग्रन्थकारमा समेत प्रकाशित छन् भने अन्य विभिन्न स्रष्टाहरूका कृति स्फुट रूपमा विविध पत्र पत्रिकामा प्रकाशित देखिन्छन् । त्यस्ता कृतिहरू निम्नानुसार छन् :[३२]

मनकुमारी थापा : मेरो स्कटल्यान्ड यात्रा, प्यारीसको एक झलक ।

राधिका राय : मेरो समुद्र यात्रा ।

दौलतविक्रम विष्ट : वायुयानमा पैंतालीस मिनेट ।

टी. एन. माली : मनकामना मन्दिर ।

डी. के. शाही : हाम्रो गोसाईकुण्ड ।

मधुमालती प्रधान : मेरो बनारस यात्रा ।

राजेश्वर देवकोटा : रम्घातिर ।

सुरेन्द्रराज शर्मा : देश उँभोतिर ।

शङ्कर गार्गेय : चंखु तिती वंखु तिती ।

---

३३. ऐजन, पृ. १३४ ।

बालकृष्ण रूपावसी : सुङनामनेरको वास ।

हेमचन्द्र भट्टचार्य : लौ जाऊँ साँखू ।

रामजीप्रसाद शर्मा : हाम्रो पूर्वी तराइ भ्रमण, हाम्रो भारत भ्रमण ।

सिद्धिचरण श्रेष्ठ : तामाङरिखि म फेरि आउनेछु ।

रुद्रनाथ शर्मा : डेढ महिना शिलाङमा

लैनसिंह वाङ्देल : युरोपको चिठी, स्पेनको सम्झना, ........................

धर्मराज थापा : यात्रीको यात्रा, मेरो नेपाल भ्रमण, लोकसंस्कृतिको घेरामा लमजुङ, सगरमाथाको सेरोफेरो

सत्यमोहन जोशी : हाम्रो लोक संस्कृति ।

देवरत्न धाख्वा : चीन एक झलक ।

केदारमणि आ.दी. : बेलायत जाँदा, एक झलक ।

यस चरणका कृतिहरूमा स्वदेशी र विदेशी उभय परिवेशकेन्द्री कृतिहरूको लेखन भएको पाइन्छ र विदेशी अन्तर्गत भारतका साथै समुद्रपारिका समेत परिवेशकेन्द्री

यात्रासाहित्यिक कृतिको सृजनाका साथै कतिपय नारी यात्राकारहरूले पनि कलम चलाएको पाइन्छ । यस चरणका विशेष उल्लेख्य कृतिकारको प्रतिनिधित्व लैनसिंह वाङ्देलबाट भएको पाइन्छ । यात्रासाहित्यको उर्वरताका दृष्टिले यो चरण प्रथम चरणका तुलनामा निश्चय नै अघि रहेको पाइन्छ ।

**३.८.३.३. तृतीय चरण :**

नेपाली यात्रासाहित्यको आधुनिक कालको तृतीय चरणको आरम्भ तारानाथ शर्माको आगमनसँगै भएको देखिन्छ । स्वदेशका कुनाकाप्चादेखि लिएर अनेक देश र महादेशका विभिन्न भागको यात्रा गरेका तारानाथ शर्माको बेलाइती परिवेशमा केन्द्रित एवम् पर्याप्त मात्रामा निजात्मक राग भएको **भेनाइ साँघुको मेला** शीर्षक स्फुट कृति यस चरणको आरम्भ विन्दुका रूपमा रहेको पाइन्छ । यस चरणमा नेपाली यात्रासाहित्य शिल्पगत, भावगत र विययगत सबै दृष्टिले बहुआयामिक भएको पाइन्छ । साथै सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले यो विशेष रूपले उर्वर रहेको पाइन्छ । यस चरणका साहित्यिक कृतिहरू राजधानी तथा नेपालका विभिन्न स्थानबाट प्रकाशित पत्र-पत्रिकाहरू तथा विभिन्न संघ संस्थाबाट प्रकाशन भएको र कतिपय निजी प्रकाशनबाट समेत प्रकाशन भएको देखिन्छ ।

यस चरणमा सृजित कृतिहरूमा स्वदेशी र विदेशी परिवेशका तथा विदेशी अन्तर्गत पनि समुन्द्रपारी र वारी वा पूर्वीय पाश्चात्य असङ्ख्य देश र परिवेशका भूगोल, प्रकृति, इतिहास, समाज, सभ्यता, संस्कृति एवम् जनजीवनको अङ्कनका साथै तिनका अनेक आरोह-अवरोह, सुकृति-विकृति, सौन्दर्य र वैशिष्ट्य आदि तथा तिनमा राष्ट्रवादी र मानवतावादी स्वर मुखरित भएको पाइन्छ । त्यस्तै प्राकृतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक, पुराताaिवक, भाषिक, ऐतिहासिक, राजनैतिक, वैज्ञानिक, प्राविधिक, प्रशासनिक, अन्वेषणमूलक आदि विविध विषय-क्षेत्रसित सम्बद्ध यात्रासाहित्यिक कृतिहरूको पनि प्रशस्त मात्रामा लेखन-प्रकाशन भएको पाइन्छ ।

यस चरणका प्रमुख विभिन्न यात्रासाहित्यकार र कृतिहरू निम्नानुसार छन्:[३४]

तारानाथ शर्मा : जमर्काहरू, बेलाइततिर बरालिंदा, जीवनका छाल, पाताल प्रवास .............

यादव खरेल : समुद्र-पारी,

मञ्जुल : सम्झनाका पाइलाहरू, स्फुट कृतिमा हातभरि दार्जिलिङ्ग मनभरि ..........., कोलाज डुलिरहने पाइतालाहरूको, घामका पाइलाहरू, खेतका गरागराबाट हाम-फाल्दै...............

गङ्गाप्रसाद उप्रेती : स्मृतिका छालमा इटाली

विजय चालिसे : अप्रिलको बेलायत र हिमाली आँखा

निर्मोही व्यास : नौ पाइला (स्फुट कृतिमा सम्झना, ए दाई बच्चा जन्म्यो ............)

भूपहरि पौडेल : थलैथलाका पाटाहरू

भीष्म उप्रेती : यात्राका केही थुँगा फूल

रुद्रबहादुर खत्री : भोट दोसाँधीको अनुभव

श्रीकृष्ण गौतम : अल्छीका पाइला, तस्मात् चरैवेति तथा अन्य स्फुट कृतिहरू.........

वासु रिमाल यात्री : एक्लै बिनाकाम हेलम्बुसम्म, धनकुटा दर्शन, पैदल यात्रा जिरीसम्म.......

---

३४. ऐजन, पृ. १४२।

बानीरा गिरी : स्फुट कृति-बोन स्टुअर्ट मिल एरियाको जीवनसंगी, मस्कोको मुटु रेड स्क्वायर, तास्केनको बाटो

देवीचन्द्र श्रेष्ठ : काठमाडौंबाहिर, हुम्ला बोल्छ मानसरोवरमा घामपानीको छापबिडो तथा स्फुट कृतिहरू

जनकलाल शर्मा : कौतुकमय डोल्पो, स्फुट कृतिहरू.............

रमेश विकल : सात सूर्यः एक फन्को, स्फुट कृति मेडिसन पार्कको त्यो बूढो ।

घनश्याम राजकर्णिकार : विदेशको यात्रा स्वदेशको सम्झना देश प्रदेशको भ्रमण केही संस्मरण, केही चिन्तन केही मन्थन

कमल दीक्षित : नूनको खोजीमा तथा स्फुट कृतिहरू

पूर्णप्रकाश नेपाल यात्री : मेरो मुक्तिनाथ यात्रा, सेतीको नालीबेली काशीपुरी परिदर्शन, बदलिंदो घामछाया, नियात्राको नौलो सुसेली तथा अन्य स्फुट कृतिहरू

बद्री पोखरेल : दशपोका भित्रका पन्ध्र अंजुली

घटराज भट्टराई : डोल्पाकी छोटी, गोसाईंकुण्ड तथा अन्य स्फुट कृतिहरू

सूर्यबहादुर सेन ओली : देशदर्शन भाग १, २

विश्वनाथ ढकाल : डोल्पाली सेरोफेरो

मातृकाप्रसाद कोइराला : मेरो आसाम यात्रा

ज्यानबहादुर नेवार : चीन भ्रमण

योगी नरहरिनाथ : हाम्रो देश दर्शन

नारदमणि पौडेल : मेरो यात्रासंस्मरण

दिलबहादुर नेवा : महाराष्ट्र, महाचीन यात्रा

भिक्षु अमृतानन्द : जापान भ्रमणको डायरी

काजी रोशन : मानसरोवरमा डुबुल्की मार्दा

भक्तकृष्ण नकर्मी : आफ्नो देशयात्रा मेचीखण्ड

कुमार घिसिङ : दूनघाटी नालापानी

पद्मराज जोशी : वर्तमान नेपाल यात्रा एक परिचय

महेश्वर राय : काली र सेतीका छालहरू, सीताको माटोदेखि लिङ्कनको देशसम्म

देवीप्रसाद वनवासी : मुलुकभित्रै भौंतारिदा

रञ्जुश्री पराजुली : विदेशमा बिताएका केही वर्ष

शान्ति क्षेत्री : अरब सागरको सूर्यास्त

यस चरणमा नेपाली साहित्यले भौगोलिक प्राकृतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक, साहित्यिक, पुरातात्विक आदि विविध विषयगत व्याप्ति पाएको देखिन्छ । स्वदेश र विदेशका विविध पक्षका विविध भूगोल, प्रकृति, समाज, जनजीवन, संस्कृति, धर्म, भाषा, कला, सभ्यता आदि विविध पक्षका सुरूपता-कुरूपता, सुकृति-विकृति आदिको यथार्थ अङ्कन गरिएको पाइन्छ । त्यस्तै उद्देश्यगत दृष्टिले सोद्देश्यमूलक स्वच्छन्द भ्रमणमूलक र मिश्रित तीनवटै प्रकारका धारामा यो प्रवाहित पाइन्छ । प्रस्तुतिगत दृष्टिले आख्यानात्मक,

संस्मरणात्मक, निबन्धात्मक, दैनिक्यात्मक, पत्रात्मक, वर्णनात्मक, विवरणात्मक आदि अनेक शैलीमा लिखित र धारागत दृष्टिले वस्तुपरक र आत्मपरक दुई धारामा प्रवाहित पाइन्छ । उसैगरी भाषागत दृष्टिले यस चरणको यात्रासाहित्यमा कवितात्मक र गद्यात्मक वा ठोस र तरल दुवै प्रकारको भाषाको प्रयोग भएको पाइन्छ । समग्रमा नेपाली यात्रासाहित्यको परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले प्रशस्त विकास भएको पाइन्छ । अहिले पनि विविध धारा, उपधारा र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै तथा नव नव शैली-शिल्पको आविष्कार र अवलम्बन गर्दै उत्तरोत्तर समुन्नतितर्फ अघि बढ्दै गएको पाइन्छ ।

## ३.८.४. निष्कर्ष

यस अध्यायमा यात्रासाहित्यको सिद्धान्त, नेपाली यात्रासाहित्यको कालक्रमिक विकास क्रम सम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ । यस क्रममा यात्रा शब्दको व्युत्पत्ति, परिचय, परिभाषा, तaव, वर्गीकरण, अन्य विधासँग यसको सम्बन्ध, नेपाली यात्रासाहित्यको उद्भवका आधारभूत स्रोत, कालविभाजन, चरणविभाजन, ती काल र चरणका प्रतिनिधि स्रष्टा एवम् तिनका सृजनात्मक प्रमुख यात्रासाहित्यिक कृतिहरू, यात्रा निर्देशात्मक तथा स्थान परिचयात्मक कृतिहरू, अन्य भाषामा सृजित यात्रा-कृतिहरूको अनुवादकार्यको पनि अध्ययन गरिएको छ । समग्र सैद्धान्तिक अध्ययनबाट साहित्यको व्यापक क्षेत्रमा यसको विशिष्ट पहिचान, जीवनसितको यसको सम्बन्ध तथा कलागत मूल्य र सौन्दर्य स्पष्ट पार्ने प्रयास तथा यात्रासाहित्यको पृष्ठभूमिकाल (१५५०-१९६९), आरम्भकाल (१९७०-१९९८) तथा आधुनिककाल (१९९९-हालसम्म) निर्धारण गरि अध्ययन गरी तिनका प्रवृत्तिगत वैशिष्ट्यहरूको अङ्कन गरिएको छ । समग्रमा वि. सं. १५५० मा नेपाली यात्रा संस्मरणहरू भेटिएर विकास भएको यात्रा साहित्य १९७० सम्म पुग्दा आत्मकथा जस्ता यात्रा साहित्यहरू पनि पाइएका छन् । हाल आएर विभिन्न उद्देश्यहरूले गरिएका यात्राका विभिन्न अनुभव समेटिएका यात्रा साहित्यहरू प्रकाशित छन् ।

# अध्याय चार

## मोहन दुवालको **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** नियात्रा कृतिको अध्ययन

### ४.१. विषय प्रवेश

मोहन दुवाल नेपाली भाषा र साहित्यका क्षेत्रमा चार दशकदेखि निरन्तर सेवारत साहित्यिक प्रतिभा हुन् । साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डारलाई उकास्न मद्दत पुऱ्याउने मोहन दुवालको नियात्रा साहित्यमा पनि महaवपूर्ण स्थान रहेको छ । नेपाली साहित्यमा लेखिएका अन्य नियात्राकारहरूका नियात्रा अध्ययनबाट नै आफू नियात्रा लेखनतर्फ आकर्षित भएको कुरा दुवाल बताउँछन् । उनका २ वटा नियात्रा कृतिहरू प्रकाशित छन् । उनको पहिलो नियात्रा कृति **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** (२०६५)

हो । यस कृतिमा चीनको साङ्घाइ र बेइजिङमा ५ दिन तथा उत्तर कोरियामा १० दिन बिताउँदाको अनुभूति संगालेर पुस्तकाकार रूपमा सम्प्रेषण गरिएको पाइन्छ । यो यात्रा कृति काभ्रेबाट प्रकाशित **काभ्रे टाइम्स** साप्ताहिक, **समकालीन साहित्य** तथा **मधुपर्क** मासिकमा समेत प्रकाशित भैसकेको छ । यस नियात्रा कृतिमा सोसियल साइन्स असोसियसन, कोरियाको निम्तोमा काभ्रे, काठमाडौं र ललितपुरका २४ जना नेपाली साहित्यकारहरू चीनको बाटो हुँदै उत्तर कोरियासम्म पुगेर फर्कदासम्मका अनुभूतिहरूलाई क्रमशः १४ ½शृङ्खलामा बाँडेर लेखेको पाइन्छ । चीनको बाटो भएर कोरिया जाने क्रममा असोज २४ गते त्रिभुवन विमानस्थलमा आफ्नो जीवनसंगिनी भारती, छोरा, छोरी तथा आफन्तहरूसँग पुगेको तथा रातको १२:३० बजे मात्र उड्ने भएकोले आलसतालस गर्दै समय बिताएको कुराबाट यात्रा प्रारम्भ भएको जानकारी हुन्छ ।

## ४.२. चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण नियात्रा कृतिको अध्ययन

चीनमा रहँदा भाषाको समस्या परेको, चीनमा विकास तीव्र ढङ्गले भएको विश्व कै जनघनत्व बढी भएको नगर साङ्घाइमा सबै कुराको व्यवस्थापन भएको देख्दा काठमाडौंको हालत सम्झेर दुःखी भएका छन् । बुढापाका, युवा युवतीहरू आफ्नै धुनमा मस्त रहनु, बजारभाउ सस्तै र नियन्त्रित भएको पाएका छन् । विश्व मै प्रख्यात बन्दरगाह तथा सम्पूर्ण विश्वसँग सम्पर्क गर्न सकिने सूचना केन्द्रहरू देख्दा नियात्राकारले अचम्म मानेका छन् ।

खुल्ला द्वार प्रणालीमा रमाएको चीनमा विकासको गति तीव्र ढङ्गले भएको कुरा उल्लिखित छ । जनघनत्व विश्वमै बढी भएको सहर भएर पनि सबथोक व्यवस्थित भएको कारण कतै एक टुक्रा फोहोर देखिँदैन, घुँइचो कतै नहुनु, ट्राफिक जाम नहुनु, आफ्नै संस्कृति र भाषामा रमाएर आनन्दका साथ घुमफिर गर्नु, आफ्ना काममा व्यस्त रहनु, सबैले मोबाइल बोक्नु, सरसर्ती हेर्दा सबै जना सुखी र खुसी देखिनु चिनियाँका विशेषताहरू हुन् भन्ने भान हुन्छ । एसियाकै ठूलो टावर Forte tower ४६५ मि. अग्लो गुम्बज परेको घर, विश्वको तेस्रो लामो नान्पु पुल (८,४६० मिटर) कोलाहलरहित पानीको छाल माथिबाट हेर्दा नियात्राकारले अनौठो मानेका छन् । चार वर्षमा निर्माण गरिएको अति सुन्दर सहर फुटुङ ५२२ स्क्वाएर किलोमिटर क्षेत्रफलमा अवस्थित यस नगरमा सबै अत्याधुनिक गगनचुम्बी ४०/४५ तलादेखि ८८ तलासम्मका घरहरू देख्न पाउँदा दङ्ग परेका छन् । केटाकेटीदेखि बुढाबुढीसम्म घुम्न मन पराउने सेन्ट्रल पार्क एकदम रमणीय र मोहक रहेको, साङ्घाइको पुरानो बजारमा चिनियाँ

पुरानो संस्कृति लुकेका घरहरू, पोखरीहरू, देव-मन्दिरहरू जस्ताको तस्तै देख्न पाइएको कुरा उल्लेख गरेका छन् । पाश्चात्य मुलुकहरूसँगको संयुक्त लगानीमा बनाइएको फुटुङ सहरको सुन्दरतालाई र विकासलाई हेरेर मोहन दुवालले चीनको अस्मिता भोलि के हुने हो भनेर मनमा सुटुक्क प्रश्न सोध्न भ्याएका छन् । शिष्टतालाई मुसुक्क हाँसेर साटासाट गर्ने चिनियाँ बानीको मुक्तकण्ठले दुवालले प्रशंसा गरेका छन् ।

समय अभावका कारणले मन खोलेर घुम्न नपाएको, त्यहाँको वातावरण देखेर हाम्रो देशका फोहोरका डङ्गुर सम्झदाको तीतो अनुभव पनि दुवालले दुःखका साथ कोट्याएका छन्। चिनियाँ भाषा नजानेर इशारामा कुरा गर्नु परेको बाध्यता, विभिन्न चिनियाँ खानाका परिकारहरू चाखेको अनुभव, मःम बुझाउन पोष्टर देखाउनु पर्दाको तीतो यथार्थता, केराको मोलतोल गर्दाको अप्ठ्यारो, चपस्टिकले खान नजानेर हातले खाना खाँदा चिनियाँहरूको हाँसो अति रमाइलो ढङ्गले प्रस्तुत गरेका छन् । शान्त ठाउँमा हल्ला गर्ने हाम्रो नेपाली स्वभाव प्रदर्शन हुँदा लाजमर्दो भएको अनुभव प्रस्तुत गर्दै समय अभावका कारण माओत्सेतुङको शव कक्ष हेर्नबाट बञ्चित हुनु परेकोमा नियात्राकार दुवाल दुःखी भएका छन् ।

दुवालले चीनमा पूँजीवादले दिने विकृति बढ्दै गएको भए पनि कुनै मानिस बरालिएका पाइदैनन्, सबै आ-आफ्नै काममा व्यस्त छन्, सानो ठूलो जुन काम गरे पनि कसैले कसैको वास्ता गर्दैनन्, मुखमा निद्रा, भोक, रोग, शोकका रेखाङ्कनहरू छन् जस्तो नभेटिएको कुरा प्रस्तुत गरेका छन् । देशमा नियम कडा भएमा विकास लगाएतका सबै काम सम्पन्न हुन सक्ने तथा चीनको धूलो धुवाँरहित चोखो सहर घुमेपछि नेपालका नेताजीहरूको सुन्दरताको बखानका कुराहरू सम्झेर नियात्राकारलाई हाँस्न मन लागेको कुरा प्रकट गर्दछन् । देशको सुन्दरताको रक्षा गर्न सुन्दर मन हुनुपर्ने तथा हाम्रो देशका शासकहरू फोहोर संस्कृति र भावनामा रमाएर बसेको र अन्य देशका सुन्दरता देख्दा नेपालीहरूको मन सार्है दुखेको गुनासो पोखेका छन् ।

चीनबाट उत्तर कोरिया जाने क्रममा हवाइजहाजमा दक्षिण कोरियाका सिनियर पत्रकार किमसँग भेट भएको र भेटको क्रममा सबैथोकमा विकास भएर पनि दक्षिण कोरियामा मान्छेको आचरण बिग्रेको, हत्या, हिंसा, बलात्कार जस्ता डरलाग्दा पूजीँवादका कुरूपताहरू बढेकोमा चिन्तित भएर उनी उत्तर कोरियाको भ्रमण गर्न आएका कुरा दुवालसँग व्यक्त गरेका छन् । दुवाल भौतिक सुख नै सबैथोक होइन आत्मीय शान्ति भएन भने मान्छेको स्वरूपभित्र दैत्यको बास लिन्छ भनेर व्याख्या गर्छन् । नीतिको राम्रो ढङ्गले प्रयोग भएमा देशको अवस्था सुधिन्छ तर नेपालमा सांसद्हरू नै तस्करी भएको प्रसङ्ग जोड्दै सांसद कमानसिंह लामालाई जनताका

लागि के गर्नुभयो भन्ने प्रश्न किमले राखेका छन् र नेपालका सांसदहरूको चरित्रलाई उदाङ्गो पारेका छन् ।

उत्तर कोरियाको मसुइडाइ पहाडमा किम इल सुङको ६० औं जन्मोत्सवको उपलक्ष्यमा सन् १९७२ मा स्थापना गरिएको अजङ्गको ३० मिटर उचाइको सालिक मस्त निद्रामा सुतिराखेको जस्तो देखिने र उहाँ बिउँझेपछि उत्तर कोरिया साम्राज्यवादी चङ्गुलबाट मुक्त हुने कुरामा आफ्ना नेताको पूर्ण विश्वासमा स्वतन्त्रताका लागि लडिरहेका कुरा दुवाल आफ्ना देशका नेताको अवस्था सम्झदै दुःखका साथ लेख्छन् । चीन र उत्तर कोरियाको तुलना गर्ने क्रममा दुवाल चीनलाई स्वतन्त्र तथा विकसित राष्ट्र र उत्तर कोरियालाई विकसित भएर पनि कता कता पूँजीवादी राष्ट्र अमेरिकाले आक्रमण गर्ने डर र त्रासमा श्वास फेर्न गाऱ्हो भएर बाँचेको राष्ट्रको संज्ञा दिन पुग्छन् । उत्तर कोरियाली जनताको मिहिनेती र परिश्रमी बानी नेपालीले सिक्नुपर्ने कुरामा दुवालले जोड दिएका छन् । चीनको दाँजोमा कोरियामा शान्तपन, आफ्नै ढङ्गको चहलपहल र मान्छेहरूको गम्भीर चेहराबाट अनौठो ढङ्गको अनुभूति प्राप्त हुने कुरा उल्लेख गरेका छन् । कोरिया भौतिक रूपले पूँजीवादी राष्ट्रहरू झैं सम्पन्न नदेखिएता पनि देशप्रतिको भावना, ऐक्यबद्धता, शान्ति, अनुशासन, प्रतिबद्धता, मैत्रीपूर्ण, मेहनती, परिश्रमी, सुन्दर वातावरणले कोरियालाई जीवन्त ढङ्गले बचाइ आफ्नो लक्ष्यमा पुग्न सफल बनाउने कुरा निश्चय भएको उल्लेख गरेका छन् । देदोङ नदी किनारको सुन्दरता, विभिन्न पार्कका सुन्दरता, ठूला-ठूला पत्थर कोइला, म्याग्नेसाइट उत्पादन गर्ने उद्योग हेर्दा, उत्तर कोरियनहरूको स्वाभिमान देख्दा, जुच्छे विचारधाराको संग्राहालय हेर्दा, बालबालिकालाई देशका बहुमूल्य सम्पत्ति मानेर Children palace निर्माण भएको देख्दा दुवाल आश्चर्य चकित भएका छन् ।

किम जन्मेको घरमा किम इल सुङका पूर्खाहरूको इतिहास हाँसेको देख्न पाइएको, लगभग ४० करोड अमेरिकी डलर खर्च गरेर कोरियाको पश्चिमी क्षेत्रमा रहेको ठूलो बाँधबाट बिजुली निकाल्ने, ठूल्ठूला पानीजहाज चल्ने, माछापालन गरिने तथा चीनको साङघाइसम्म यसै बाटो भएर घुम्न सकिने गरी बनाइएको देख्दा अनौठो मानेका छन् । कोरियनहरूले पसिना बगाएर बनाएको सडकमा दायाँबायाँ नूनको खेती गरिएका खेतहरू, पश्चिमी समुद्री बाँध हेरेपछि कोरियनहरूको स्वाबलम्बन देखेर दुवालले कविता कोरेका छन् । अन्तर्राष्ट्रिय मैत्री प्रदर्शन हल घुम्दा बिना पासपोर्ट संसार घुम्न पाएको  अनुभव दुवालले गरेका छन् । मेट्रो ट्रेन स्टेशनको अनौठो सुन्दरता, सुन्दर युवा युवतीको मुस्कान सहितको आत्मीय अभिवादनले मन चसक्क भएको कुरा उल्लेख छ । पानमानजोङ पुग्दा युद्धकालीन ट्रेन्चहरू हेर्दा कोरियालीहरू

भय र आतङ्कमा जीउनु परेको बाध्यता र दिल खोलेर हाँस्न नसक्नाको कारण दुवालले पत्ता लगाएका छन् । नियात्राकार दुवाल उत्तर र दक्षिण कोरिया एक भई आफ्नै स्वाभिमानमा बाँच्न चाहेको तर अमेरिकाले यस कार्यमा बाधा पुऱ्याएर पानमानजोङमा सैनिक तैनाथ गरेर बसेको कुराको विरोध गर्न पुगेका छन् ।

अभिनय मात्र गर्दैनन् उनीहरू
कायरहरूको त सातो झार्छन्
थुप्रै कायरहरू देशलाई
उनीहरूले उपनिवेश बनाएका छन्
घोडाजस्तै सम्झेर काँधमा चढेका छन्
हो, उनीहरूको पहिचान
विश्वमा सबैको आँखा र मनमा
साम्राज्यवाद कै रूपमा प्रख्यात छन् ।[१]

फर्कदै गर्दा चीन र उत्तर कोरियाको प्रगति बुझेर त्यसको सिको गर्दै अगाडि बढेमा देश विकास हुने कुरा प्रकट गरेका छन् ।

१. मोहन दुवाल, चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. ५१, ५२

## ४.३. विषयवस्तुगत दृष्टिकोण:

चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण गर्दा देखेका विभिन्न विषयवस्तुलाई दुवालले बढो रोचक ढङ्गले आफ्नो कृतिमा प्रस्तुत गरेका छन् । चीनमा ठूला-ठूला बन्दरगाहहरू, व्यापारिक तथा औद्योगिक केन्द्रहरू, विश्वसँग सम्पर्क गर्ने सूचना केन्द्रहरू प्रशस्त मात्रामा भएको कुरा उल्लेख गरेका छन् । सबै प्रकारका मानिसहरू घुम्न मिल्ने रमणीय पार्कहरू, आफ्नै संस्कृति बोकेका सांस्कृतिक सम्पदाहरू प्रशस्त मात्रामा देख्न पाइने, बजार भाउ पनि नियन्त्रित र सस्तो रहेको पाइएको कुरा विभिन्न सामान किन्दाको अनुभवमा दुवालले लेखेका छन् । त्यति ठूलो सहरमा कतै फोहोरको टुक्रो समेत नदेखिनु, लफङ्गा र बरालिएका, पङ्स, बगलीमारा, माग्ने, कोही नदेख्दा नियात्राकार आश्चर्यमा परेका छन् । एसियामै प्रसिद्ध धेरै कुराहरू देख्न पाउँदा, सबै आफ्ना काममा व्यस्त भएका, जुनसुकै क्षेत्रमा पनि महिलाको सहभागिता बढी देख्दा नियात्राकार दङ्ग देखिएका छन् ।

उसैगरी उत्तर कोरियाको राजधानी प्योङयाङ पुगेर कोरियालाई स्पर्श गर्ने क्रममा नियात्राकार कोरियालीहरू चिनियाँभन्दा अलि शिष्ट, आफ्नै ढङ्गमा चल्ने, मिहिनेत र परिश्रम गरेर आफ्नै स्वाभिमानमा बाँच्न चाहने, कसैको दासत्व स्वीकार नगर्ने प्रवृत्तिका पाउँछन् । म्याग्नेसाइट उत्पादनमा प्रसिद्धि कमाएको यस देशमा विभिन्न उद्योगहरू, अजङ्गका क्रान्तिका घरहरू, संग्राहालय, सांस्कृतिक कार्यक्रमका लागि ठूला ठूला रङ्गशालाहरू तथा Children palace हरूको समेत यथोचित व्यवस्थापन भएको नियात्राकारले पाएका छन् । अमेरिकाले दुई कोरिया छुट्याउन खोजेको महसुस गरी नियात्राकार दुवै देश एक हुनुपर्ने तथा कोरिया स्वतन्त्र हुनुपर्ने कोरियालीहरूका तर्कमा जोड दिन्छन् । विश्वका पूँजीवादी राष्ट्रहरूको ऋण नबोकेको राष्ट्र, जस्तोसुकै कष्टमा पनि साम्राज्यवादसँग नझुकेको राष्ट्रलाई केही मात्रामा कष्ट, सङ्कट आइपर्नु कुनै अनौठो कुरा होइन भन्ने कुरामा नियात्राकारले विश्वास राखेको देखिन्छ । केसोङ सहरमा भएको युद्धविरामका प्रशस्त प्रमाणहरू जस्ताको तस्तै रहेको, आफ्ना नेतालाई महान् मान्ने कोरियनहरू दासता नस्विकारी कष्ट मै स्वभिमान झुण्ड्याएर बाँच्न रूचाउने रहेछन् भन्ने कुरा नियात्राकारले प्रस्ट्याएका छन् ।

छुकछुक ..........छुकछुककै गतिमा
रेल चढेर फर्किरहेछु
धुकधुक.............. धुकधुककै गतिमा
मान्छे भोगेर आइरहेछु ।
कोरियाको “शान्त मन” ले
देखाएको शिष्ट व्यवहारमा
कसरी यसको ऋण तिरूँ
मेरो मनमा म प्रश्न गरिरहेछु ।
प्योङयाङ तिम्रो सुन्दर वक्षस्थलमा
कस्तो दुर्गाति खोपेका रहेछन्
हेर्न गाऱ्हो हुने गरी
बम र गोलाले खाएका खेतहरू हेरेर
हाम्रो पनि मन र आँखाहरू दुखिरहेछन् ।
मन दुखिरहेछ
मनले दुःख मनाइरहेछन्
के भनौं खोइ

तिम्रो प्रगतिको कामना गरिरहेछु ।[२]

## ४.४. यात्रागत दृष्टिकोणः

काभ्रे जिल्लाको रमणीय सहर बनेपाबाट यात्रा आरम्भ गरेका मोहन दुवालले चीनको बाटो हुँदै उत्तर कोरिया पुग्न हवाइ मार्ग रोजेका छन् । त्रिभुवन विमानस्थलबाट रातको १२:३० बजे ओसाका जाने प्लेनमा दुवाल लगायत २४ जनाको टोली प्रवेश गरी ७:३० बजे साङ्घाइ एयरपोर्टमा सबैजना ओर्लिएका कुरा नियात्राकार उल्लेख गर्छन् । नियात्राकार साङ्घाइ सहर घुम्दा देखेको दृश्यले काठमाडौंको अस्तव्यस्तता सम्झन पुग्छन् । साङ्घाइको **न्यू एसिया** होटलमा बसी नयाँ बस्ती बसालिएको विकसित सहर फुटुङ अवलोकन गरेर बेइजिङ जाने यात्रा रेलबाट सुरु हुन्छ । नियात्राकारको टोली बेइजिङ पुगी एउटा होटलमा बस्ने निधो गर्दै कोरिया जान प्लेनको टिकट काट्ने र ट्राभल्स चेक साटेर फर्कदा दुवाल र दीपक पराजुलीले एक अप्ठ्यारी चिनियाँ आइमाईसँग केरा किनी खाँदाको क्षण बिर्सन नसकिने बताउँछन् ।

नियात्राकार तेन आन म्यान स्क्वायर घुम्न ट्याक्सीमा निस्कँदा भाषाको समस्या पर्दा भाइचारा भाषा इशाराले भए पनि काम चलाएको कुरा प्रस्ट गर्दछन् । Air koryo बाट उत्तर कोरिया जाने क्रममा नियात्राकारको भेट दक्षिण कोरियाका वरिष्ठ पत्रकार किम दामसँग हुँदा, दक्षिण कोरिया, उत्तर कोरियाका साथै नेपालका समेत विभिन्न प्रसङ्गका महaवपूर्ण कुराहरू भएका कुरा प्रस्तुत भएका छन् । एउटा प्रसङ्ग यसप्रकार छः- कुरा-कुरामा हाम्रो टोलीमा

२. ऐजन, पृ. ६० ।

रहेका भूतपूर्व सांसद कमानसिंह लामासँग किमले प्रश्न राख्नुभयो - “सांसद भएर तपाईंले जनता र देशका लागि के गर्नुभयो ?” कमानसिंहले तत्काल उत्तर दिइहाल्नुभयो - “जनता र देशका विरूद्धमा काम गरिन, तर अरू काम गर्न दिने परिस्थिति पनि छैन”

विदेशबाट लुकाई छिपाई सुन बोकेर आउने राष्ट्रिय पञ्चायतका सदस्यहरूको प्रसङ्ग चलाउँदै किमले भन्नुभयो - “नेपालको भविष्य राम्रो गर्न गाऱ्हो रहेछ, तस्करीहरू नै सांसद हुने वातावरण रहेसम्म देशको भविष्य कसरी राम्रो हुन्छ ? नीति मात्र राम्रो बनाएर हुँदैन, कार्यान्वयन राम्रो ढङ्गले भएपछि मात्र देशको अवस्था सुधिन्छ ।”[३] मनसुडाइ पहाड घुम्न जाने क्रममा चोइ जङ अइ र किम सोङ सिल नामक दुइटी कोरियन केटीहरूसँग भएको कुराकानी बढो रोचक ढङ्गले नियात्राकारले प्रस्तुत गरेका छन् । किम इल सुङको शव राखिएको ठाउँ, देदोङ नदी किनारा, जुच्छे विचार धाराको स्तम्भ अवलोकन गरी नियात्राकारले जनसांस्कृतिक

दरबारमा भएको गोष्ठीमा संलग्न हुने मौका पाई जुच्छे विचार धाराका विभिन्न धारणा सुन्ने अवसर प्राप्त गरेका छन् । मसुइडाइ पहाडको बाहुपासमा रहेको किम इल सुङको सालिकको तौल कति होला भन्ने प्रश्नको जवाफमा कोरियनहरूले भने - "कोरियन जनताहरूको मुटुको तौल नै यसको तौल हो ।"[४]

"मनमा कुरा खेलाउँदै रेलको सिटमा पल्टिरहें । अचानक राति १:०० बजेतिर तल सिटका बहिनीले मलाई टकटक गरी उठाइन् । आँखा खोल्दा त मेरो पर्स पो दिइन् । छक्क परें, पाइन्टको खल्तीमा राखेको पर्स खसेको रहेछ - मलाई सौहार्दतापूर्वक दिइन् । पर्समा रहेको पैसा गन्दा जतिको तति, एक रूपियाँ पनि तलमाथि छैन । अनौठो लाग्यो । यस्तो राम्रो संस्कृति पनि जिउँदो रहेछ । यस्तो खालको सत्कर्म देखेपछि चीनप्रतिको आस्था र मायामा मन प्रफुल्लित भइदियो ।"[५]

नियात्राकार प्योङयाङ बजार घुम्दा बजार भाउ महँगो भएको, कोरियन रूपैंयाभन्दा डलर नै लिन खोज्ने पसले भेट्दा अनौठो मान्छन् । मे दे स्टेडियमको अनौठो सांस्कृतिक कार्यक्रम, औद्योगिक क्रान्तिका भवन, जुच्छे संग्राहालयभित्र किम इल सुङ र किम जोङ इलले लेखेका पुस्तकहरू तथा तस्विरहरू सजाएको देख्दा नियात्राकार कोरियनले आफ्ना नेताप्रति गरेको सम्मान देखेर हर्ष विभोर हुन पुग्दछन् । नियात्राकारको देदोङ नदीको माथिबाट बसमा किम  जन्मेको घर अवलोकन गर्न जाँदा देखेको घाँसे भूमि, दायाँबायाँ खेतमा गरिएको नूनको

३. ऐजन, पृ. २२, २३ ।
४. ऐजन, पृ. २३, २४ ।
५. ऐजन, पृ. ६३ ।

खेती, साङ साङ होटलको गाउँले वातावरणको स्वस्थ्य हावापानीको रम्य परिवेशमा योमरी खाँदाको क्षण, मुरली रंजितसंगै प्यालेष्टाइन बसिल र उहाँकी श्रीमती फ्रान्सको तिइन लिसेसँग आत्मियता साट्दाको क्षण, अन्तर्राष्ट्रिय मैत्री प्रदर्शन हल घुम्दाको अनुभव मेट्रो ट्रेन स्टेशनको अवलोकन आँखामा घुमिरहेको अनुमान लगाउन सकिन्छ ।

उत्तर र दक्षिण कोरिया जोड्ने सिमानामा पर्ने पानमानजोङ बसबाट जाँदा चक्का पङ्चर भएको र अनुभवी ड्राइभरले कष्टपूर्वक ब्रेक कन्ट्रोल गरी सबैको ज्यान बचाएको क्षणले नियात्राकारको जिउ सिरिङ्ग पारेको छ । पानमानजोङको अवस्था हेर्दा कोरियालीहरूको मुख्य चिन्ताको विषय (कष्ट) के हो भनी निक्यौंल गर्न नियात्राकारलाई अप्ठेरो नपरेको कुरा प्रस्ट गर्छन् । नियात्राकार सहित ६ जनाको टोलीले होमबहादुर क्षेत्रीको घरमा पुगी नेपाली खानाको स्वाद लिंदै रेल र हवाइ मार्गबाट आफ्नो यात्रा पूरा गरेको कुरा स्पष्ट गर्दछन् ।

## ४.५. प्रस्तुतिगत दृष्टिकोणः

नियात्राकार दुवालको **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** नियात्रा कृति एक बसाइमा पढ्न सकिने सानो कृति हो । यसमा जम्मा ६४ पृष्ठहरू छन् । नियात्राकारले यसलाई १४ अंकमा विभाजन गरेर निबन्धात्मक, संस्मरणात्मक तथा दैनिक्यात्मक रूपमा प्रस्तुत गरेका छन् । उनको वर्णन शैली सबैले बुझ्न सक्ने सरल हुनुका साथै आफू पनि सँगै घुमेको अनुभव हुन्छ । अप्रत्यक्ष रूपमा संवादको प्रयोग भएको यस कृतिमा भूतकाल र वर्तमानकालका वाक्य ढाँचा प्रयोग गर्दै नियात्राकारले मन छुने ठाउँको अवलोकन पश्चात् कविता कोर्न भ्याएका छन्। कृतिको बाहिरी आवरण पृष्ठमा शहिद स्मारक अगाडिको फूलबारीको मोहक दृश्यमा खिचिएको आफ्नो तस्वीर तथा अन्तिम पृष्ठमा Forte tower सँगै आफ्नो तस्वीरका साथै तीनवटा कविताका हरफहरू प्रस्तुत गरेका छन् । एउटा कविता यस्तो छ :

"मान्छेका असङ्ख्य चाहनाहरू बोकेर
हामी कुद्यौं रेलमाथि चढेर
खोइ के बुझ्नु
रेलले हामीलाई कुदाइरहेछ कि
हामीले रेल कुदाइरहेछौं ?"[६]

६. चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. १४

## ४.६. भाषा शैलीगत दृष्टिकोणः

नियात्राकार मोहन दुवालले सरल वाक्यमा प्रस्तुत गरेको नियात्रा कृतिका कुनै कुनै वाक्यहरू संयुक्त ढाँचाका छन् । सरल, सरस, सहज सम्प्रेष्य कवितात्मक नेपालीपनयुक्त भाषा शैलीमा प्रस्तुत नियात्रामा केही शब्द अंग्रेजी पनि भेटिन्छन् । सबै भन्दा छोटो अनुच्छेद ४ पङ्क्तिको र लामो ३९ पङ्क्ति गरी जम्मा ९१ अनुच्छेद रहेको यस कृतिमा प्रथम पुरुष दृष्टिविन्दु निबन्धात्मक, संस्मरणात्मक र कवितात्मक प्रस्तुति रहेको पाइन्छ । अगाडि, बीचमा र पछाडिको पृष्ठमा गरी ७ वटा तस्विर राखी पर्याप्त मात्रामा स्थानीयता, तथ्यात्मकता, निजात्मकता, अनुभूति चिन्तन, आत्मीयता, कल्पनाप्रवणता, रसात्मकता, रोचकता, तुलनात्मकता, कवितात्मकता, चित्रात्मकता प्रस्तुत गर्नु नियात्राकारका मूलभूत उपलब्धिहरू हुन् ।

### ४.६. निष्कर्ष

नियात्राकार मोहन दुवालको पहिलो नियात्रा कृति **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण**(२०६५) मा चीनको साङ्घाइ र बेइजिङमा ५ दिन, उत्तर कोरियामा १० दिन बसेर यात्रा गर्दाको विभिन्न रमाइला विषयवस्तु, यात्रात्मक गतिविधि, रमाइला प्रस्तुति, भाषाशैली, त्यस ठाउँमा चलिरहेका सांस्कृतिक पक्षका बारेमा प्रस्ट पार्ने कोशिश गरिएको छ । जम्मा १५ दिनको चीन र उत्तर कोरियाको भ्रमणलाई ६४ पृष्ठ र १४ अंकमा बाँडेर चीन र कोरियाको विकास, प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पदा, भौगोलिक विवरण, आर्थिक, सामाजिक पक्षहरूका साथै घुमेका विभिन्न स्थानहरूको वास्तविक बयान गरेका छन् । त्यति मात्र नभई आफूलाई अति नै मन परेका तथा मनमा खट्किएको कुरालाई मुक्तक कविता मार्फत पोख्न समेत भ्याएका छन् । यसरी यस नियात्रा कृतिलाई पढौं पढौं लाग्ने बनाउन नियात्राकार दुवाल सफल भएका देखिन्छन् । समग्रमा चीन र उत्तर कोरियाको भ्रमण गरेर लेखिएको यस नियात्रा कृतिमा चीन र कोरियाले गरेका औद्योगिक विकासका कुरा, आर्थिक सम्पन्नताका कुरा, मेहनत र परिश्रमका कुरा, देशभित्र लुकेका संस्कृतिको संरक्षण गर्ने तरीका जस्ता कुराहरूको अनुकरण गर्नै पर्ने कुरामा जोड दिएको पाइन्छ । त्यस ठाउँमा भेटिएका नराम्रा कुराहरूलाई सुधार्ने मौका दिनुपर्ने राय पनि भेटिन्छ र मेहनती, परिश्रमी, इमान्दार भएमा अवश्य पनि देशलाई उन्नति र प्रगतिमा लान सकिने कुरामा विशेष जोड दिएका छन् ।

# अध्याय पाँच

## मोहन दुवालको **सिक्किम पुग्दाका कुराहरू** नियात्रा कृतिको अध्ययन

### ५.१. विषय प्रवेश

नियात्राकार मोहन दुवालको दोस्रो नियात्रा कृति **सिक्किम पुग्दाका कुराहरू** (२०६६) हो। यो कृति **काभ्रे टाइम्स**मा ११ औं ½ृङ्खलामा प्रकाशित भइसकेको छ । यो नियात्रात्मक कृतिमा नियात्राकारले भारतीय-नेपाली लेखिकाहरूको साहित्यिक संगठनका अध्यक्ष वरिष्ठ लेखिका विन्द्या सुब्बाको आग्रहमा विशिष्ट अतिथि भएर वरिष्ठ कथाकार परशु प्रधानको प्रमुख आतिथ्यमा नेपाल स्रष्टा समाजका मित्रहरूसँग दार्जिलिङ हुँदै सिक्किम पुगेर फर्कँदाका कुराहरू

समेटेका छन् । दुवालले यस कृतिलाई छुट्टाछुट्टै १२ वटा शीर्षक दिएको पाइन्छ । नियात्राकार धेरैपल्ट व्यवहारिक कठिनाईहरूका कारण सीमित स्वार्थमा अल्झेर थुप्रै खालका महaवपूर्ण काममा लाग्न नपाएका क्षण सम्झेर दुःख पोख्न पुगेका छन् ।

## ५.२. सिक्किम पुग्दाका कुराहरू नियात्रा कृतिको अध्ययन

३६ वर्ष अघि पुगेको दार्जिलिङ जान नियात्राकार जाडोको याम भएकाले ज्याकेट, कोट, गञ्जीहरू, पाइन्ट, सर्टहरू झोलामा राख्दछन् । जनमतको मनप्रसाद सुब्बा विशेष अङ्क र केही भारतीय नेपाली लेखक विशेष र नरेन्द्र बहादुर श्रेष्ठलाई दिनुपर्ने जनमत पूर्णाङ्क १४५ अङ्क ३० थान गरी ८० थान जति जनमत, दुवालका ८ वटा कविताका पुस्तकहरू, १०० अङ्कको विशेष जनमत झोलामा राखेर ५:१५ मा मात्र प्लेन चढेर विराटनगर जाँदा यात्रा आरम्भ भएको जानकारी प्राप्त हुन्छ । दार्जिलिङ जाने क्रममा परशु प्रधानको घर विराटनगर बस्दा कार्तिक महिनामा पनि त्यहाँको गर्मी तथा लामखुट्टेले दिएको दुःखलाई कवितामा समेत उतारेका छन् । "बस स्ट्याण्डमा आइपुग्नासाथ कण्डक्टर, खलासी, दलालहरूको तानातान देखियो । झोला खोस्न खोज्ने, हात तान्न खोज्ने, झुक्याएर, फुर्क्याएर, आफूतिर तान्ने यी बस स्ट्याण्डका महानायकहरूको चर्तिकला हेर्नै गाऱ्हो खालको थियो । सोझो देखिने निमुखा खालका व्यक्ति पात्रहरू यिनीहरूका लागि मनोरम पात्रहरू हुन्थे । यस्तै पात्रहरूलाई डोऱ्याएर, तानेर र छलेर यिनीहरू आफ्नो इच्छापूर्ति गर्ने गर्छन् । हामीलाई पनि झुक्याउन खोज्दै थिए तर हामीहरूले दिएको जवाफ र हाम्रो ग्रुपको शान र मान देखेर हामीलाई झुक्याउन नसक्ने देखेर पर पर सरे ।"[1]

---

१. मोहन दुवाल, सिक्किम पुग्दाका कुराहरू, पृ. ६ ।

काँकडभित्तासम्मको बाटोको अवस्था देखेर नियात्राकार नेपालीहरूको मन पनि सुरक्षित नभएको दुःख व्यक्त गर्दछन् । टुङ्ग बस्तीमा छुट्टै गोर्खाल्याण्डको माग गर्दै विभिन्न नारा र सूचनाहरू टाँसिएबाट नियात्राकार त्यहाँका मानिसहरू संघर्षशील रहेको कुरा प्रस्ट पार्छन् । नियात्राकार गोरुको मासु खाइने डरले ममःनखाइ ठाउँ-ठाउँमा चिया नास्ता गर्दै सिंहमारी जवाररोड पुग्दा दार्जिलिङका साहित्यकारहरूले खादा ओढाएर गरेको स्वागतलाई बिर्सन नसकिने बताउँछन्।

चौरास्तामा भानुभक्तको ठूलो कदको सालिक ठिङ्ग परेर दार्जिलिङका नेपालीलाई हेर्दै बसेजस्तो तथा दौरा सुरूवाल, भादगाउँले टोपी लगाएर बसेका पुरुषहरू, चौबन्दी चोली र पटुकीमा ठाँठिएर चुरा पोतेमा सजिएर बसेका भारतीय नेपाली महिलाहरू देख्दा नियात्राकार साँचो नेपालमा पुगेको अनुभूति गर्न पुग्छन् ।

नियात्राकार बिहान कोही नउठ्दाको दार्जिलिङको सुन्दरता देखेर मख्ख परेका छन् । १५ दिनको एकपल्ट मात्र पानी आउने र दार्जिलिङका सडकहरूको फोहोर देखेर काठमाडौँको र दार्जिलिङको हालत एउटै भएको नियात्राकार ठहर गर्न पुग्छन् । नेपाली साहित्य सम्मेलन दार्जिलिङको सभाकक्षमा भएको साहित्यिक कार्यक्रम मार्फत दार्जिलिङ र नेपालको भाषा र साहित्यको सम्बन्धमा मितेरी गाँसिएको कुरा नियात्राकार प्रस्ट्याउँछन् । नियात्राकारले दार्जिलिङ हुँदै मिरिकमा साहित्यिक माया साट्न जाँदा बाटोमा देखेका सुन्दरताहरू, मिलन राना मगरको स्वभावबाट सम्पूर्ण दार्जिलिङ्गेहरूको स्वभाव बुझ्ने अवसर पाएको, मिरिकको सुमेन्दु तालको मनोरम दृश्य, माछापालन, चियाखेती र तरकारीको प्रसिद्ध नगरको सुन्दरता, नेपाली साहित्य सृजना संस्थान, मिरिकले गरेको स्वागत मनभित्र सुटुक्क पसेको बताएका छन् । "एउटै भावनामा गाँसिएका भारतीय नेपालीहरू र नेपालीहरू भौगोलिक सिमानामा बाँधिएर अलग्गजस्तो देखाउनु हुँदैन । हामीबीचको आत्मियता मजबुत र दह्रो राख्नका लागि हामीबीचको सम्बन्ध सधैं भइरहनुपर्छ । धेरै कुराले एउटै जस्तो देखिने दुई देशका हामी लेखकहरूको भेटघाट कार्यक्रम राख्न पाएर हामी ज्यादै खुसी छौं । नेपाल र नेपालीहरूको व्यथा र माया साटासाट गर्न पाएका छौं । मिरिक आज धेरै अर्थमा खुसी छौं ।"[२]

Queen of the hills का रूपमा विश्व प्रख्यात दार्जिलिङमा नियात्राकारले नेपाली भाषालाई प्रथम कोटीको भाषा, बौद्धमार्गी र हिन्दूहरूको बाहुल्यता रहेको पाएका छन् । टाइगरहिलबाट सूर्योदयको दृश्य नियाल्दा सबै खुसी र प्रफुल्लित भएको दुवालले पाएका छन् । धुम मोनास्टरी गुम्बा, सहिद स्मारक, बतासेपुल, चियाबारी, Zoo land, Peace Pagoda

२. ऐजन, पृ. १९ ।

नियात्राकारको आँखामा नै घुमिरहेको बताउँछन् । "३६ वर्ष अगाडि दार्जिलिङ पुगेको याद आयो। दिलखुशा होटलमा खाना खाएको, एउटा होटेलमा बसेको सम्झना आयो । त्यसबेला तीनवटा W को विश्वास नगर्नु भनिन्थ्यो । Weather (मौसम), Woman(आइमाई), Wine(रक्सी) यी तीनै W हरूलाई यसपाली विश्वास गरेर भोगियो ।"[३] नियात्राकारले तीनवटा W को विश्वास दार्जिलिङमा नगर्नु भन्ने कुरा बेअर्थ प्रमाणित भएको बताएका छन् । स्रष्टा मञ्च, सोनादा, दार्जिलिङले अभिनन्दनपत्र प्रदान गर्दा नियात्राकार हर्ष विभोर भएको र बोक्न नसक्ने यो ऋण तिर्न गाह्रो हुने मनसाय प्रकट गरेका छन् । "वरिष्ठ साहित्यकार एवम् दक्ष पत्रकार श्री मोहन दुवालप्रति साहित्यिक मासिक जनमत नेपाली पत्रिकाको रजतजयन्ती पूर्ण गर्नुभई आफ्नो साहित्यिक यात्रामा **जनमत प्रकाशन**लाई निरन्तर अघि बढाउनु भए बापत इमान्दार साहित्य सेवाको सम्मानमा स्रष्टा मञ्च सोनादा, दार्जिलिङ हार्दिक अभिनन्दन जनाउँदछ ।"[४]

दार्जिलिङको दुःख, पीडा तथा व्यथा अझ राम्रोसँग बुझ्न नसकेकोमा दुःखी भएका छन् । नियात्राकारले आफूले देखेको दार्जिलिङलाई कवितामा पोखेका छन् ।

"दार्जिलिङ आसपास झुल्दै गरेका धूपीहरूले
किन-किन मायाको हावा हामीतिर फाल्दैछन्
चियाबारीका पात टिप्दै गरेका बहिनीहरू
किन-किन हामीलाई हेरेर मुस्कुराउँदैछन्
मैले नबुझेर कञ्चनजङ्घासँग सोधैँ-
घामसँग हाँसेर उनी भन्दै गरेजस्तो छ-
सुन्दर मन न हो जहाँको होस् नै आखिर
सुन्दरतालाई देखेपछि मन पराउनु कर्म हो
म पनि सुन्दर हुन खोजिरहेछु
त्यसैले दार्जिलिङ मलाई हेरेर हाँस्दैछिन् ।"[५]

कालिम्पोङ जाने क्रममा देखेका दृश्यले नियात्राकार नेपालकै एउटा गाउँको आभाष पाउँछन् । कालिम्पोङ पुग्दा नेपालको भोजपुर, **डेलो पार्क** घुम्दा ग्रन्थको स्वर्ग पुगेको जस्तो नियात्राकारलाई लागेको छ । नेवारहरूको बाहुल्य रहेको कालिम्पोङमा नेपाली साहित्य अध्ययन समितिले आयोजना गरेको साहित्यिक कार्यक्रममा आफ्ना मनका भावना साट्न पाउँदा नियात्राकार प्रफुल्लित भएका छन् । साहित्य र भाषा उत्थानका लागि भारतीय सरकारले गरेका

---

३. ऐजन, पृ. ९ ।
४. ऐजन, पृ. २९ ।
५. ऐजन, पृ. ३१ ।

प्रयास र सहयोगहरू बारे जानकारी हुँदा नेपाल सरकारले भाषा/साहित्यमा गहिरो चाख नराखी वेवास्ता गर्दै रहेका थुप्रै कुराले नियात्राकारको मन चसक्क भएको पाइएको छ । "साहित्य र भाषा उत्थानका लागि भारतीय सरकारले गरेका प्रयास र सहयोगहरूका बारे जानकारी हुँदा नेपाल सरकारले भाषा/साहित्यमा गहिरो चाख नराखी वेवास्ता गर्दै रहेका थुप्रै कुराहरूले मन खल्लो भयो । प्रज्ञा प्रतिष्ठानसम्म पनि गठन नभई अधुरो राख्दै भाषा/साहित्यप्रति देखाएको उदासीनताबारे हामीले मित्रहरूलाई बताउन बाध्य भयौं ।"[६]

गान्तोक कलेज सरकारी महाविद्यालयमा नेपाली साहित्यकारहरूको सम्मान कार्यक्रममा भएको अन्तर्क्रिया कार्यक्रममा साहित्य नभएको जीवन रसहीन जीवन जस्तै हो भन्ने सुन्दा नियात्राकार दङ्ग देखिएका छन् । भोटे, लेप्चा, राई, लिम्बू लगायत नेवार जातिकै बाहुल्यता

रहेको सिक्किममा सबै कुराको व्यवस्थापन भएको रमणीय स्थानमा मारूनी नाचको लोभलाग्दो दृश्य देख्दा नियात्राकार दङ्ग देखिएका छन् । गान्तोकमा रहेका अन्य विभिन्न रमणीय र मनमोहक दृश्य आँखामा राख्दै नियात्राकारले भेटेका विभिन्न व्यक्तित्वका विचार बुझ्दा नेपाल बिग्रदै जानुमा नेपाली कै अल्छीपन मुख्य कारण बनेको, यसको प्रभाव पछि सिक्किमसम्म पनि पुग्न सक्ने हुनाले नेपालको उन्नति हेर्न चाहेको कुरा प्रकट गरेका हुनाले त्यो नेपालीले गम्भीर रूपमा लिएर देशको उन्नतिमा लाग्नुपर्ने कुरामा जोड दिन पुगेका छन् । "नेपाल राम्रो छ तर नेपालीहरू खराब हुँदै गएको सुनेर दुःख लाग्छ । नेपाली समाजलाई बलियो बनाउनुपर्छ । त्यहाँका मान्छेहरू अल्छी छन्, देश सुन्दर बनाउन खोज्दैनन् । हामी त नेपाल सुन्दर भएको हेर्न चाहन्छौं ।"[७]

गान्तोकबाट धरान फर्कदा विभिन्न व्यक्तिसँग भएको मनछुने भलाकुसारी, धरानको राजनीतिक अवस्थाको जानकारी, दन्तकाली र विजयपुर उ.मा.वि.को मनोरम वातावरणको नियात्राकारले अवलोकन गर्दै पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगरले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि भएर वृद्ध कवि रमाप्रसाद रिजालको कविता सङ्ग्रह विमोचन गर्न पाउँदाको खुशीको क्षण अविस्मरणीय भएको बताएका छन् । "आफ्नै बाबुजस्तै मान्छेको पुस्तक विमोचन गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ । साहित्यिक यात्राको क्रममा दार्जिलिङ, कालिम्पोङ, सिक्किम हुँदै आज विराटनगरमा पनि साहित्यिक समारोहमा रमेर एकजना त्यागी, समर्पित र साहित्यमा मन दिदै आएका एकजना अग्रज स्रष्टाको कविता पुस्तक विमोचन गर्न पाउँदा मलाई हर्ष लागेको छ ।"[८] नियात्राकार ११ दिनको यात्रा पूरा गरी विराटनगरबाट काठमाडौं फर्कदै गर्ने क्रममा बितेका ११ दिनमा देखेका, भोगेका, रमेका स्थान, व्यक्तिहरूसँग गाँसिएको अजम्बरी साइनोको मनभरि पोको बनाउँदै हवाइयात्रामा रहँदा देखिएका दृश्यहरू मुक्तक कवितामा कैद गर्दै हर्षित मुद्रामा घर पुगेको क्षणलाई नियात्रामा मन छुने शब्दले कोरेका छन् ।

## ५.३. विषयवस्तुगत दृष्टिकोणः

नियात्राकार मोहन दुवालले भारतीय नेपाली लेखिकाहरूको साहित्यिक कार्यक्रममा भाग लिन जाँदा दार्जिलिङ, कालिम्पोङ, सिक्किम घुम्दा अनुभव गरेका, देखेका कुराहरूलाई **सिक्किम पुग्दाका कुराहरू** नाम दिएर एउटा नियात्रा तयार पारेका छन् । नियात्राकार परशु प्रधानको

---
६. ऐजन, पृ. ३६ ।
७. ऐजन, पृ. ४३ ।
८. ऐजन, पृ. ५५, ५६ ।

घरमा रात बिताउने क्रममा कार्तिक महिनामा पनि गर्मीको उकुसमुकुस र लामखुट्टेको टोकाइ भोग्नु परेको कुरा दुःखका साथ लेख्छन् । यातायात सेवामा लाग्नेहरूले धेरै जसो असभ्य बोल्ने, नचाहिँदो खराब व्यहोरा देखाएर यात्रुलाई ठग्न खोज्ने व्यवहारबाट दिक्क भएका छन् । "इमान नभएकाहरूले बेइमानी गर्छन्, बोलीमा टुङ्गो नभएकाहरूले नानाभाँती बोल्छन् । असभ्य रहेकाहरूले सभ्य भाषा बोल्नै जान्दैनन् । यातायात सेवामा लाग्नेहरूले धेरैजसो यस्तै नचाहिँदो खराब व्यहोरा देखाएर यात्रुहरूलाई ठग्न खोज्छन् । यस्तै ठग व्यवहारहरूबाट आक्रान्त हुँदै यात्रामा निस्कने जोसुकै यात्रुहरूले यात्रा गर्नुपर्छ ।"[९] गोर्खाल्याण्डका लागि संघर्षरत टुङ्गबस्तीका मानिसको साहस देखेर नियात्राकार छक्क परेका छन् । दार्जिलिङको भेषभूषा, प्राकृतिक सुन्दरता, साहित्यकारहरूले गरेको आत्मीय स्वागत, विभिन्न साहित्यिक कार्यक्रममा नेपाली साहित्यकार तथा दार्जिलिङका साहित्यकारहरूका भावना सुन्दा, नियात्राकार मन प्रफुल्लित भएको अनुभव गर्छन् । "डोको घोप्ट्याएर राखिएका जस्ता देखिने चिया बगानहरू हेरिरहूँजस्तो लाग्ने खालका परिदृश्यहरू हुन् । चिया टिप्न जाने महिलाहरू डोको बोकेर यत्रतत्र कुदिरहेका देखिन्छन् ।"[१०] पानीको अभाव र फोहोर व्यवस्थापन नहुँदा काठमाडौं जस्तै दार्जिलिङ भएकोमा नियात्राकार चिन्तित छन् ।

नियात्राकार मिरिकको सुमेन्दु ताल, माछापालन, चियाखेती, तरकारी उत्पादन हुने प्राकृतिक नगरीको सुन्दरता तथा यहाँ सम्पन्न साहित्यिक कार्यक्रममा भएका प्रसङ्गहरू बिर्सन नसकिने बताउँछन् । कालिम्पोङ नेपालको इलाम र भोजपुर जस्तै लागेको, यहाँ विद्यार्थीलाई विशेष ध्यानमा राखिने गरिएको यथार्थ, डेलो पार्कको सुन्दरता, यहाँको सरकारले साहित्यलाई गरेको माया जस्ता विषयको जानकारी नियात्राकारले कालिम्पोङ घुम्ने क्रममा पत्ता लगाएका छन् । "फूलैफूलको डेलो पार्क । कस्तो व्यवस्थित देखिएको यो पार्क । बसिरहूँजस्तो । हेरिरहूँजस्तो लाग्ने । यो मनोरम पार्कमा पुगेपछि ग्रन्थमा उल्लेख भएको स्वर्गमा पुगेजस्तो पो महसूस भयो ।"[११]

नियात्राकार सिक्किम पुग्ने क्रममा नेपाल बिग्रदै गएकोमा उनीहरूले गरेको गुनासो र सुधार्ने उपाय नेपालीले बुझ्नै पर्ने बेला आएको कुरा व्यक्त गर्दछन् । सिक्किमको सुन्दरता, संस्कृति प्राकृतिक वातावरण, यहाँ प्रचलित खानाका परिकारहरू सम्झन लायक भएको नियात्राकारको धारणा छ । "सडकको बीचमा झलमल्ल प्रकाश फिँजाउँदै बलेका बत्तीहरू, पानीका फोहोराहरू, फूलपातका रङ्गिन मुहारहरू हेर्दैमा मन प्रफुल्लित हुने परिदृश्यहरू हेरियो । त्यस्तैगरी दुइतिर टल्किँदो सुन्दर मार्वलले छाएको जस्तो देखिने बाटाघाटाहरू, बाहिर आवरणमा देख्दा त अत्यन्त सुन्दर देखिँदोरहेछ सिक्किम ।"[१२]

९. ऐजन, पृ. ७ ।
१०. ऐजन, पृ. १८ ।

धरानका केही मुख्य ठाउँको भ्रमण, विराटनगरको साहित्यिक जमघट रमाइलो लागेको तर रिक्साचालकको फट्याईंले अति दुःखी बनाएको नियात्राकार व्यक्त गर्न पुग्छन् । “यतै पार्क नजिक होला भन्दाभन्दै रिक्सापुलरले जानाजान होटेल नघाइसकेछन् । यहाँ पनि रिक्सा चालकको ठग-मनोवृत्ति देखियो । कति भोग्नु यस्ता दुर्नियतहरू । तर सहिदिनुपर्छ, भोगिदिनुपर्छ यस्ता दुर्नियतहरू ।”[१३] यसरी नियात्राकारले ११ दिनको यात्राका क्रममा देखेका, भोगेका विभिन्न विषयवस्तुलाई बडो मार्मिक रूपमा प्रस्तुत गरेर यस नियात्रालाई रसिलो बनाउन सफल भएका छन् ।

## ५.४. यात्रागत दृष्टिकोणः

पारिवारिक समस्या पन्छाउन नसक्दा पहिला पनि ठूलो मौका गुमाउन परेको कुरा विर्सन नसकेर जम्मा ८ जनाको साहित्यिक टोलीसँग दार्जिलिङ, कालिम्पोङ, सिक्किम घुम्न जाने अठोटका साथ नियात्राकार यात्रा शुरू गर्ने क्रममा बनेपाबाट बस चढी एयरपोर्ट पुगेको कुरा स्मरण गर्दछन् । ५:२५ बजेको प्लेनबाट ६:०० बजे विराटनगर पुगेपछि रिक्सा चढेर परशु प्रधानका घरमा पुगेर आराम गरेको कुरा नियात्राकार उल्लेख गर्दछन् । ठाउँ ठाउँमा चियानास्ता गर्दै टुङ्गबस्तीको रमणीयता नियाल्दै साघुँरो बाटोबाट गुड्दै गोराबारी पुग्दा नियात्राकार पहाडी नेपालको यात्रा सम्झन पुग्छन् । नियात्राकार सिंहमारी जवाररोड पुग्दा दार्जिलिङका साहित्यकारहरू स्वागत गर्न तम्तयार भएर बसेका देख्छन् । सूधपाले सञ्चालन गरेको संस्था नेपाली साहित्य सम्मेलन सभाकक्ष अवलोकन गर्दा त्यहाँ संरक्षण गरिएका थुप्रै साहित्यिक

---

११. ऐजन, पृ. ३३ ।
१२. ऐजन, पृ. ४० ।
१३. ऐजन, पृ. ५३ ।

गतिविधिको इतिहास हेर्न पाएकोमा दङ्ग परेका छन् । चौरास्ताको सुन्दरता, त्यहाँबाट देखिने कञ्चनजङ्गा हिमाल, मिरिक जाँदाको दुईवटा बस छिर्न मुस्किल पर्ने बाटो, जाम, जंगल वरिपरिको वातावरण, मिरिकको स्वागत सम्मान कार्यक्रम, प्रहरीका ठूला हाकिम वीचन्द्र प्रधानको घरको मीठो चिया नियात्राकारले बिर्सन सकेका छैनन् । दार्जिलिङको छठ पर्वको उत्सव हेर्दै नियात्राकार लेख्छन् - “कार्तिक ८ आइतबार । २:०० बजेदेखि नै नीद लागेन । पटाकाका उधुमलाग्दो आवाजहरू घन्किरहेछन् । बम, गोला पड्केझैं पड्किरहेछन् एकनासले हामी बसेको होटेल छेउछाउतिर नै । दोहोरो भिडन्त भएजस्तै पो सन्त्रासपूर्ण डाङडुङ डिङडिङका आवाज आइरहेकै कारणले निदाउन सकिएन ।”[१४]

नियात्राकार दार्जिलिङमा ३ रात बिताउँदाको मित्रवत व्यवहार, पहाडकी रानीको सौन्दर्य, हावापानी, विभिन्न भाषा, धर्म, जातिहरू सङ्गमस्थलको रूपमा चिनाउन चाहन्छन् । टाइगर हिल जाँदा टाटा सुमोको यात्रा, विन्द्या सुब्बाको घरको चिया, उपहार, विभिन्न कारखाना, चियाबारी, रेसकोर्ट घुम्दा नियात्राकारले छुट्टै आनन्दको अनुभूति गरेका छन् । घुमाउरो बाटो बस गुड्दै लप्चु हुँदै नियात्राकार कालिम्पोङ पुगेका छन् । "टुरिष्टहरू घुम्न जाने ठाउँ । साँगुरो बाटो धेरै मोटरहरूको ओहोरदोहर हुने ठाउँ भएकैले स्वतः जाममा पर्नुपर्दोरहेछ । दार्जिलिङमा पनि जाम भोगियो । जसोतसो दुइटा मोटर मात्र छिर्ने बाटोमा तीनवटा मोटर छिराउन खोज्दारहेछन् ।"[१५] डेलोपार्क, विज्ञान केन्द्रभित्रका विविध प्रविधि हेर्दै नेपाली साहित्य अध्ययन समिति कालिम्पोङले आयोजना गरेको साहित्यिक कार्यक्रममा नियात्राकार सहभागी भएको कुरा उल्लेख छ ।

बस चढी सिक्किम जाने क्रममा गान्तोक पुगेर ट्याक्सीमा **जीवन थिङमार्ग** हुँदै मधुवन होटलमा नियात्राकार पुगी गान्तोक कलेजले आयोजना गरेका कार्यक्रममा नियात्राकार सहभागी हुन्छन् । शिवलाल श्रेष्ठसँगको भलाकुसारी पछि नियात्राकार राजभवन हुँदै हनुमान टप, गणेश टक, वेटन पार्क, छोग्याल दरबार, भानुभक्तको सालिक अवलोकन गर्दै वनझाँक्री फल्सको सुन्दरता नियाल्दै होटल टासी दी पुगेको कुरा लेख्छन् । नियात्राकार सिक्किमको साहित्यिक भेटघाटमा सामेल भई भूतपूर्व मुख्यमन्त्री सन्चमान लिम्बूलाई भेटेर जलपानपछि ऋषिकेश राईकोमा खाना खाइ आराम गरेको कुरा प्रस्तुत गर्दछन् ।

---

१४. ऐजन, पृ. १६ ।
१५. ऐजन, पृ. १७ ।

नियात्राकार गान्तोकबाट काँकडभिट्टा आएको ड्राइभरको गफले पत्तो नपाएको कुरा स्विकार्दछन् । "असाध्य रमाइला, फुर्तिला पुड्के ड्राइभरसाहेब कुरा गर्न निकै सिपालु र दक्ष छन् । क, ख जानेको भन्दै आफूलाई परिचय गराउन रूचाउने उनी ड्राइभरसाहेबले कमाउनु र खानुमा नै आफ्नो जीवन गुज्रेको दुखेसो सुनाउँछन् । उनका रमाइला कुराकानीले गर्दा हामी काँकडभिट्टामा पुगेको यादै भएन यात्रामा जाँदा यस खालका ड्राइभर पो हुनुपर्दोरहेछ - सुनिल गुरूङलाई धन्य पो भनिरहेछु ।"[१६] यहाँबाट माइक्रोबस चढी नियात्राकार इटहरीमा नरेन्द्रबहादुर श्रेष्ठको घर गई धरानमा शिक्षासेवी मदनप्रसाद श्रेष्ठकहाँ बास बस्न पुगेका छन् । नियात्राकारले धरानका प्रसिद्ध ठाउँहरु घुमेर भानुचोकबाट मोटरमा विराटनगर पुगी साहित्यिक

कार्यक्रममा सामेल भएको उल्लेख गरेका छन् । यो कार्यक्रमपछि सुशीला कोइरालाको नाट्यघरको अवलोकन गर्दै होटलमा बास बसेको कुरा नियात्राकार लेख्छन् । विराटनगरबाट हवाइ मार्ग भई काठमाडौं फर्कदा ११ दिनमा भेटेका, देखेका, भोगेका सम्पूर्ण विवरणलाई मानसपटलमा संस्मरण गर्दै यात्राका सम्पूर्ण सहयात्रीहरूसँग दुःख सुखका मन साट्दै यात्रामा रमाउँदै घर फर्केको कुरा नियात्राकारले मन चञ्चल बनाउँदै लेखेका छन् ।

## ५.५. प्रस्तुतिगत दृष्टिकोणः

मोहन दुवालको **सिक्किम पुग्दाका कुराहरू** नियात्रा कृति सानो एक बसाइमा पढी सकिने कृति हो । यसमा जम्मा ६२ पृष्ठहरू छन् । यसलाई नियात्राकारले १२ वटा शीर्षकमा छुट्याएका छन् । यो नियात्रा विशुद्ध साहित्यिक, संस्मरणात्मक, दैनिक्यात्मक देखिन्छ । सरल, सहज सम्प्रेष्य वर्णन शैली रहेको कृतिमा प्रश्न उत्तर अप्रत्यक्ष संवाद प्रयोग गरेर भूतकाल र वर्तमानकालका वाक्य गठन गरेको पाइन्छ । यसमा विभिन्न कविता, तस्विर, उखान टुक्काको प्रयोगले अझ आकर्षक बनाएको छ । प्रत्येक शीर्षकको अन्त्यमा कोरिएका मुक्तक कविताका हरफले त झन् पुस्तक पढौं पढौं लाग्ने बनाएको छ । पहिलो शीर्षकको अन्त्यमा लेखिएको सानो कविताको हरफ यस्तो छ :

> "पसिना कै तरङ्ग-तरङ्गका गीत गाउँदैछन् लाम्खुट्टेहरू
> आफ्नै धुन र गनगनमा रगत चुस्दैछन् लामखुट्टेहरू
> किन किन आज मनमा सोधिरहें आफैंलाई आफैंसँग
> कहिले नास्न सकिएला हौ यस्ता दुष्ट लामखुट्टेहरू ।"[१७]

१६. ऐजन, पृ. ४८ ।
१७. ऐजन पृ. ५ ।

## ५.६. भाषा शैलीगत दृष्टिकोणः

**सिक्किम पुग्दाका कुराहरू**मा नियात्राकार मोहन दुवालले सरल र संयुक्त २ प्रकारका वाक्य गठन गरेको पाइन्छ । प्रथम पुरुष दृष्टिविन्दु रहेको नियात्रामा निबन्धात्मक, संस्मरणात्मक, कवितात्मक, चित्रात्मक प्रस्तुति रहेको छ । यस कृतिमा आवरण पृष्ठ र भित्री पृष्ठमा गरी ८ वटा तस्वीर र १५ वटा मुक्तक कविता समावेश गरिएका छन् । ३ पंक्तिदेखि ३७ पंक्तिसम्मका जम्मा १०१ अनुच्छेदहरू रहेका छन् । यस नियात्रा कृतिको मूलभूत उपलब्धिहरू पर्याप्त मात्रामा स्थानीयता, तथ्यात्मकता, निजात्मकता, अनुभूति, चिन्तन, आत्मीयता, कल्पनाप्रवणता, रसात्मकता, रोचकता, कवितात्मकता, चित्रात्मकता हुन् ।

## ५.७. निष्कर्ष:

नियात्राकार मोहन दुवालको दोस्रो नियात्रा कृति **सिक्किम पुग्दाका कुराहरू** (२०६६) मा भारतीय नेपाली लेखिकाहरूको साहित्यिक संगठनका अध्यक्षको निमन्त्रणामा स्रष्टा समाजका मित्रहरूसँग दार्जिलिङ हुँदै सिक्किम पुग्दाका कुराहरूमा दार्जिलिङमा ४ दिन, कालिम्पोङमा १ दिन, सिक्किममा २ दिन, विराटनगरमा २ दिन तथा धरानमा १ दिन बसेर यात्रा गर्दाका विभिन्न तीता मीठा विषयवस्तु, यात्राका गतिविधि, प्रस्तुति, भाषा, भेष भूषा आदि विभिन्न प्रसङ्गका बारेमा प्रस्ट पार्ने कोशिश गरिएको छ । जम्मा ११ दिनको विराटनगरदेखि दार्जिलिङ, कालिम्पोङ, मिरिक, सिक्किम घुम्दाका विभिन्न विषयवस्तुका साथै यहाँको सुन्दरता, साहित्यमोह, बहुभाषी, बहुधर्मी, बहुजाति, सांस्कृतिक परम्परा, आदिका बारेमा १२ वटा छुट्टाछुट्टै शीर्षकमा दार्जिलिङ, कालिम्पोङ, सिक्किमलाई चिनाउने प्रयास गरेका छन् । विभिन्न महaवपूर्ण स्थान तथा समारोहको तस्वीरका साथै मन छुने मुक्तक कविताहरूको प्रस्तुतिले गर्दा नियात्रा आकर्षक बनाउन नियात्राकार दुवाल सफल छन् । यसैगरी नियात्राकारले दार्जिलिङ र सिक्किममा साहित्य विकासका लागि भएका विभिन्न प्रयासलाई स्वागत गरेका छन् भने यहाँको सरकारले साहित्य विकासमा गरेको लगानी र साहित्यकारलाई गर्ने सम्मानले गौरवान्वित भएका छन् । यसैगरी सबै क्षेत्रबाट साहित्यको विकासमा प्रयास र सहयोग हुँदै जाने हो भने अवश्य पनि साहित्यको भविष्य उज्ज्वल हुने कुरा प्रस्ट पारेका छन् ।

# अध्याय छ

# मोहन दुवालका नियात्रात्मक प्रवृत्तिहरूको मूल्याङ्कन

## ६.१. विषय प्रवेश

नेपाली नियात्रा परम्परामा मोहन दुवालको छुट्टै स्थान, महaेव र योगदान रहेको छ । सरल भाषाशैलीमा आफूले वर्णन गर्न खोजेका कुरा प्रस्ट रूपमा व्यक्त गर्ने दुवालको बानी छ । उनका नियात्राहरूमा राजनीतिक, सामाजिक, आर्थिक, साहित्यिक, भौगोलिक, सांस्कृतिक, ऐतिहासिक जस्ता विविध विषयहरू समेटिएका हुन्छन् । उनले आफ्ना नियात्रामा समानता तथा स्वतन्त्रताका कुरा पनि उठाएका छन् । उनका नियात्रात्मक प्रवृत्तिहरूलाई यसरी देखाउन सकिन्छ :

## ६.२. वर्णनात्मक प्रवृत्तिः

नियात्राकार दुवाल आफूले देखेका ठाउँको भौगोलिक अवस्था, जनजीवन, भाषा, साहित्य, सांस्कृतिक पक्ष, रहनसहन, भेषभूषा, आर्थिक, सामाजिक अवस्था, विकासका कुराहरू सम्पूर्ण पक्षको यथार्थ वर्णन गर्दछन् । आफूले अनुभव गरेका कुराहरूको सकारात्मक मात्र नभई नराम्रो प्रवृत्ति देखे पनि त्यसलाई प्रस्ट पारि सुधारको उपाय समेत बताउन पछि परेका छैनन् । दुवालले जो सुकै पनि स्वतन्त्रता पूर्वक शिर ठाडो पारेर बाँच्ने अधिकार छ र यसमा कसैले हस्तक्षेप गर्न नमिल्ने कुराको यथार्थता उत्तर र दक्षिण कोरियामा अमेरिकी हस्तक्षेप हटी दुई मुलुक एक भएको अवस्था हेर्न चाहेको प्रसङ्गबाट प्रस्ट पारेका छन् । साम्राज्यवादलाई कागजी बाघ हुन् भन्न पछि परेका छैनन् । मानिसमा भएको स्वाभिमानको मुक्त कण्ठले वर्णन गरेका छन् :

"कष्ट बुझेका
शत्रु चिनेका
उत्तर कोरियनहरू
आज पनि
शङ्का मनमा राख्दछन्
प्रगतिमा डाहा गर्दैनन्
तर हतार मान्दैनन्
उनीहरू आफ्नै श्रममा बाँचेर
कष्टसाध्य जीवन भुण्ड्याएर पनि
स्वाभिमानी भएर बाँच्न खोज्छन्
त्यसैले त उत्तर कोरिया मनमा आस्था बोकेर बाँच्छन् ।"

(चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. ४८, ४९)

"जाति, माटो, अस्मिता भविष्यको चिन्हारी सम्बन्धी अध्यक्षज्यूले दिनुभएको २०१० मार्चको टेकलाई जसले गोप्य बैठक बसेर असफल बनाउने दुस्साहस गर्छ, उनीहरूले आफ्नो घर, ज्यान, मालको जिम्मा स्वयंले लिनुपर्नेछ।-गो. ज. मु. मो." (युवामोर्चा, टुङ्गशाखा)

(सिक्किम पुग्दाका कुराहरू, पृ. ७)

यसरी दुवालले आफूले देखेका सम्पूर्ण कुराको यथार्थ वर्णन गर्दै त्यहाँ भेटिएका कुसंस्कार, कुरीति जस्ता कुरालाई व्यङ्ग्य गरेका छन्।

## ६.३. विवरणात्मक प्रवृत्तिः

नियात्राकार दुवालले आफ्ना नियात्रात्मक कृतिमा यथार्थ वर्णन शैली प्रयोग गरेर तत् तत् ठाउँको विभिन्न स्थितिको सम्पूर्ण विवरण प्रस्तुत गरेका छन्। दुवालले चीन र उत्तर कोरियाको तीव्र औद्योगिक विकासको मुख्य कारण समेत पत्ता लगाई त्यहाँ भएका विकास निर्माणका कुराहरूको एक एक गरी विवरण प्रस्तुत गरेका छन्। आफूलाई परेका समस्याहरूको विवरण लाज नमानी प्रस्तुत गरेर त्यसलाई समाधान गर्न गरिएका प्रयासहरू क्रमशः लेखेका छन्। भाषाको समस्या पर्दा संकेतबाट काम चलाएका, हातले खाना खाँदा सबै हाँसेका जस्ता कुरा लुकाएका छैनन्। उत्तर कोरियनहरू साम्राज्यवादको मिचाइमा विवश भएर बाँच्न बाध्य भएका कुरा तथा उनीहरू स्वतन्त्र भई बाँच्न पाउनुपर्ने आफ्नो तर्क समेत अघि सारेका छन्। चीन तथा कोरियाको व्यवस्थित बस्ती तथा वातावरणीय सफाइको गुणगान गाएका छन्।

सिक्किम पुग्दाका कुराहरूमा दार्जिलिङको भौगोलिक विकटता, त्यहाँका मानिसहरूको रहनसहन र भेषभूषा देख्दा साँच्चै नबिग्रेको नेपालमा पुगेको अनुभव भएको कुरा दार्जिलिङ, सिक्किममा विकसित साहित्यिक मन, त्यहाँका मानिसको साहित्य प्रेम, सरकारले साहित्य विकासमा गरेको सहयोग जस्ता कुराहरूको विवरण प्रस्तुत गरेका छन्। आफ्ना दुवै नियात्रामा दुवालले त्यहाँको प्राकृतिक सुन्दरताले आफूलाई लोभ्याएको, पाहुनालाई स्वागत, सम्मान गर्ने त्यहाँको मन देखेर आफू प्रफुल्लित भएको यथार्थ प्रस्तुत गरेका छन्।

## ६.४. तुलनात्मक प्रवृत्तिः

नियात्राकार दुवालका नियात्रात्मक कृतिमा विदेशको यात्राका क्रममा स्वदेशको तथा स्वदेशको यात्रामा स्वदेशकै अन्य ठाउँसँग तुलना गर्दै त्यहाँका प्रमुख पक्षलाई औंल्याएको पाइन्छ। नियात्राकार दुवाल यसरी तुलना गर्ने क्रममा देखिएका सकारात्मक कुराहरू लागू गर्ने तथा सुधार गर्नुपर्ने कुराहरू सुधार गर्दै व्यवहारमा उतार्ने उपाय समेत व्यक्त गर्दछन्। दुई

ठाउँको तुलना गर्दै त्यहाँबाट सिक्नुपर्ने कुराहरूलाई औंल्याइदिन्छन् । दुवालले आफ्ना नियात्रामा देखाएका तुलनात्मक भावका केही पङ्क्तिहरू यस्ता रहेका छन्:

"सफा सडक, प्रदूषणरहित वातावरणले भरिएको लोभलाग्दो सहर साङ्घाइमा घुमेपछि काठमाडौं नगरमा यत्रतत्र फालिएको डङ्गुरका-डङ्गुर गन्हाउँदो फोहरमैला सम्झना भयो र धन्य नेपाली संस्कारमा हुर्केका सरकार र नेताहरू तपाईंहरूको इज्जत त फोहोरमा नै थुप्रेको छ भन्न मन लाग्यो ।" (चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ.२, ३)

"बाटोको छेउ-छेउमा ढुङ्गा कुटिरहेकी युवतीहरू, डोको बोक्दै यताउता गईरहेकी महिलाहरू सबै-सबै नेपालीहरू नै हुन जस्ती लाग्ने सुन्दरीहरू देख्दा र हेर्दा नेपालकै एउटा गाउँमा गइरहेको जस्तो लाग्यो ।"........................

"दार्जिलिङ भन्दा सफा र रमणीय तथा कुरा र काममा सरल देखिने कालिम्पोङ नेपालकै पहाडी नगर क्षेत्र इलाम, भोजपुर जस्तै देखिन्छन् ।"

(सिक्किम पुग्दाका कुराहरू, पृ. ३२)

"सुन्दर मन हुनेहरूले मात्र सुन्दरता खोज्न सक्छन् । सिर्जना रोप्न चाहनेहरूले मात्र सिर्जना फुलाउँछन् । फोहरी मन हुनेहरूले आफूलाई मात्र होइन देश, समाज र मित्रजनलाई पनि फोहर नै छ्याप्छन् । सुन्दर, शान्त हिमालको देश जहाँ फोहरको डङ्गुरले गाड्दै गएको परिवेश नियालेर गएको मन र आँखाले साङ्घाइको सरसफाइ, सभ्यपन, अनुशासनका डोबहरू नियाल्न पाउँदा के सोच्दा हुन्, मैले पनि त्यही सोचें जे अरूले सोच्छन् । मैले पनि त्यही भन्नुपर्छ जे अरूले सही-सत्य भन्छन् । नेपाली नेताजीहरू त फोहरी पो रहेछन् जस्ले फोहरमा नै आफूलाई रमाउन दिन्छन् । नेपाली नेताजीहरूको मन कपटी पो रहेछन् जसले आफूभित्र कपट हुर्काउन पाउँदा गौरव गर्दारहेछन् । साङ्घाइको धुलो, धुवाँरहित चोखो सहर घुमेपछि नेपालका नेताजीहरूको सुन्दरताको बखानका कुराहरू सुनेर हाँस्न पो मन लागिरहेछ ।"

(चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. ९)

## ६.५. राष्ट्रियता र देशभक्तिः

नियात्राकार मोहन दुवाल आफ्ना नियात्रामा आफूले यात्रा गरेका देश तथा ठाउँमा झल्किएका राष्ट्रियता र देशभक्तिलाई बडो मार्मिक ढङ्गबाट खोतलेर प्रस्ट रूपमा लेख्छन् । त्यहाँका मानिसले आफ्नो राष्ट्रियता बचाउन गरेका देशभक्तिका कार्यहरूलाई सम्मान गर्न

पुग्छन् । आफ्ना नेताको अति नै विश्वास गर्ने मानिसहरू स्वाभिमान जोगाउन दुःख, कष्ट खेप्न पछि पर्दैनन् भन्ने प्रस्ट पार्दछन् । एक देश र अर्को देशको राष्ट्रियता साट्न समेत पछि परेका छैनन्, चाहे आफू हाँसोको पात्र नै बन्दा पनि । दुवालले नियात्रामा प्रस्तुत गरेका राष्ट्रियता र देशभक्तिका भावनाहरू यस्ता छन्:

"कोरिया भौतिक रूपले पूँजीवादी राष्ट्र झैं सम्पन्न नदेखिए तापनि देशप्रतिको भावना, ऐक्यबद्धता, शान्ति, अनुशासन, प्रतिबद्धता, मैत्रीपूर्ण सुन्दर वातावरणले कोरियालाई जीवन्त ढङ्गले बचाइराखेको छ ।" (चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. ३३)

"उहाँ बिउँझेपछि सम्पूर्ण कोरिया साम्राज्यवादीहरूको चङ्गुलबाट मुक्त हुनेछ । कोरियनहरू यस्तै विश्वास साँचेर किमलाई साक्षी राखेर स्वतन्त्रताकै लागि लडिराखेका बहादुर जस्तै देखिन्छन् । कस्तो विश्वास नेतामाथि ।" (चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. २६)

"काँटा-चम्चाको चलन छैन; चपस्टिकले खान आउँदैन । हातले नै खान खोज्दा त चिनियाँहरू मरिमरि पो हाँस्छन्; जोसुकै हाँसे पनि आफ्नो चलनलाई नलुकाइकन प्रयोग गरी देखाइदिएँ ।" (चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. ११)

"नेपाल बलियो भयो भने हामी बलियो हुन्छौं । नेपाल कमजोर हुँदै गएकोमा हामीलाई ज्यादै दुःख लाग्छ ।" (सिक्किम पुग्दाका कुराहरू, पृ. १०)

"साहित्य सिर्जना हो । भौतिक सीमामा बाँध्नुहुन्न साहित्य । यो ऐतिहासिक भेटघाट हो । नेपाल भूमिका नेपालीहरू र भारतीय भूमिका नेपालीहरूको सम्बन्ध सेतु बन्ने भयो यो भेटघाट कार्यक्रम ।" (सिक्किम पुग्दाका कुराहरू, पृ. १३)

## ६.६. सांस्कृतिकताः

नियात्राकार मोहन दुवाल आफ्नो संस्कृति, परम्परा जोगाउनु पर्छ, बिर्सदै गयो भने हाम्रो अस्तित्व नै हराउन सक्छ भन्ने विचार व्यक्त गर्छन् । जुनसुकै देशको पनि आ-आफ्नो परम्परा संस्कृति हुन्छ, त्यसको माया सबैलाई हुन्छ । आफ्नो सांस्कृतिकता अन्य ठाउँमा पनि फैलाउने सबैको चाहना हुन्छ । दुवालले आफ्ना नियात्रामा व्यक्त गरेका सांस्कृतिकताहरू यस्ता छन्:

"सबै-सबैजसो चिनियाँहरू तातोपानी मात्र सेवन गर्दा रहेछन्, जहातहीँ तातोपानी खन्याउन आउने उनीहरूको संस्कृति नै रहेछ ।" (चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ.७ र ८)

"पुरानो संस्कृति लुकेका घरहरू, पोखरीहरू जस्ताको तस्तै राखिएका छन् । देव-मन्दिरहरू पनि आफ्नै ढङ्गले सुरक्षित छन् ।" (चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ.१३ र १४)

"चौरस्तामा पुग्दा गोर्खालीहरूको कार्यक्रम नियाल्दा र उनीहरूले लगाएका भेषभूषा नियाल्दा नबिग्रेको नेपालमा अर्थात् साँचो नेपालमा पुगेजस्तो अनुभूति भयो ।"

(सिक्किम पुग्दाका कुराहरू, पृ. १०)

## ६.७. प्राकृतिकता

नियात्राकार दुवाल प्रकृतिप्रेमी छन् । उनले आफ्ना नियात्रामा प्रकृतिका मनोरम स्थान, दृश्यहरूको चित्रण गरेको पाइन्छ । आफूले देखेका विभिन्न प्राकृतिक छटालाई सकेसम्म देखे जस्तै हुने गरी वर्णन गर्दछन् । प्राकृतिक सुन्दरताले सबैको मन जित्न सक्ने कुरामा विश्वास गर्दछन् ।

"फूललाई फुलाउन खप्पिस चिनियाँहरूले तेन आन म्येन स्क्वायरको यत्रतत्र सुन्दर फूलका बोटबिरूवाहरू झुलाई राखेका छन् । हामी अनौठो ढङ्गले फूलको संसारमा रमाइ रह्यौं ।"

(चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. १९)

"ठाउँ-ठाउँमा झर्नाहरू सेताम्य मुहार देखाएर तलतल आफूलाई झार्दैछन्-मन पराएर झर्नाका मन नाप्न खोजिरहें ।" (सिक्किम पुग्दाका कुराहरू, पृ. ८)

"हरियाली पहाडहरूका ½शृङ्खलाहरू, मनोरम ताल र प्राकृतिक दृश्यावलीहरूकै सङ्गम जस्तै देखिन्छ-मिरिक ।" (सिक्किम पुग्दाका कुराहरू, पृ. १८)

## ६.८. भाषिक प्रयोगः

जुनै साहित्यिक कृति पनि भाषिक रूपमा आएको हुन्छ । प्रत्येक साहित्यिक व्यक्तिहरूले प्रयोग गर्ने भाषा फरक फरक हुन सक्छ । कोही जटिल त कोही सरल भाषा शैलीको प्रयोग गर्दछन् । नियात्राकार मोहन दुवाल आफ्ना नियात्रामा सरल, प्रवाहमय, सहज सम्प्रेष्य एवम् काव्यात्मक भाषा शैली प्रयोग गर्दछन् । यस प्रकारको भाषिक प्रयोगले कृति स्वादिलो बन्दछ र सबैले मनपराउने गर्दछन् :

"शान्त देखिन्छ कतै हल्लाखल्ला सुनिदैन
नक्कल परेर कोही बोल्दैनन्
सबै आ-आफ्ना धूनमा व्यस्त छन्
यो उत्तर कोरिया हो

यहाँ उत्तर कोरियनहरू यस्तै-यस्तैमा रमाउँछन् ।"

(चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, पृ. २८)

"सुकिला, फूर्तिला छन् यहाँका मान्छेहरू
बाहिर हेर्दा चम्किला छन् यस ठाउँका व्यक्तिहरू
प्रकृति राम्रो देखिन्छ, हरियालीमा व्याप्त देखिन्छ मनहरू
सुखिम जस्तो छ सिक्किमका तरङ्गहरू
सानो आँखाले झुलुक्क हेरें गान्तोकहरू
छलछाम त देखिएनः कस्ता छन् भावनाहरू
तर म सिक्किम पुगेर
जीवन थिङ्का कवितामा रहेको सिक्किम खोज्न गाऱ्हो भइरहेछ ।"

(सिक्किम पुग्दाका कुराहरू, पृ.४२)

## ६.९. निष्कर्ष

विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना यात्रा संस्मरणहरू छपाउँदै आएका नियात्राकार मोहन दुवालले २०६५ र २०६६ मा गरि २ वटा नियात्रात्मक कृतिहरू प्रकाशित गरिसकेका छन् । उनका प्रकाशित नियात्रात्मक कृतिहरूको अध्ययन गर्दा वर्णनात्मक, विवरणात्मक, तुलनात्मक, राष्ट्रियता र देशभक्ति, सांस्कृतिकता, प्राकृतिकता, भाषिक प्रयोग जस्ता प्रवृत्तिहरू रहेको पाइन्छ । यसका साथै उनले भेटघाट, कार्यक्रम, अन्तर्विमर्श, विचार-विनिमय जस्ता कुराहरूमा जोड दिएर नियात्रात्मक कृतिको रचना गरेको पाइन्छ । आफूले अनुभव गरेका राम्रा पक्षहरूलाई आफ्नो देशले पनि कार्यान्वयन गरेर अघि बढे हुन्थ्यो भन्ने भित्री भावना धेरै प्रसङ्गहरूमा व्यक्त भएको पाइन्छ । आफ्नो देशका मानिसहरू पनि चीन र कोरियाका जस्तै मेहनती र परिश्रमी भएमा देश विकास हुने कुरामा विश्वास व्यक्त गर्दछन् । दार्जिलिङ र सिक्किमको जस्तै सरकारले साहित्यलाई हेर्ने हो भने नेपाली साहित्य पनि विश्वमा चिनिने कुरा प्रस्ट गर्दछन् ।

# अध्याय सात

## उपसंहार

मोहन दुवालका नियात्रा कृतिहरूको अध्ययन नामक शोधपत्र अन्तर्गत अध्याय एकमा शोध परिचय, अध्याय दुईमा नियात्राकार मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन, अध्याय तीनमा नियात्रा सिद्धान्त र नेपाली नियात्राको कालक्रमिक अध्ययन, अध्याय चारमा चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण, अध्याय पाँचमा सिक्किम पुग्दाका कुराहरूको अध्ययन र अध्याय छ मा नियात्राकार मोहन दुवालका नियात्रात्मक प्रवृत्तिहरूको मूल्याङ्कनको चर्चा गरिएको छ ।

जीवनका ६२ औं वसन्त पार गरिसकेका दुवाल काभ्रे जिल्लाको बनेपास्थित भोलाखाटोलमा साधारण व्यापारी परिवारमा वि.सं. २००६ सालमा जन्मिएका हुन् । मोहन दुवालले प्राथमिक तथा माध्यमिक तहको अध्ययन बनेपाकै आजाद माध्यमिक विद्यालयबाट पूरा गरेका हुन् । वि. सं. २०२३ सालमा एस.एल.सी. उत्तीर्ण गरिसकेका दुवालले विभिन्न कारणवश वि. सं. २०३२ सालमा मात्र प्राइभेट परीक्षा दिएर आइ.ए. र वि.सं. २०३५ सालमा बि.एड. पास गरी स्नातकोत्तर तह भर्ना भई अध्ययन गर्दागर्दै उक्त तहको अध्ययन पूरा नगर्दै औपचारिक अध्ययनबाट अवकाश लिन पुगेका छन् ।

वि. सं. २०२२ सालमा सरस्वती प्रा.वि. बनेपाबाट शिक्षण सेवामा प्रवेश गरी दर्जनौं विद्यालयमा सेवा प्रदान गर्ने क्रममा २०३४/३५ सालतिर गोरखा क्याम्पस गोरखामा सहायक प्राध्यापकका रूपमा र २०३७-२०४२ सम्म काभ्रे बहुमुखी क्याम्पस बनेपामा पनि प्राध्यापन गरी शैक्षिक सेवा प्रदान गरेपछि वि.सं. २०४९ सालमा राजिनामा दिई हाल स्वतन्त्र रूपले साहित्य लेखन र साहित्यिक पत्रिका प्रकाशन कार्यमा संलग्न हुँदै आएका छन् । दुवालका एक श्रीमती, दुई छोरी, एक छोरा र तीन नातिनीहरू छन् । उनी भारत, चीन, कोरिया आदि विदेशी मुलुकका साथै स्वदेशका धेरै जसो ठाउँमा भ्रमण गरी धेरै अनुभवहरू बटुल्न सफल भएका छन् ।

माध्यमिक तहको विद्यार्थी जीवनदेखि नै साहित्य लेखनमा रूचि राख्ने दुवालको औपचारिक साहित्यिक यात्रा वि. सं. २०२१ सालमा **नयाँ संसार** पत्रिकामा प्रकाशित **मेरो सपना** नामक कविताबाट भएको हो । **मेरो सपना** नामक कविता लिएर नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका दुवालले विविध विधामा कलम चलाउँदा चलाउँदै लगभग चार दशक लामो साहित्यिक यात्रा पार गरिसकेका छन् । २०२१ सालतिरबाट आरम्भ भएको उनको साहित्यिक यात्रा धेरै पछि अर्थात २०६५ सालमा आएर मात्र नियात्रा कृतिको प्रकाशन भएको हो । २०६५

मा **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र २०६६ मा **सिक्किम पुग्दाका कुराहरू** लिएर दुवाल नेपाली साहित्यिक यात्रामा अघि बढेका हुन् ।

दुवालका नियात्रामा यथार्थता पाइन्छ । उनी आफू पुगेका, भोगेका र देखेका सम्पूर्ण पक्षको यथार्थ विवरण प्रस्तुत गर्दछन् । एक ठाउँको राम्रो वा नराम्रो परिवेश देख्ने बित्तिकै अर्को ठाउँको त्यो परिवेशसँग तुलना गर्दै लिनु पर्ने तथा सुधार गर्नुपर्ने कुराको उल्लेख गरिहाल्छन् । दुवालका नियात्रामा प्रकृति चित्रण, राष्ट्रियता, देशभक्ति, सांस्कृतिकता, सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक जस्ता कुराहरू स्पष्ट झल्किएका हुन्छन् । उनको भाषा शैली सबैले बुझ्ने सरल खालको रहेको छ । उखान टुक्काको प्रयोग गर्दै नियात्राका बीचबीचमा विभिन्न प्रसङ्गका मुक्तक कविताका साथै विशेष स्थान, समारोह तथा व्यक्तित्वसँगका फोटो/तस्विरहरू राखेर अझै पठनीय बनाउन सफल भएका छन् । यसरी विविध शिल्पको प्रयोग गरी नियात्राकार मोहन दुवालले आफ्ना नियात्रा कृतिहरू सबैलाई एक पटक पढौं पढौं लाग्ने बनाउन सफल देखिन्छन् ।

## सम्भावित शोधशीर्षकहरू

१. साहित्यिक सम्पादकका रूपमा मोहन दुवाल

२. नेपाल भाषा, कविता र मोहन दुवाल

# सन्दर्भ सूची


अन्नपूर्ण समाचारदाता : *दुवालको कोरिया भ्रमण,* (२०६५ कात्तिक ३०) ।

आर. एम. डङ्गोल : *यात्रा अनुभूतिको इमान्दार प्रस्तुति,* **शब्द संयोजन,** (२०६६ जेठ) ।

ओमप्रकाश सिंहल : *अन्य गद्य विधाएँ।*

गङ्गाप्रसाद उप्रेती : *दृष्टिकोणका विविध बिसाउनी,* **प्रतिभा प्रकाशन**, काठमाडौँ, २०४६ ।

गुरुप्रसाद मैनाली : *श्री ५ मुमा बडामहारानीका तीन धाम सवारीको दैनिक, विवरण,* **उन्नयन प्रकाशन**, २०५१ ।

चिरञ्जीवी शर्मा पौड्याल : *आफ्नु कथा,* **जगदम्बा प्रकाशन**, २०११ ।

*चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण,* **गरिमा,** २०६५ मंसिर ।

तारानाथ शर्मा : *नियात्रा, नेपाल,* **कान्तिपुर पब्लिकेशन**, काठमाडौँ, २०४९ ।

नरेन्द्र चापागाइ : *प्रकाशकीय, देशदर्शन,* **पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगर**, २०४२ ।

निर्मोही व्यास : *नेपाली नियात्राहरूको अध्ययन।*

पूर्णप्रकाश नेपाली यात्री : *राजा गगनिराजको यात्रा,* **नेसनल रिसर्च एसोसिएट्स**, काठमाडौँ, २०३९ ।

प्रधान : *सिक्किम पुग्दाका कुराहरू हेर्दा,* **श्रमिक** (२०६७ जेठ ४) ।

बालकृष्ण पोखरेल : *यि नियात्राबारे,* **साझा प्रकाशन**, काठमाडौँ, २०३४ ।

भारद्वाज मित्र(15th Dec 2008) : *मोहन दुवालसँगै म पनि चीन, कोरिया गएँ,* **अविरल** ।

माजदा असद : *गद्यकी नई विधाओंका विकास।*

मोदनाथ अधिकारी(२०६५ चैत्र १०) : *दुवाल सबल नियात्राकार पो रहेछन्,* **सौर्य** ।

योगी नरहरिनाथ : *गोरखा लमजुङ रागिनासटारबाट सुरषेत आयेका पन्थहरुको वंशावली,* **इतिहास, प्रकाश संघ**, काठमाडौँ, २०१३ ।

रमण घिमिरे : *अनुभूति संगालो,* **नेपाल** (२०६७ भदौ १३)।

रघुवंश , यात्रा साहित्य ।

रमेश कुन्तल मेघ : *अन्य गद्य विधाएँ।*

राजाराम सुवेदी : *सुवेदीहरुका मूलको खोज।*

रामलाल अधिकारी : *नेपाली निबन्ध यात्रा,* **मेसर्स प्रिन्टेड**, पूर्व, सिक्किम, ई. १९९९

रामसुन्दर देउजा : *दुवालको चीन र उत्तर कोरियाको छमाइ,* **सु-सन्देश**(२०६५ मंसिर १९) ।

रामसुन्दर देउजा : *सिक्किम पुग्दाका कुराहरू, सँगै डुल्दा;* **सु-सन्देश** (२०६७ जेठ १२) ।

राजेन्द्र सुवेदीः *स्रष्टा सृष्टि : दृष्टा दृष्टि,* **साझा प्रकाशन**, काठमाडौँ, २०४९ ।

वासुदेव त्रिपाठी : *सैद्धान्तिक तथा ऐतिहासिक परिप्रेक्ष्यमा नेपाली यात्रा साहित्यको रुपरेखा* ।

विजय सागर : *चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण सरसर्ती हेर्दा,* **शब्द सिन्धु** (२०६७ वैशाख-जेठ-असार) ।

विजय सापकोटा : *प्रवासी जीवनसँग साक्षात्कार गरिएको कृति,* **अभिव्यक्ति** ( २०६७ कात्तिक-मंसिर) ।

विष्णुप्रसाद पौडेल : *मोहन दुवालका पाइलै पाइला,* **जूनकीरी साहित्यिक अभियान,** काभ्रे, (२०६७) ।

शेरसिंह राना : *मेरो लन्दन राजतिलक यात्रा,* ई. १९१३ ।

शोल्ज रबर्ट : *इलिमेन्ट अफ लिटरेचर,* **अक्सफोर्ड युनिभर्सिटी लण्डन**, ई. २००० ।

सुभद्रा अधिकारी : *मोहन दुवालका मुक्तकहरूको अध्ययन,* (२०६४) ।

सुविसुधा आचार्य : *किताब कुनो,* **राजधानी दैनिक**(२०६५ साउन २१) ।

सूर्य प्रसाद लाकोजू : *सिक्किम पुग्दाका कुराहरू: छोटो दृष्टि,* **खबर चौतारी** (२०६७ जेठ ९) ।

सृजना सैंजू : *सिक्किम पुग्दाका कुराहरू पढ्दा,* **मजदुर** (२०६७ जेठ ८) ।

# परिशिष्ट

## शोध नायक मोहन दुवालसँग लिइएको अन्तर्वार्ता

**१. तपाईंको जन्म र जन्मस्थानको बारेमा बताइदिनुहोस् न–**

*मेरो जन्म वि. सं. २००६ साल जेठ २१ गते बनेपा भोलाखाटोल, काभ्रेमा भएको हो ।*

**२. तपाईंको बाल्यकाल कहाँ र कसरी बित्यो ?**

*मेरो बाल्यकाल बनेपामा नै सरल ढङ्गले बित्यो ।*

**३. तपाईंले अक्षर आरम्भ कहाँ र कहिले गर्नुभयो ?**

*अक्षर आरम्भ घरमा भयो । २०१३ सालतिर आजाद मा. वि. बनेपामा कक्षा १ मा भर्ना भइयो ।*

**४. तपाईंको स्कुलको पहिलो दिनको अनुभव बताइदिनुहोस् न–**

*आफ्नै उमेर समूहका थुप्रै मित्रहरूसँग परिचय र देखादेख गर्न पाउँदा ज्यादै खुशी र मन प्रफुल्ल भयो ।*

**५. तपाईंलाई मन पर्ने विषय कुन हो र किन ?**

*समाजसेवा, शिक्षणसेवा, पत्रकारिता र साहित्य नै मेरो प्रिय विषय हुँदै आयो र अहिलेसम्म पछ्याइरहेको छु ।*

**६. तपाईंले साहित्यमा लाग्ने प्रेरणा कसरी पाउनुभयो ?**

*घरमा आइरहनुहुने साहित्यकारहरूको साहित्य सिर्जना सुनेर र दाजुहरू सबैजसो साहित्यिक सिर्जना, कृयाशीलतामा सक्रिय रहेकै कारणले ममा प्रेरणा थपिँदै गयो ।*

**७. हालसम्म तपाईंले भ्रमण गर्नुभएका स्थानहरू कुन–कुन हुन् ?**

*चीन, उत्तर कोरियाका राजधानी र केही नगरहरू । भारतका सबैजसो प्रान्तहरू । नेपालका चौध अञ्चलमा पाइला टेक्न पाएको छु ।*

**८. समाजसेवा गरेर तपाईंले के पाउनुभयो ?**

*अविस्मरणीय हुने खालको नाम पाएँ । समाजले आदरपूर्वक सम्मान दियो । मनमा सन्तुष्टिका उर्जा झुल्यो ।*

**९. बामपन्थी राजनीतिमा लाग्नुको कारण के हुनसक्छ ?**

***बहुजन हिताय, बहुजन सुखायकै*** *सम्मोहनमा परेर मार्क्सवाद मेरो प्रिय दर्शन बन्यो । यही दर्शनबाट प्रभावित भएर कम्युनिष्ट पार्टीमा लागेको विगत इतिहास नै राजनीति पृष्ठभूमि हो । अहिले साहित्य मन पराएर राजनीतिलाई एकातिर थन्क्याई दिएको छु ।*

**१०. तपाईंलाई सबभन्दा बढी मनपर्ने साहित्यिक विधा कुन हो ?**

*आत्म संस्मरण, नियात्रा अन्तर्गतका निबन्धहरू । गद्य कविताका मानवीय संवेदनाका हरफहरू ।*

**११. साहित्यिक पत्रिकाको सम्पादन गर्ने प्रेरणा कोबाट पाउनुभएको हो ?**

*घरमा साहित्यिक पत्रकारहरू आइरहने त्यसमध्ये भानु (मासिक) का भवानी घिमिरे "**भानु**" बोकेर घरमा आइरहने कारण पनि मेरो साहित्यिक पत्रिकाको सम्पादक बन्ने रहर मनमा टाँसियो । दाजुहरू हरिप्रसाद दुवाल र कृष्णप्रसाद दुवालले २०१६ सालतिर "**चिराक**" मासिक साहित्यिक पत्रिका निकालेकोले त्यसबाट पनि प्रेरणा प्राप्त भयो ।*

**१२. नेपाली भाषा साहित्यमा कुन विधा बढी चर्चित छ ?**

*उपन्यास, आत्मसंस्मरण र कविता विधा नै चर्चित रहेको देखिन्छ ।*

**१३. अहिले नेपाली भाषा साहित्यको स्थिति कस्तो रहेको छ ?**

*प्रगतिको रफ्तारमा कुद्दो छ । नयाँ-नयाँ प्रयोग भएको साहित्यिक स्थिति छ ।*

**१४. नेपाली साहित्यलाई विश्व साहित्यको दाँजोमा पुऱ्याउन के–के गर्नुपर्ला जस्तो लाग्छ ?**

*लेखनमा कला-शिल्पको उच्चता रहनुका साथै दृष्टि-बिम्बमा नयाँपन भएपछि मात्र त्यस्तो साहित्यले विश्वमा प्रभाव पार्न सक्छ जसको लागि अंग्रेजी भाषाको रूपान्तरण पनि आवश्यक हुन्छ ।*

**१५. नेपाली साहित्यमा मन परेका कवि, कथाकार, निबन्धकार, उपन्यासकार, समालोचक, नियात्राकारहरूमा क–कसको नाम लिनुहुन्छ ?**

*कविहरूमाः देवकोटा, सिद्धिचरण, भूपि शेरचन, वासुशशी । कथाकारहरूमाः गुरुप्रसाद मैनाली, रमेश विकल, परशु प्रधान, खगेन्द्र संग्रौला । निबन्धकारहरूमाः हृदयचन्द्रसिंह प्रधान, शंकर लामिछाने, कृष्णचन्द्र प्रधान । उपन्यासकारहरूमाः पारिजात, दौलतविक्रम विष्ट, डा. ध्रुवचन्द्र गौतम । समालोचकहरूमाः तारानाथ शर्मा, गोविन्द भट्ट । नियात्राकारहरूमाः जनकलाल शर्मा, लैनसिंह बाङ्गदेल आदि ।*

**१६. नेवारी भाषाको मन पर्ने कृति कुन हो ?**

*चित्तधर हृदयद्वारा रचित महाकाव्य "**सुगत सौरभ**", धर्मरत्न यमिका "**सँदेया लिसः**" ( खण्डकाव्य), दुर्गालाल श्रेष्ठका "**झसुका**" (प्रेम काव्य)*

**१७. आफू नेवारी भाषी भएकाले नेपाल भाषा साहित्यको भविष्य कस्तो देख्नुभएको छ ?**

*पंचायतकालमा ओझेलमा पार्दै लगेको यो भाषाको भविष्य अहिलेको गणतान्त्रिक वातावरणमा सुदृढ, प्रगतिउन्मुख र सुन्दर भाषा-साहित्यको रूपमा विकास गर्न सकिने अवस्था छ । यसबारे भाषासेवीहरूले गम्भीर भएर सोच्ने गर्नुपर्छ ।*

**१८. नेपाल भाषा साहित्यलाई जोगाइराख्न के–के गर्नुपर्ला जस्तो लाग्छ ?**

– *भाषालाई बोलीचालीमा प्रयोग गरिरहनुपर्छ ।*

– *स्कुल, कलेजमा यस भाषाको अध्ययन गर्ने जनशक्ति बढाउनुपर्छ ।*

– *आवश्यक कृतिहरूको प्रकाशन भइरहने वातावरण बनाई दिनुपर्छ ।*

– *नेपाल भाषाका उत्कृष्ट ग्रन्थहरूलाई अन्य भाषामा उल्था गर्ने सोच बनाउनुपर्छ ।*

**१९. नेपाल भाषा पढाउने विभिन्न कलेजहरू स्थापना भएका छन् तर ती कलेजमा नेपाल भाषा पढ्ने विद्यार्थीहरू ज्यादै न्यून देखिन्छन् किन होला ?**

*सबै कारोबार लगायत विद्यालय, क्याम्पसमा समेत यस भाषाको प्रयोग नहुँदा आफू कमजोर हुने डरले नेपालभाषा पढ्ने विद्यार्थीहरू न्यून रहेको हो । यसैगरी पहिलेदेखिको दास-मानसिकताले गर्दा कार्यालयहरूमा समेत नेवार-नेवारबीचमा नेपालभाषा बोल्न संकोच मान्ने प्रवृत्तिले गर्दा, घरमा नेवारी भाषाको सट्टा नेपाली भाषाको प्रचलनले गर्दा, एकठाउँबाट अर्को ठाउँमा जाँदा, कारोबार गर्दा नेपाली बोल्ने चलनले स्कुल-कलेजमा नेपालभाषा पढ्ने विद्यार्थीहरू न्यून देखिएको हो । यस प्रवृत्तिको विरूद्धमा अभियान संचालन गर्नु आजको अपरिहार्यता हो ।*

**२०. तपाईंको विचारमा साहित्य के हो ?**

*साहित्य दृष्टि हो र दृष्टि पछिको सृष्टि हो । मनोरम विचार दृष्टि संप्रेषित तुल्याउन सकिने सुन्दर शैली र अभिव्यक्ति पनि साहित्य हो ।*

**२१. नियात्रा लेख्ने प्रेरणा कहाँबाट पाउनुभयो ?**

*यात्रामा लाग्दाका अनुभूतिहरू मनमा संगाल्दा र ती अनुभूतिहरूलाई शब्द-शैलीमा अभिव्यक्ति पोख्ने मन र दृष्टिबाट नै नियात्रा लेख्ने प्रेरणा पाएँ ।*

**२२. नियात्रालाई कसरी बुझ्नुभएको छ ?**

*जीवनका यात्राहरूलाई लिपिवद्ध गर्न सकिने सुन्दर विधाका रूपमा नियात्रालाई बुझ्ने गर्छु । जीवन नियात्रा न हो, त्यसको टिपोट लिपिवद्ध गर्ने दृष्टि हो "**नियात्रा**" ।*

**२३. राम्रो नियात्रामा हुनुपर्ने महaवपूर्ण कुराहरू के के हुन् ?**

*ठाउँको कलात्मक वर्णन । घटना-दृष्टिको कथात्मक पटाक्षेप । सुन्दर कुराहरूको सूक्ष्म अध्ययन र अभिव्यक्ति ।*

**२४. तपाईंले हालसम्म कति वटा नियात्रा कृतिहरूको रचना गर्नुभएको छ ?**

*(१) **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** र (२) **सिक्किम पुग्दाका कुराहरू** दुईवटा पुस्तकहरू प्रकाशित छन् । थुप्रै ठाउँमा पुगेका नियात्राका निबन्धहरू अनेक शीर्षकमा पत्र-पत्रिकाहरूमा प्रकाशित छन् ।*

**२५. तपाईंका नियात्राले समेट्न खोजेका मुख्य मुख्य कुराहरू छोटकरीमा बताइदिनुहुन्छ कि ?**

- *आफू पुगेको ठाउँको वर्णन ।*
- *आफूसँग हिंड्दाका मित्रहरूको स्वभावको वर्णन ।*
- *बिताइएका क्षणहरूको डायरी-अंशहरू ।*
- *राम्रो र सुन्दर कुराहरूको पटाक्षेप ।*
- *खराब र नराम्रो चालचलनहरूको विरोधमा अक्षर-अंशहरू आदि/आदिहरू मेरा नियात्राले समेट्न खोजेका मुख्य-मुख्य कुराहरू हुन् ।*

**२६. तपाईंको विचारमा नियात्रा कस्तो हुनुपर्छ भन्ने लाग्दछ ?**

*नियात्रामा सङ्क्षेपमा व्यक्ति, ठाउँ, घटना-प्रसङ्गको पटाक्षेप गरिदिनुपर्छ । अनावश्यक गनथन होइन नियात्रा । शब्द-शैलीको चलखेल मात्र पनि होइन नियात्रा । नियात्रा भनेको लेखकको अनुभूतिको सारपूर्ण यात्रा वर्णन हुनुपर्छ ।*

**२७. तपाईं आफूलाई कस्तो नियात्राकारको रूपमा चिनाउन चाहनुहुन्छ ?**

*देखेको, भोगेको, अनुभूत गरेको तथ्य सत्यहरूलाई नलुकाइकन लेख्ने नियात्राकारका रूपमा चिनाउन चाहन्छु ।*

**२८. समसामयिक नियात्राकारहरूका सापेक्षतामा तपाईं आफूलाई कुन किसिमको नियात्राकार हुँ भनी भन्नु हुन्छ ?**

*यसको जवाफ समिक्षकहरू अन्वेषकहरूले दिनेछन् । म आफूलाई साधारण नियात्राकारका रूपमा पेश गर्न चाहन्छु ।*

**२९. के अहिले नेपाली साहित्यमा देखिएका नियात्राहरू वास्तविक रूपमा नै नियात्रा हुन् भन्ने लाग्छ ?**

*जनकलाल शर्मा, डा. तारानाथ शर्मा, मञ्जुल लगायतका थुप्रै नियात्राहरू पढ्न पाएको छु । आ-आफ्नो ढङ्ग र रङ्ग सबैको लेखाइमा छन् - नेपाली साहित्यमा देखिएका नियात्राहरूमा वास्तविक रूपका नियात्राहरू पनि थुप्रै छन् ।*

**३०. निबन्ध र नियात्रामा के अन्तर पाउनुहुन्छ ?**

*विषयगत आत्मस्विकृतिको अक्षरशैली निबन्ध भए जस्तै नियात्रामा समय सापेक्ष समय, ठाउँ, व्यक्तिको पटाक्षेप हुने भएकोले आ -आफ्नो ढङ्गका अन्तरहरू छन् ।*

**३१. नियात्रा साहित्यलाई निबन्ध कै उपविधाका रूपमा लिने हो कि वा यसलाई छुट्टै विधागत मान्यता दिइनु पर्दछ ?**

*निबन्धकै शैलीमा लेखिने विधा भएकोले निबन्ध विधामा समेट्दा आपत्ति नलाग्ने जस्तो देखिए तापनि यस नियात्रालाई छुट्टै विधागत मान्यता दिंदा उपयुक्त जस्तो लाग्छ ।*

**३२. तपाईंले चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण भन्ने नियात्रा कृति प्रकाशन गर्नु भयो, यो कृति लेख्ने प्रेरणा र प्रभाव कसबाट पाउनुभयो साथै यस कृतिभित्र ताaवीक रूपमा तपाईंले के कुरा दिन खोज्नु भएको छ स्पष्ट पारीदिनुहुन्छ कि ?**

*गएको ठाउँको शब्द-चित्र कोरौं जस्तो लाग्यो; कोरें डायरीमा । हिंड्दा, बस्दा, घुम्दा, गोष्ठिमा सामेल हुँदाका कुराहरू लेख्न मन लाग्यो; लेखें नियात्रामा । चीन र उत्तर कोरियाको मनस्थिति फरक परेको देखें- चीनको उन्नति र उत्तर कोरियाको देशभक्तिको चर्चा गर्दै अलिक खुकुलो बन्नुपर्ने हो कि उत्तर कोरिया नत्र विश्वको आँखाबाट सधैं ओझेल परिरहनुपर्ने वाध्यता स्विकार्नुपर्ने हो कि त्यही कुरालाई मुख्य रूपमा लेख्न खोजेको छु ।*

**३३. तपाईंले सिक्किम पुग्दाका कुराहरू भन्ने नियात्रा कृति प्रकाशन गर्नुभयो, यो कृति लेख्ने प्रेरणा र प्रभाव कसबाट पाउनुभयो साथै यस कृतिभित्र ताaवीक रूपमा तपाईंले के कुरा दिन खोज्नु भएको छ स्पष्ट पारीदिनुहुन्छ कि ?**

*आफैं मनले लेख्न कुत्कुत्यायो-लेखें नियात्रा । दार्जिलिङबाट सिक्किम पुग्दाका साहित्यिक कार्यक्रमहरूको झझल्कोहरू पेश गर्नुका साथै साहित्यकार भई घुम्दाका मनोरम क्षणहरू यसमा समेट्न पाएको छु । डायरी टिपोट, नियात्रा जे भनौं मेरो यात्राको वर्णन हो यो पुस्तक ।*

## भारती श्रेष्ठसँग लिइएको अन्तर्वार्ता

**१. मोहन दुवालसँग तपाईंको चिनजान कहिलेदेखि भएको हो ?**

*उहाँसँग मेरो चिनजान २०३४ सालतिर भएको हो । मेरा बुबाका साथीहरू दाइ निनु चापागाईं र दिदी इन्दिरा दलीसँग उहाँ हाम्रो घरमा आउनु भएको थियो । त्यसबेला परिचय भएको मलाई याद छ ।*

**२. आफ्नो श्रीमान् साहित्यिक व्यक्तित्व हो भनेर थाहा पाउँदा कस्तो अनुभव भयो ?**

*श्रीमान् साहित्यिक व्यक्तित्व भनेर थाहा पाउँदा निकै गौरवको अनुभव भयो ।*

**३. तपाईंले पनि कविताहरू लेख्नुभएको छ, कसको प्रेरणाबाट लेख्नु भएको हो ?**

*मैले उहाँकै प्रेरणाबाट केही कविताहरू लेखेकी थिएँ ।*

**४. तपाईंलाई मोहन दुवालको सबैभन्दा मनपर्ने साहित्य कुन हो ?**

*मलाई उहाँको सबै लेखन मन पर्छ । त्यसमा पनि एकै पल्ट पढ्न सिद्धाएको र मन परेको पुस्तक हो,* **"चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण"** *।*

**५. मोहन दुवालको मनपर्ने र मन नपर्ने बानीको बारेमा बताइदिनुहोस् न –**

*आफूले आँटेको काम पूरा गरिछाड्ने र संघर्ष र अभावसँग कहिल्यै नडराउने उहाँको बानी र स्वभाव मन पर्छ । चुरोट खाने उहाँको बानी मलाई पटक्कै मन पर्दैन थियो तर अहिले चाहिं छोड्नु भएको छ ।*

**६. मोहन दुवाललाई असाध्यै मनपर्ने खाना के हो ?**

*उहाँलाई मन पर्ने खानामा दालभातका साथै विभिन्न मासुका परिकारहरू ।*

**७. मोहन दुवालको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?**

*उहाँ निरन्तर साहित्य सेवामा समर्पित व्यक्तित्व हुनुहुन्छ । उहाँको यात्रा गरिमामय छ ।*

## शोधनायक मोहन दुवालका विषयमा रामप्रसाद ज्ञवालीसँग लिइएको अन्तर्वार्ता

**१. तपाईंले मोहन दुवाललाई कहिलेदेखि कुन रूपमा चिन्नुभएको हो ?**

*म उहाँलाई २०४८–२०४९ सालदेखि चिन्छु । त्यतिखेर उहाँ जनपक्षीय साहित्यिक पत्रकार, प्रगतिशील कवि र कम्युनिष्ट विचारधारा बोकेको बौद्धिक व्यक्तिTवका रूपमा परिचित हुनुहुन्थ्यो । पछि उहाँसँगको सामीप्य बढ्दै जाँदा उहाँलाई जुझारू र समाजसचेत स्रष्टा र द्रष्टाका रूपमा पाएँ भने मिलनसार, सक्रिय, समन्वयकारी तथा हक्की साहित्यकारका रूपमा चिन्दै आएको छु ।*

**२. तपाईंलाई मोहन दुवालको सबभन्दा मनपर्ने विधा कुन हो ?**

*साहित्यिक पत्रकारिता । उहाँका व्यक्तित्वका पाटा धेरै छन्–कवि, निबन्धकार, राजनीतिक कार्यकर्ता, पत्रकार, सङ्गठक, उत्प्रेरक, शिक्षक आदि । सबै व्यक्तित्वमा उहाँ प्रगतिशील देखिनुहुन्छ तथापि नेपाली समाज, नेपाली भाषा, साहित्य र तिनको विकासनिम्ति उहाँले साहित्यिक पत्रकारिताका माध्यमले गर्नुभएको योगदान सर्वोपरि छ ।* ***जनमत साहित्यिक मासिक*** *मार्फत देश–विदेशमा विस्तारित उहाँको व्यक्तित्व विशेष प्रशंसनीय छ ।*

**३. तपाईं मोहन दुवालका साहित्यमा कुन–कुन कुरा पाउनु हुन्छ ?**

*मोहन दुवालको साहित्य जनपक्षीय साहित्य हो । उहाँले आफूले हात हालेका साहित्यिक विधाहरूमा नेपाली समाजका यथार्थ र सर्वसाधारण नेपालीका चासोहरूलाई समेट्ने प्रयत्न गर्नुभएको छ । तिनमा वर्गीय पक्षधरता छ र अग्रगामी विचारले अन्तर्वस्तुको प्रतिनिधित्व गरेको छ । समाजका उत्पीडित वर्गको न्यायपूर्ण मुक्ति र उत्पीडक वर्ग विरूद्धको चेतना सम्प्रेषण नै उहाँका रचनाको केन्द्रीय कथ्य बनेको छ । मानवीय मूल्य र श्रमको सौन्दर्य उहाँका प्रिय भाव बनेका छन् । भाषामा सरलता र शैलीमा सहजता उहाँको साहित्यका बाह्य सौन्दर्य देखिन्छन् ।*

**४. तपाईंलाई मोहन दुवालका नियात्रात्मक कृति कस्ता लाग्छन् ?**

*उहाँका नियात्रात्मक कृति उहाँले गरेका विभिन्न यात्राका क्रममा बाहिरबाट सरसरती देखा परेका दृश्य र जीवन तथा त्यहाँ रहँदा–बस्दा सम्पर्कमा आएका व्यक्ति तथा कृतिबाट प्राप्त गरेका सूचनामा आधारित र वर्णनात्मक स्वरूपका छन् । वर्णनका क्रममा जीवनस्थिति र दृश्यहरूले बढी स्थान पाएका छन् भने ती कुराप्रतिको लेखकीय बोध र टिप्पणीले पनि*

*स्थान पाएको देखिन्छ । मोहन दुवालका नियात्राहरू मोहन दुवालजस्तै छरिता, सरल, सहज र यथार्थपरक लाग्दछन् ।*

**५. मोहन दुवाललाई नियात्राकार भन्न मिल्ने केहि कुराहरू बताइदिनु हुन्छ कि ?**

*देश–विदेशका विभिन्न स्थानहरूको यात्रा गर्दै र ती स्थान तथा त्यहाँका भौगोलिक, सामाजिक, सांस्कृतिक तथा अन्य पक्षसँगको साहचर्य बढाउँदै बोध गरेका तथ्यपरक कुराहरूलाई आत्मरागका साथ साहित्यमा व्यक्त गर्ने कार्य नियात्रापरक रचनामा हुन्छ । मोहन दुवालले त्यही कार्य गर्नु भएको छ । खास गरी उहाँले चीन, उत्तर कोरिया, भारत जस्ता विदेशी भूमिको भ्रमण बारे सूचना र बोधपरक वर्णन गर्दै नियात्राहरू लेख्नुभएको छ । उहाँ अनावश्यक हावादारी कल्पना गरेर रोमान्टिक नियात्रा लेख्ने नियात्राकार नभएर देखेसुनेका र भएगरिएका वास्तविक कुरालाई निजी बोधका साथ व्यक्त गर्ने नियात्राकार हुनुहुन्छ ।*

**६. मोहन दुवालले आफ्ना नियात्रामा कस्ता–कस्ता विषय समेटेका छन् ?**

*यथार्थपरक सामग्री वा वस्तुलाई सरलसहज भाषाशैलीमा वर्णनात्मक ढङ्गले प्रस्तुत गर्नु नियात्राकार मोहन दुवालको मूल प्रवृत्ति हो । उहाँका नियात्राको पहिलो प्रवृत्ति यही नै हो । अन्य प्रवृत्तिहरूमा नियात्रा लेख्दा पनि राष्ट्रिय चिन्ता र चासोका कुरा गर्नु, अन्य देशका विभिन्न अवस्थासँग नेपालको अवस्थाको तुलना गर्नु मन परेका दृश्य, अवस्था र कुराको वर्णन गर्दै मन पर्नुका कारणहरू सङ्केत गर्नु, चित्त नबुझेका कुरा स्पष्ट रूपमा आलोचनात्मक ढङ्गले प्रस्तुत गर्नु, आफू नेपाली नागरिक भएको कुरा नबिर्सी रचना गर्नु, सामान्य पाठकले पनि सजिलै बुझ्ने भाषाको प्रयोग गर्नु आदि पर्छन् ।*

**७. मोहन दुवालको चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण नियात्राले दिन खोजेको मुख्य कुराहरू संक्षेपमा बताइदिनुहुन्छ कि ?**

*चीन नेपालको छिमेकी र विश्वको ठूलो शक्तिराष्ट्र हो भने उत्तर कोरिया विश्वका पूँजीवादी–साम्राज्यवादी राष्ट्रहरूका लागि टाउकोदुःखाइ बनेको सङ्गठित कम्युनिष्ट राष्ट्र हो । यी दुवै मुलुक मार्क्सवादी राजनीतिद्वारा निर्देशित तर भिन्न स्वरूपमा गतिशील मुलुक हुन् । यी मुलुकमा लागू भएको व्यवस्था र विचारधारासँग नियात्राकार मोहन दुवाल वैचारिक रूपमा नजिक हुनुहुन्छ । त्यसैले सैद्धान्तिक रूपमा यी राष्ट्रप्रति सहानुभूति, प्रेम र समर्थन गरी नियात्रा रचना गर्नुभएको देखिन्छ भने उत्तर कोरियाको एकलकाँटे यात्राप्रति केही*

*असहमतिका स्वर पनि प्रस्तुत गर्नुभएकोपाइन्छ । विश्वराजनीतिमा र भौतिक विकासमा चीनले गरेको चमत्कारपूर्ण प्रगतिप्रति उहाँलाई गौरवबोध भएको पनि देखिन्छ । उत्तर कोरियाको भ्रमणका बारेको नियात्राले नेपालका कम्युनिष्ट पार्टीहरूलाई सतर्क भएर राजनीति गर्न र विश्वसँग टाढिएर नभई सामीप्य बढाएर नेपाली जनताको पक्षमा राजनीति गर्न सन्देश दिएको छ ।*

**८. मोहन दुवालको सिक्किम पुग्दाका कुराहरू नियात्राले दिन खोजेको मुख्य कुरा संक्षेपमा बताइ दिनुहोस् न –**

*सिक्किम नेपाली साहित्यकारका निम्ति भूगोलले विदेश हो भने भाषा र भावनाले स्वदेश जस्तै हो । असल नेपाली साहित्यकारले सिक्किमेलीबाट माया पाए जस्तै त्यहाँ पुग्दा नियात्राकार दुवालले पनि आत्मीयता र माया पाउनु भयो । उहाँले त्यहाँ नेपाली भाषा र साहित्यप्रति प्रगाढ प्रेम पाउनु भयो । त्यहाँको भूगोल पनि नेपालसँग मिल्दो देख्नुभयो । त्यहाँको इतिहास र संस्कृतिका विभिन्न आयामसँग परिचित हुनुभयो र त्यही ज्ञान, बोध र प्रसन्नता उहाँले नियात्रामार्फत प्रस्तुत गर्नुभएको छ । यस नियात्रा मार्फत उहाँले सिक्किमप्रतिको प्रेम, राष्ट्रियता, कलाको सार्वभौमिकता, नेपाली हुनुको गर्वबोध, भाषा–साहित्यप्रतिको प्रेम र जिम्मेवारीका पक्षमा सन्देश दिन खोज्नुभएको छ ।*

## शोधनायक मोहन दुवालका विषयमा हरि मञ्जुश्रीसँग लिइएको अन्तर्वार्ता

**१. तपाईंले मोहन दुवाललाई कहिलेदेखि कुन रूपमा चिन्नुभएको हो ?**

*मोहन दुवालसँग मेरो चिनजान भएको मिति मलाई सम्झना छैन । रत्ननिधि रेग्मी मसँग बेलाबखत मोहन दुवालको चर्चा गर्नुहुन्थ्यो र म उहाँमार्फत् नै* ***जनमत*** *पढ्न पाउँथेँ । मेरो कविता* ***जनमत****मा छापिएपछि मात्रै मोहन दुवालसँग मेरो चिनजान भएको हो । मैले उहाँलाई पहिले साहित्यिक पत्रकार र कविका रूपमा चिनेको हुँ ।*

**२. तपाईंलाई मोहन दुवालको सबभन्दा मनपर्ने विधा कुन हो ?**

*मोहन दुवालले विभिन्न विधामा साहित्यिक सिर्जना गर्नुभएको छ र हरेक विधामा उहाँ सफल मानिनुहुन्छ, तर उहाँको आलोचना विधा अरू विधाभन्दा बढी बलियो छ जस्तो मलाई लाग्छ । किनभने त्यस विधामा उहाँका विचारहरू स्पष्ट रूपमा आएका हुन्छन् । उहाँलाई कविका रूपमा बढी चिनिए पनि आलोचना गर्दा उहाँ सिधासिधै विचार व्यक्त गर्नुहुन्छ । यो नै उहाँको सबल पक्ष हो भन्ने म ठान्छु ।*

**३. तपाईं मोहन दुवालका साहित्यमा कुन–कुन कुरा पाउनु हुन्छ ?**

*मोहन दुवालका साहित्यिक सिर्जनामा पाइने प्रमुख कुरा तीनवटा छन् -(क) सामान्य पाठकले मन पराउने वैचारिकता । त्यो वैचारिकता पहिले कमजोर शिल्पपक्षको हुन्थ्यो, अचेल प्रतीकहरूले छोपिएको र घुमाउरो हुन्छ । उहाँका कविताहरूले यसलाई पुष्टि गर्दछन् । (ख) समाजोपयोगी सामयिक चिन्तन । यस्तो चिन्तन सामयिक परिवर्तन अनुसार परिवर्तित भइरहेको हुन्छ ।* ***जनमत****का सम्पादकीय र फुटकर लेखहरूले यस कुरालाई पुष्टि गर्दछन् । (ग) समन्वयप्रेरित पृथकता । कसैलाई निषेध नगरी उहाँ पृथक्ताको बोध गराउनुहुन्छ, तर त्यसबाट समन्वयतर्फ प्रेरित पनि गराउनुहुन्छ । उहाँका संस्मरण र नियात्राहरूबाट यो स्पष्ट हुन्छ ।*

**४. तपाईंलाई मोहन दुवालका नियात्रात्मक कृति कस्ता लाग्छन् ?**

*मोहन दुवालका नियात्रात्मक कृतिहरू म मन पराउँछु । किनभने यात्राक्रममा जे देखियो र जे भोगियो, त्यसलाई जटिलतातिर नलगीकन नै उहाँ यात्रासंस्मरण लेख्नुहुन्छ । देशबाहिरको यात्रावृत्तान्तमा आफ्नो देशको प्रसङ्ग र देशभित्रको यात्रावृत्तान्तमा देशकै अर्को कुनै भूभागको प्रसङ्ग जोडेर सम्बन्धित विषयमा कमजोर देखिएको देश या भूभागलाई त्यस विषयमा सबल बनाउने चाहना उहाँ प्रकट गर्नुहुन्छ ।*

**५. मोहन दुवाललाई नियात्राकार भन्न मिल्ने केही कुराहरू बताइदिनु हुन्छ कि ?**

*मोहन दुवालले यात्रासंस्मरणहरू लेख्नुभएको छ र ती संस्मरणहरू आत्मकथामा लेखिने खालका वृत्तान्तभन्दा फरक खालका छन् । यात्रा गरेको स्थल, यात्राको परिवेश र यात्रा गर्दाको विवरणलाई केन्द्रिय स्थान दिई आफ्ना भोगाइहरूभित्रै तुलना गरी लेखिएका हुनाले उहाँलाई नियात्राकार भन्न सकिन्छ भन्ने म ठान्छु ।*

**६. मोहन दुवाल कस्ता प्रवृत्तिका नियात्राकार हुन् ?**

*मोहन दुवालको नियात्रात्मक मूल प्रवृत्ति भनेको सामान्य मानिने कुराहरूबाट पनि छोइएर त्यसलाई आफूले भोगेको परिवेशसँग दाँजी आफूलाई छुने विषयको गहिराइसम्म पुग्नु र त्यसको कारण पत्ता लगाई त्यसप्रतिको विचार प्रकट गर्दै सकारात्मकतातर्फ दिशानिर्देश गर्नु हो भन्ने मलाई लाग्छ ।*

**७. मोहन दुवालले आफ्ना नियात्रामा कस्ता–कस्ता विषय समेटेका छन् ?**

*मोहन दुवालको नियात्रामा कोरा यात्रावर्णन मात्र छैन, तिनले राजनीतिक, भौगोलिक, आर्थिक, सामाजिक, सांस्कारिक र साहित्यिक विषयहरूलाई पनि छोएका छन् । लोकवार्तासम्बन्धी पक्षलाई कम ध्यान दिएर उहाँले भेटघाट, कार्यक्रम, अन्तर्विमर्श, विचार-विनिमय र उल्लिखित विविध विषयहरूबीच तुलनात्मक अध्ययन गर्ने गर्नुभएको छ ।*

**८. मोहन दुवालको चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण नियात्राले दिन खोजेको मुख्य कुराहरू संक्षेपमा बताइदिनुहुन्छ कि ?**

***चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** मा मैले देखेका कुराहरू यी हुन् -(क) नेपाल, चीन र उत्तर कोरियाबीचको जनस्तरीय भावनात्मक सम्बन्धको खुलासा, (ख) नेपालमा उत्तर कोरियाप्रति रहेको भ्रम र यथार्थको चित्रण, (ग) बाह्य शक्तिका कारण एउटै मुलुक विखण्डित हुँदाको पिडा बुझेर गरिएको अभिव्यक्ति, (घ) आफ्नो मुलुकलाई आफ्नै तागतले मात्रै पनि कतिसम्म उन्नत बनाउन सकिने रहेछ भन्ने कुराको उदाहरणको प्रस्तुति, (ङ) भावनात्मक ऐक्य हुँदाहुँदै पनि लोकजीवनको पृथकताको चित्रण ।*

**९. मोहन दुवालको सिक्किम पुग्दाका कुराहरू नियात्राले दिन खोजेको मुख्य कुरा संक्षेपमा बताइ दिनुहोस् न –**

*मोहन दुवालको **सिक्किम पुग्दाका कुराहरू** भित्र मैले निम्नलिखित कुराहरू पाएको छु - (क) सिक्किमको भाषिक र सांस्कृतिक मोह, साहित्यिक र साङ्गीतिक प्रेम, जातिगत एकताको*

*भावना, मौलिक नेपालीपन आदिबारेको जानकारी, (ख) लोकजीवन, लोकसंस्कार, अतिथिप्रेम जस्ता विषयहरूमा नेपाली संस्कारलाई सिक्किमले जोगाइराखेको उदाहरणको प्रस्तुति, (ग) नेपाल र सिक्किमबीचका समानता र असमानताका प्रसङ्गहरू, (घ) आफ्नो स्वतन्त्र चरित्र गुमाउनुपर्दाको मानसिक पीडा र चरित्र गुमाएबापत प्राप्त भएको भौतिक समृद्धितर्फको यात्राबीचको अन्तर्द्वन्द्वको सूक्ष्म मूल्याङ्कन, (ङ) नेपाली र सिक्किमे समाजमा पुस्तान्तरका कारण देखापरेका प्रतिक्रियाहरू ।*